साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क २१ ✪ २ असार २०८३, मङ्गलबार ✪ 16 June 2026, Tuesday ✪ मूल्य रु. १०/-

# उपद्रोबाट उदाएको सरकारबाट देश हितको अपेक्षा नगर्ने

भक्तपुर। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले भदौ २३ र २४ गतेको घटनालाई देशी तथा विदेशीको नियोजित उपद्रो बताउनुभएको छ। पार्टीको कर्णाली प्रदेश समितिले जेठ २६ गते आयोजना गरेको अनलाइन प्रशिक्षण कार्यक्रममा बोल्दै अध्यक्ष बिजुक्छेंले त्यो उपद्रोलाई आन्दोलनको नाम दिइएको उल्लेख गर्नुभयो।

शिक्षा र स्वास्थ्यमा जनतालाई सहुलियत दिनुपर्थ्यो भन्दै अध्यक्ष बिजुक्छेंले वर्तमान सरकार पनि प्रतिक्रियावादी नै भएको भनाइ राख्नुभयो। पुँजीवादी निर्वाचनमा हुने सबैखाले तिकडम काम हुनुमा कुनै आश्चर्य नभएको भन्दै उहाँले देश एक किसिमले गञ्जागोलको अवस्थामा रहेको विचार राख्नुभयो। उहाँले वर्तमान अर्थमन्त्रीले विगतमा एउटा पार्टीको घोषणापत्र लेखे तर निर्वाचनमा अर्कै पार्टीमा लागेको विश्वासघात थियो भन्नुभयो। उहाँले भन्नुभयो, 'त्यस्तोले देशलाई पनि धोका दिन बेर छैन। देशको हितमा काम हुने आशा गर्न सकिन्न।' चीनबाट सस्तो बिजुलीको गाडी ल्याउन नदिने जालसाजी भइरहेको भन्दै उहाँले विदेशी शक्तिबाट सञ्चालितहरूबाट देशको हित हुँदैन भन्नुभयो।

परराष्ट्र मन्त्रीले पहिलाको झोला बोकिदन भन्नुको अर्थ पहिलाको निर्णय मान्दिनँ भनेको हो भन्दै अध्यक्ष बिजुक्छेंले देश कसैको व्यक्तिगत होइन, मनपरि बोल्न पाइँदैन भन्नुभयो। विगतमा आन्दोलनहरू भए, सरकारहरू बने र भत्किए तर नेमकिपा सरकारमा गएन भन्दै उहाँले नेमकिपा पुँजीवादी सरकारमा गए पनि राम्रो काम गर्न सकिन्न भन्ने कुरा निश्चित थियो भन्नुभयो। उहाँले भन्नुभयो, समाजवादी क्रान्ति नभएसम्म राम्रो हुन्न। उहाँले पुराना पार्टीका नेताहरूमा मन्त्री बन्ने मनमा रहेसम्म उनीहरूले केही गर्न नसक्ने बरु जनताको सेवा गर्ने उद्देश्य राख्नुपर्छ भन्नुभयो।

*बाँकी पृष्ठ १२ मा*

# अध्ययनमा समर्पित भई जिम्मेवार नागरिक बन्न विद्यार्थीलाई बिजुक्छेंको सुझाव




भक्तपुर। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय र शारदा क्याम्पस माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०८३/८४ मा कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम जेठ २९ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुरलाई शैक्षिक गन्तव्यका रूपमा रोजेका विद्यार्थीहरूलाई आफ्नै घर सम्झेर ख्वपमा अध्ययन गर्न आग्रह गर्नुभयो। उहाँले विद्यार्थीहरूलाई अध्ययनप्रति समर्पित भई देश र समाजको आवश्यकताअनुसार दक्ष, अनुशासित र जिम्मेवार नागरिक बन्न आग्रह गर्नुभयो।

अध्यक्ष बिजुक्छेंले विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्र प्राप्तिमा मात्र सीमित नभई आफ्नो सर्वाङ्गीण विकासमा ध्यान दिन आग्रह गर्दै ख्वप शिक्षालयहरू नाफा कमाउने उद्देश्यले सञ्चालन नभएको स्पष्ट पार्दै यहाँका शिक्षक तथा कर्मचारीहरू देशको भविष्य निर्माण गर्ने जिम्मेवारीका साथ समर्पित भएर काम गरिरहेको बताउनुभयो। उहाँले ख्वप सर्कलले गुणस्तरीय, व्यवहारिक र समाजप्रति उत्तरदायी शिक्षा प्रदान गर्दै आएको उल्लेख गर्नुभयो।

अध्यक्ष बिजुक्छेंले ख्वप सर्कल सञ्चालक समितिले विद्यार्थीहरूको समस्या, आवश्यकता र सुझावलाई गम्भीरतापूर्वक बुझेर काम गर्नुपर्ने बताउँदै देशका विभिन्न जिल्लाबाट अध्ययनका लागि आएका विद्यार्थीहरूसँग कलेजमा कार्यरत कर्मचारीहरूले शिष्ट, सहयोगी र सम्मानजनक व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले विद्यार्थीहरूलाई अनुशासन, नैतिकता, सामाजिक उत्तरदायित्व र देशप्रेमका भावनासहित अध्ययनमा अघि बढ्न आग्रह गर्दै शिक्षा केवल प्रमाणपत्र हासिल गर्ने माध्यम नभई व्यक्तित्व निर्माण र समाज रूपान्तरणको आधार भएको धारणा व्यक्त गर्नुभयो।

उहाँले देशको सार्वभौमिकता र राष्ट्रिय स्वाधीनताको रक्षा गर्नुपर्ने जिम्मेवारीमा सरकार कमजोर देखिएको टिप्पणी गर्दै राज्यका महत्त्वपूर्ण निकायहरूलाई कमजोर बनाउने गतिविधिले देशको समग्र विकास र स्वाभिमानमा नकारात्मक असर पार्ने धारणा राख्नुभयो।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप सर्कलका शिक्षालयहरूले देशका लागि आवश्यक योग्य, दक्ष र अनुशासित जनशक्ति उत्पादन गर्दै आएको बताउनुभयो।

उहाँले शिक्षा सबै नागरिकको मौलिक अधिकार भएकाले राज्यले यसको जिम्मेवारी वहन गर्नुपर्ने धारणा राख्दै पछिल्ला वर्षहरूमा शिक्षामा राज्यको लगानी घट्दै गएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय मान्यताअनुसार कुल बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो। शिक्षा किनबेचको वस्तु बन्न नहुने र सबै नागरिकको पहुँचमा गुणस्तरीय शिक्षा सुनिश्चित हुनुपर्ने उहाँको भनाइ थियो।

उहाँले ख्वप माविले स्थापनाकालदेखि नै विद्यार्थीलाई माध्यमिक तहदेखि उच्च शिक्षासम्म अध्ययन गर्ने अवसर उपलब्ध गराउँदै आएको जानकारी दिँदै २०५६ सालमा स्थापना भएको ख्वप माविले यस वर्ष कक्षा ११ मा भर्नाका लागि देशका ६४ जिल्लाबाट १ हजार ८ सयभन्दा बढी विद्यार्थी आएको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले देशलाई आवश्यक योग्य दक्ष प्राविधिक तथा विशेषज्ञ जनशक्ति उत्पादन गर्ने उद्देश्यले

*बाँकी पृष्ठ १२ मा*

# शिक्षालाई श्रमसँग जोड्ने ख्वप कलेजको प्रयास

भक्तपुर। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजको आयोजनामा विद्यार्थीहरूबिच उद्यमशील सोचको विकास गर्ने अभिप्रायले एकदिने 'ख्वप शैक्षिक-औद्योगिक संवाद' कार्यक्रम जेठ ३१ गते सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख तथा कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले शिक्षालाई श्रमसँग जोड्ने नीतिअन्तर्गत भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्यापन कार्य भइरहेको बताउनुभयो।

शैक्षिक क्षेत्र विदेशीको लागि सस्तोमा ज्यामी तयार गर्ने ठाउँ नभई शिक्षासँगै सीपको विकास गराई उद्यमशीलताको विकास गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले युवाहरूमा उद्यमशील सोच, नवप्रवर्तन तथा आत्मनिर्भर व्यावसायिक संस्कृतिको विकास आजको आवश्यकता भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "शैक्षिक संस्था र उद्योग क्षेत्रबिचको सहकार्यलाई अझ सुदृढ बनाउनु जरुरी छ। भक्तपुर पर्यटकीय क्षेत्र भएकोले स्थानीय स्तरमा आवश्यक सामग्रीको उत्पादनमा जोड दिन भक्तपुर नगरपालिकाले उद्यमशील कर्जा प्रवाह गरिरहेको र विभिन्न सीपमूलक तालिम सञ्चालन गरिरहेको छ।"

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले शिक्षालाई व्यावहारिक तथा उद्यममुखी बनाउन यस्ता संवाद कार्यक्रमहरू महत्त्वपूर्ण हुने बताउनुभयो। कलेजले उच्च शिक्षामा औपचारिक अध्यापन मात्र नभई विद्यार्थीको वृत्ति विकासका कार्यमा समेत जोड दिई सामाजिक उत्तरदायित्व वहन गरिरहेको बताउनुभयो।

ख्वप ईन्क्युवेसन ल्यावका संयोजक अञ्जु ग्वाछाले कार्यक्रमको उद्देश्य, पृष्ठभूमि तथा अपेक्षित उपलब्धिबारे जानकारी दिई विद्यार्थीहरूमा उद्यमशील सोच तथा नेतृत्व क्षमताको विकास गर्न कलेजले इन्क्युवेसन ल्यावको माध्यमबाट विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो।

कलेजका उप-प्राध्यापक तथा उद्यमी निष्ठा कायष्ठले आफ्नो व्यावसायिक यात्राको अनुभव बताउँदै व्यवसायमा व्यावहारिक रूपमा आइपर्ने अवसर तथा चुनौतीहरूको बारेमा बताई विद्यार्थीलाई उद्यमी बन्नको लागि अभिप्रेरित गर्नुभयो।

उहाँले सफल उद्यमी बन्नको लागि निरन्तर सिकाइ, मेहेनत, नवीन सोच तथा आत्मविश्वास अत्यावश्यक हुने बताउनुभयो।

कार्यक्रमको दोस्रो सत्रमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. भोजराज अर्याल, भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपाने र गोर्खा इको प्यानलका प्रमुख तथा उद्यमी ई. सुरेश कवांको उपस्थितिमा छलफल भयो।

कार्यक्रमका सहजीकरणकर्ता एवं कलेजका उप-प्राध्यापक रामेश्वरी बखुन्छेंले विज्ञहरूमाझ उद्यमशीलता प्रवर्द्धन, उद्योग-शिक्षा सहकार्य, नवप्रवर्तन तथा स्टार्टअप संस्कृतिको विकासका विविध पक्षमा प्रश्न राखी अन्तरक्रियात्मक छलफल भयो।

त्यस अवसरमा सहभागी विद्यार्थीहरूले उद्यमशीलतासम्बन्धी उपस्थित विज्ञहरूमाझ विभिन्न जिज्ञासाहरू राखेका थिए।

कार्यक्रमले शैक्षिक संस्था र उद्योग क्षेत्रबिचको सम्बन्धलाई थप सुदृढ बनाउँदै विद्यार्थीहरूमा उद्यमशील सोचको विकास गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको थियो।

कार्यक्रममा शिक्षक/प्राध्यापक, उद्योग क्षेत्रका प्रतिनिधि तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिताबिच अन्तरक्रियात्मक कार्यक्रम भयो। कार्यक्रममा कलेजमा उपप्राध्यापक सुनिता गाइसीले पनि बोल्नुभएको थियो।

# समाजवादी व्यवस्थाबिना श्रमजीवीवर्गको हित नहुने

हरेक सरकार र राजनीतिक दलको उद्देश्य समाज बदल्ने हो; समाज बदल्न आवश्यक तयार गर्ने हो। समाज नबदलेसम्म विकासको उचाइमा पुग्दैन, जनताको जीवनस्तर माथि उठ्दैन। समाज बदल्न जनतामा व्यापक जनतालाई सचेत र सङ्गठित गर्नुपर्छ। राजनीतिक चेतना र सांस्कृतिक स्तर उठाउने काम विशेषत: कम्युनिस्ट पार्टी या वामपन्थी पार्टीले गर्नुपर्छ। पुँजीपतिवर्गले पुँजीवादी व्यवस्था बदल्दैन; बदल्ने काम गर्दैन। अहिलेको राजनीतिक व्यवस्था पुँजीवादी व्यवस्था हो। पुँजीवादी व्यवस्थालाई निरन्तरता दिनु उनीहरूको धर्म हो। उनीहरू पुँजीवादी व्यवस्था फाल्न लाग्दैनन् बरु अझ बलियो बनाउन लाग्छन्।

रास्वपाको नेतृत्वमा बनेको सरकार पनि कम्युनिस्टविरोधी सरकार हो। कम्युनिस्टविरोधी सरकारले व्यापक जनता या श्रमजीवीवर्गको हित गर्दैन; श्रमजीवीवर्गको पक्षमा ऐन कानुन बनाउँदैन। पुँजीवादी शासकहरू पुँजीवादी व्यवस्था कायम गर्न साना-तिना सुधारात्मक काम गर्छन्। पहिलेको सरकारभन्दा 'राम्रो' सरकार देखाउन पहिलेको सरकारले नगरेको काम गर्न हौसिन्छन् या फरक ढङ्गको काम गर्न अघि बढ्छन्। यो सरकारले जस्तोसुकै राम्रो काम गर्न र गराउन प्रयत्नशील रहे पनि पुँजीपतिवर्ग र सामन्तवर्गकै सेवा गर्छ भन्नेमा शङ्का छैन। कुनै सरकारले दुई-चारवटा नयाँ सुधारात्मक काम गर्दैमा समाज परिवर्तन हुने होइन; बहुमत जनताको सेवा हुने होइन।

कम्युनिस्ट पार्टी र कम्युनिस्टहरूको उद्देश्य समाज परिवर्तन हो; शोषणरहित समाज स्थापना गर्नु या आमूल परिवर्तन गर्नु हो। तर, आमूल परिवर्तन तुरुन्तै हुने होइन। आमूल परिवर्तनको निम्ति व्यापक जनतालाई समाज बदल्नुपर्छ, समाज नबदलीकन जनताको हित हुनेछैन भन्ने कुरा बुझाउनुपर्छ। त्यो बुझाउने काम कम्युनिस्ट कार्यकर्ता या वामपन्थीहरूको हो। यसका लागि कम्युनिस्ट कार्यकर्ताहरू जनताबिच पुगिरहनुपर्छ; जनतामाझ गएर, भिजेर साङ्गठनिक क्रियाकलाप गरिरहनुपर्छ। अझै कति शिक्षित, बुद्धिजीवी, लेखक, प्राध्यापकहरूमा भ्रम छ - दल ठुलो हुनु नै सच्चाइको आधार हो भन्नेतर्फ। जनताले नै ठुलो दल बनाएको उनीहरू स्वीकार्छन्। निर्वाचनमा जनताले चुनेको ठुलो दललाई नै सही मान्ने हो भने पहिले रास्वपाको नीति गलत थियो भनी सम्झनुपऱ्यो। पहिले पालैपालो नेका, एमाले र माओवादी ठुलै दल बनेका थिए। त्यसबेला ती दलहरू ठीक, अहिले बेठीक कसरी भन्ने ! त्यसबेला पनि जनताले दल ठुलो बनाएकै हुन्।

जनताले दलको सिद्धान्त र विचार बुझेर, अध्ययन गरेर नेका, एमाले र माओवादीलाई जिताएका होइनन्। अहिले रास्वपाको दल ठुलो भएको छ। तर, सत्य के हो भने जनताले रास्वपाको सिद्धान्त र विचार अध्ययन गरेर मतदान गरेका होइनन्। रास्वपामा निर्वाचित धेरै सांसदहरू राजनीतिमा भिजेका होइनन्। रास्वपाको सिद्धान्त र विचार बुझेर उम्मेदवार भएका होइनन्। उनीहरू

*बाँकी पृष्ठ १२ मा*

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,

पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



मानिसको सम्मान गर्ने, उसको वैध व्यक्तिगत हितमा उचित ध्यान दिने र ती हितहरू पूरा हुने कुरा सुनिश्चित गर्ने मामलामा समाजवाद र साम्यवादजस्तो अर्को कुनै व्यवस्था छैन ।

**हो चि मिन्ह**

## सम्पादकीय

# समाचार शीर्षकहरूकै विश्लेषण गरौँ !

'इरानलाई २२ देशको चेतावनी' (मजदुर, २९ जेठ २०८३)

युरोपेली सङ्घका देशहरू, संयुक्त राज्य अमेरिका र अस्ट्रेलियासमेत मिलेर इरानलाई चेतावनी दिनेहरू अमेरिकी नेतृत्वका नाटो सदस्य देशहरू हुन् । तिनीहरू संसारलाई उपनिवेश बनाउँदै ती सबै देशको सम्पत्ति र खनिजहरूसमेत ओसार्दै आएका देशहरू हुन् । यिनीहरू भारत र चीनजस्ता ठूल्ठुला उपनिवेश र अर्धउपनिवेशहरूका भौतिक र मानवीय (सेना र अन्य लेखनदास र नोकरचाकर दलालहरू) स्रोतहरूको रगत र पसिनाले रगताम्य छन् ।

अरब क्षेत्रमा संयुक्त राज्य अमेरिकादेखि युरोपका देशहरू मिलेर शासन गर्दै, धर्म एवं जातिको भेदभाव गराउँदै र भिराउँदै दुई शताब्दीदेखि शोषण गर्दै आइरहेकै छन् । तर, भर्खर इरानले मात्रै 'युद्धविराम' र 'शान्ति स्थापना गर्ने हो' भने संयुक्त राज्य अमेरिकाले 'अबदेखि हमला नगर्ने सुनिश्चितता' र 'क्षतिपूर्तिको माग' अघि सारेको छ । यस्तो माग राखेकोमा अमेरिका मात्रै होइन नाटोसँग सम्बन्धित सबै आक्रामक देशहरूले इरानलाई 'चेतावनी' दिएका छन् । हिंस्रक पशुहरूजस्तै वर्तमान र पूर्वउपनिवेशवादीहरूले आफ्नो उपनिवेशका जनताको रगत र मासु खाने प्रवृत्तिलाई छोड्दैन भन्ने यथार्थ उक्त चेतावनीबाट प्रस्ट देखिँदै छ ।

इरान आफै अमेरिकी आक्रमणबाट आक्रान्त छ तर उल्टै नाटो देशहरूले मिलेर 'इरानलाई चेतावनी' दिनु कसरी न्यायोचित मान्ने ?! बरु भन्नुपर्थ्यो - 'इरानको अडान ठीक छ, सर्तहरू न्यायोचित र उचित छ ।'

वास्तवमा निन्दा गर्नुपर्ने पक्षहरू संरा अमेरिका र इजरायल हुन् । यसकारण, आज उपनिवेशवादी नाटो देशहरू एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा हिजो आफूलाई शोषण र रगताम्य ढङ्गले शासन गर्नेहरूका जनता अहिले 'आप्रवासी' को रूपमा पुगेको हुँदा आतङ्कित भएका हुन् ।

ती पूर्वउपनिवेशवादी देशहरूका शासकहरू आतङ्कित हुनुभन्दा राम्रो व्यवहारबाट 'आप्रवासी' समस्या सामान्य रूपमै समाधान हुँदै जानेछन् ।

**'लगानी बोर्ड' के हो प्रस्टिँदै छ !**

केही इतिहास र अन्य विषयमा 'विद्यावारिधि' वा 'पीएचडी' गरेका केही बुद्धिजीवीहरूले नेमकिपाले 'साम्राज्यवादी', 'विस्तारवादी' र 'विदेशी पुँजीको दलाल' र 'एजेन्ट' शब्दहरू मात्रै उच्चारण गरेको सुनियो भन्ने गर्थे । नेमकिपाका नेता र कार्यकर्ताहरूले बुझेर ती शब्दहरू प्रयोग गरेका थिए र त्यो कुनै 'फेसन' थिएन ।

'लगानी बोर्ड' का अध्यक्ष प्रधानमन्त्री र अन्य सदस्यहरू विशेषज्ञका रूपमा रहेका छन् । सारमा, ती व्यक्तिहरू कुनै न कुनै विदेशी पुँजीका एजेन्टहरू हुन्छन् । त्यो बोर्ड मन्त्रिमण्डलभन्दा शक्तिशाली छ । त्यसले कुनै योजना पारित गरेमा मन्त्रिमण्डलले समेत अस्वीकार गर्न सक्दैन । भाषा जेसुकै भए पनि सार यही हो ।

"भारतले स्वीकृति नदिँदा बङ्गलादेशमा थप २० मेगावाट बिजुली निर्यात रोकियो !" 'यसपालि ४० मेगावाट मात्रै बिजुली बङ्गलादेश पठाइने' ( कान्तिपुर, ३१ जेठ २०८३) ।

कान्तिपुरले थप प्रस्ट गर्न 'नेपालमा उत्पादित बिजुली बङ्गलादेशमा बिक्री गर्न असोज २०८१ मा त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गर्दै नेपाल विद्युत् प्राधिकरण, भारतको एनटीपीसी विद्युत् व्यापार निगम र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डका अधिकारी' को फाइल तस्बिर पनि प्रस्तुत गर्‍यो । तर, त्यस त्रिपक्षीय सम्झौताले नेपालको नदीनालासँगका सन्धि सम्झौताहरू नेपालका अगुवाइमा होइन भारतकै मातहतमा पुग्दै छन् र बङ्गलादेशसँगको नेपालको सम्बन्ध भारतको इच्छा र मातहतमा चल्नेछ । अर्को भाषा बङ्गलादेशलाई गोर्खाली डोरीले पाता कस्दै लानेछ ।

यो हो - 'लगानी बोर्ड' को करामत ! हाम्रा हिजोका नेपालका सरकारका प्रधानमन्त्रीले साँच्चिकै बुझेका हुन् ? नत्र नेपालले आफ्नो जलविद्युत्सँग बङ्गलादेशको ग्याससँग तुलनात्मक रूपले सस्तोमा व्यापार हुने सम्भावना थियो ।

नेपाल, भारत र बङ्गलादेशसँगको यो सम्झौताले अर्को महत्त्वपूर्ण दक्षिण एसियाको राजनीतिक भविष्यको भारतीय एकहट्टीको सम्भावनालाई उजागर गर्छ । नेपाली देशभक्त बुद्धिजीवीहरूको ध्यान गएकै अनुभव हुन्छ ।

# देशविरोधी आन्दोलन र सिमानाबारे आत्मसमर्पण गर्नेहरू !

✍ **प्रज्ज्वल**

रास्वपा सरकार प्रमुखले प्रतिनिधिसभामा बोलेका थिए– "नेपालले पनि भारतको धेरै ठाउँमा सीमा मिचेको छ ।" तत्पश्चात् भारतीय सीमा सुरक्षा बल नेपालको भूमि सुस्तामा बन्दै गरेको ततवन्दसमेत रोक्न आयो । यो तथ्य सेलाउन नपाउँदै भारतको इन्डो–टिवटेन बोर्डर पुलिस (आईटीबीपी) का महानिर्देशक शत्रुजितसिंह कपुर भारतीय सैनिक हेलिकप्टर चढेर नेपालको दार्चुलाको व्यास गाउँपालिका १, छाङरुको आकाश हुँदै कालापानी पुगे । जेठ २७ गतेको यो घटनालाई रास्वपा सरकारले खण्डन गरेको छैन, किन ?

गएको फागुन २१ गतेको प्रतिनिधिसभा चुनावबाट रास्वपालाई सरकारको नेतृत्वमा पुर्‍याउन नेपाली सेना, निजामती कर्मचारीले आफ्ना आफन्तहरूलाई घण्टीमा मत हाल्न लगाएको सार्वजनिक भइरहेको छ । गत भदौ २३ गतेको नयाँ पुस्ताको भनिएको नेपालको जेनजी आन्दोलन अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको पूर्वतयारी नै भएको पनि सार्वजनिक भएको छ । नेपाली सेनाले तदारुक भएको भए भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरि आगजनी रोकिन सक्ने बताउनेहरू पनि छन् । नेपालमा यस्तो उपद्रव गराउन सक्ने तागत अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादसँग मात्र रहेको पनि सार्वजनिक भयो ।

भदौ २३ र २४ गतेको उपद्रवको बेला सरकारको नेतृत्वमा नेकाको समर्थनमा एमालेका केपी ओली थिए । त्यसबेला सरकारको समर्थनमा झण्डै दुईतिहाइ मत थियो । तर, प्रम ओलीले सेना, प्रहरी, प्रशासन आफ्नो पक्षमा नरहेको ठम्याउन सकेनन् । ओलीले सेनाको दबाबमा प्रम पदबाट राजिनामा गरेर आत्मसमर्पण गरेको पनि सार्वजनिक भयो । नेकाबाट राष्ट्रपति भएका रामचन्द्र पौडेलले सेनाको दबाबमा संविधानविपरीत पूर्वप्रधानन्यायाधीशलाई प्रधानमन्त्री र प्रतिनिधिसभा विघटनसमेत गरी निर्वाचन घोषणा गरे । वरिष्ठ पत्रकार एवम् विश्लेषक अनिल गिरीले माउण्टेन टेलिभिजनसँगको अन्तर्वार्तामा प्रश्न गरे– "एक लाख सेनामध्ये असी हजार परिचालन गरी बालेनलाई प्रधानमन्त्री बनाउने सेनापतिले सिंहदरबार जलाइँदा निभाउन किन गएन सेना पठाएन ?"

संसारको इतिहास अध्ययन गर्दा सामन्तवर्ग, पुँजीपति वर्ग र दक्षिणपन्थीहरू मिलेका हुन्छन् । नेपालमा नेका, एमाले, माओवादीलगायतका सरकारहरूले देश र जनताको निःस्वार्थ सेवा गरेको भए सामन्त वर्ग, पुँजीपति वर्ग र दक्षिणपन्थीहरू मिलेर रास्वपाको सरकार ल्याउन सक्ने थिएनन् । दक्षिणपन्थीहरूले बहुदलीय व्यवस्था पुनःस्थापना हुनुअघि पञ्चायती व्यवस्थालाई तीस वर्ष टिकाएजस्तै अहिले रास्वपालाई सरकारमा ल्याएको बताउनेहरू पनि धेरै छन् । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले हालै भादगाउँ टेलिभिजनामा भन्नुभयो– "यतिखेर नेपाली जनता तावाबाट फुट्केको माछा भुंग्रोमा" भइरहेको छ ।

भारतमा पनि धेरै भयो दक्षिणपन्थी सरकार गठन भएको । भारतका सरकारहरूले जनताको निःस्वार्थ सेवा नगरेको हुँदा त्यहाँ बर्सेनि लाखौँ गरिबहरू आत्महत्या गर्नुपर्ने अवस्थामा रहेको पनि सार्वजनिक भइरहेको छ । दक्षिणपन्थीहरूले युक्रेनमा जोकरलाई सरकार प्रमुख बनाए भने नेपालमा गीत गाउनेलाई ल्याए । नेपालको सार्वभौमिकताविरुद्ध बोल्ने सरकार प्रमुखले राजिनामा दिनु जरुरी हुन्छ, माफी मागेर पुग्दैन । देशलाई लागेको यो घाउबारे संसद्मा अडानसहित आवाज उठेन किनभने यस विषयमा अडानसहित बोल्ने प्रतिनिधि छैनन् । देशविरुद्ध बोल्ने र काम गर्नेहरूलाई जेल हाल्ने र ज्यान सजाय दिने कानुनी व्यवस्था हुनु आवश्यक छ । बहुदलीय व्यवस्था पुनःस्थापनालगत्तै नेका नेतृत्वको कृष्णप्रसाद भट्टराईको सरकारले मृत्युदण्डको कानुनी व्यवस्था खारेज गरेको हुँदा यतिखेर अराजकता बढ्दो छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष बिजुक्छेँले भादगाउँ टीभीमा स्पष्टसँग राख्नुभयो– "उत्पादनका मुख्य मुख्य साधान र सेवा सामाजिकीकरणको कानुनी व्यवस्था भए मात्र जनताको हित हुनेछ ।" थोत्रो गाडीमा हिँड्ने अहिलेको सरकारबाट पनि देश र जनताको हित हुने छैन । चोरेर खानेहरूलाई ढुकुटीमा पठाएर चोरी रोकिँदैन ।

एक सञ्चारकर्मीले रास्वपाका प्रवक्ता मनिष झासँग प्रश्न राख्नुभयो– "सुधन गुरुङको सम्पत्ति शुद्धीकरणबारे बालेन सरकारले बनाएको छानविन समितिको प्रतिवेदन सार्वजनिक नहुँदै किन सफाइ दिएको हो ?" प्रवक्ता झाको जवाफ थियो– "यसबारे सरकारको प्रवक्तालाई थाहा होला ।" पार्टीको विधान र वाचापत्रअनुसार सरकार चल्नुपर्ने हो । रास्वपा प्रवक्ता झाका अनुसार रास्वपा र सरकार फरक बाटोमा हिँडिरहेको पुष्टि हुन्छ । हुन त चुनावको बेला बालेनले खर्बपति मालपानीको गाडीमा प्रचार गरेका थिए ।


रास्वपाका समानुपातिक सांसद समीक्षा वास्कोटाले एक सञ्चार माध्यममा भने– "मिचेको भन्ने शब्द मिलेन, बचाउनेहरूसँग यसको जवाफ लिनुपर्ला ?" सरकार प्रमुखको भनाइ संसद्को अभिलेखबाट हटाउनुपर्नेबारे सञ्चारकर्मीको थप जिज्ञासामा भने वास्कोटाले जवाफ दिन सकेनन् । वास्कोटा नेकाबाट गृहराज्यमन्त्री समेत भएका दीपक वास्कोटाकी छोरी हुन् । उनी विवेकशील साझा पार्टी हुँदै रास्वपामा पुगेर अहिले सांसद पाएकी हुन् ।

सञ्चार माध्यममा एक अर्का युवाले भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनलाई सुधन गुरुङले अपहरण गरेको, मन्त्री र नेता नबन्ने वाचाविपरीत उनी मन्त्री बन्न पुगेको आरोप लगाएको पनि सार्वजनिक भयो । भदौ २४ गतेपछि सुधनको नेपाली सेना प्रमुख, सुशीला कार्की, ओम अर्यालको नाम लिएको मोवाइल वार्ता अध्ययनबाट सुधन सामान्य व्यक्ति नभई विदेशी शक्तिबाट परिचालित हुन सक्ने सार्वजनिक भएको छ ।

यतिबेला रास्वपाका अर्थमन्त्री वाग्लेको बीवाईडी गाडीको कर निर्धारणमा साठगाँठ भएको, भदौ २३ र २४ गतेको विध्वंसमा रवि–बालेन–सुधनको नियोजित सहकार्य भएको, राजतन्त्रलाई पुनःल्याउन रोक्नेबारे सुधनको ओम अर्यालसँग फोन वार्ता भए अहिले दरबार हत्या काण्डको छानबिन हुने आदेश गरिएकोबारे पनि जनताबिच चर्चा छ ।

*२०८३ असार १*

# नेपाली चिया उद्योगहरू बन्द हुँदा पनि रास्वपा सरकार किन मौन ?




**शुक्र**

भारत सरकारले नयाँ गुणस्तर परीक्षणसम्बन्धी मापदण्ड लागू गरी नेपालबाट निर्यात भएको चिया बिक्रीमा अवरोध गरेको समाचार छ । नेपालको भन्सार चेकजाँचपछि भारतको कोलकाता पुगिसकेको तीन लाख किलोभन्दा बढी चिया अहिले भन्सार गोदाममै थन्किएको छ । यसमा नेपाली उद्योगीहरूले अतिरिक्त भाडा तथा अन्य आर्थिक भार व्यहोर्न बाध्य भएका छन् ।

भारतीय चिया बोर्डले १ मेदेखि लागू गरेको 'ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युर (एसओपी)' मा नेपालबाट निर्यात हुने प्रत्येक खेप चियाको गुणस्तर अनिवार्य परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । परीक्षण प्रतिवेदन आउन दुई साताभन्दा बढी समय लाग्ने, प्रतिवेदन नआउञ्जेल बिक्री गर्न नपाइने तथा नमुना असफल भए चिया नष्ट गर्नुपर्ने वा फिर्ता ल्याउनुपर्ने नियम छ । यसले व्यापारिक जोखिम अत्यधिक बढाएको उद्योगीहरू बताउँछन् ।

चिया निर्यात ठप्प भएपछि इलामका ५३ चिया उद्योग असार १ गतेदेखि बन्द छ । झापाका ३० चिया उद्योग पनि असार ४ गतेदेखि बन्दको घोषणा गरिएको छ । यतिबेला उद्योगहरूमा दश लाख किलोभन्दा बढी तयारी चिया मौज्दात छ । भण्डारण क्षमता सीमित हुँदा नयाँ उत्पादन राख्नसमेत समस्या भएको उद्योगीहरूको भनाइ छ ।

इलामको सूर्योदय नगरपालिकामा करिब २ हजार ९ सय ९५ चिया किसान आबद्ध छन् । यहाँ ३३ हजार ६ सय ५५ रोपनी क्षेत्रफलमा चिया खेती हुँदै आएको छ । वार्षिक करिब २ करोड किलो हरियो चियापत्ती उत्पादन हुन्छ ।

यसभन्दा अघि पनि भारत सरकारले विभिन्न बहानामा नेपालको सामानलाई अवरोध गर्ने गरेको थियो । अहिले बजारमा पुगिसकेको चियासमेत बिक्री गर्न नपाउने अवस्थामा पारियो । चिया निर्यात बन्द हुँदा नेपाली उद्योगमा कार्यरत श्रमिक प्रभावित हुन्छ । यसले चियापत्ती टिप्ने श्रमिकको रोजगारीमा समेत असर पार्दै छ । उद्योग बन्द लम्बिए हरियो चियापत्ती छिपेमा किसानलाई नोक्सान पुग्नेछ । चिया निर्यात रोकिएको कारण किसानलाई यसअघि झैँ हरियो चियापत्तीको मूल्य भुक्तानी गर्न कठिन हुने उद्योगीहरू बताउँछन् ।

चैत र वैशाख महिना सबैभन्दा धेरै गुणस्तर र मूल्यको चिया उत्पादन हुने सिजन हो । त्यसबाट प्रशोधित उच्च मूल्यको तयारी चिया बेच्ने सिजनमा भारतले गुणस्तर परीक्षणमा निकै झन्झटिलो मापदण्ड लागु गरेको छ । गुणस्तरमै समस्या हो भने भन्सारमै परीक्षण हुनुपर्थ्यो । बजारमा पुगिसकेपछि बिक्री रोक्नु कुनै पनि दृष्टिले न्यायोचित होइन, नेपाल सरकार किन चुप छ !?

नेपालबाट वार्षिक ७० लाख किलोभन्दा बढी अर्थोडक्स (पत्तीवाला) चिया निर्यात हुन्छ । जसको ९० प्रतिशतभन्दा बढी हिस्सा भारतीय बजार निर्भर छ । इलामलगायतका पहाडी जिल्लामा अर्थोडक्स चिया तयार गरिन्छ । झापामा सीटीसी (दानादार) चिया तयार गरिन्छ । वार्षिक १ करोड ९० लाख किलो सिटिसी चिया उत्पादन हुन्छ, १ करोड किलो चिया भारतमै बिक्री हुनेगरेको तथ्याङ्क छ । नेपालले वार्षिक करिब सवा ४ अर्ब रुपियाँ बराबरको तयारी चिया निर्यात गर्दै आएको छ । नेपाली चिया उद्योगमा श्रमिक र किसान गरी ५० हजार जना प्रत्यक्ष संलग्न छन् ।

चियाको हरियो पातले प्रशासनिक प्रक्रिया र कूटनीतिक पत्राचार नपर्खने भएकोले नेपाल सरकारले तत्काल समाधानका लागि कूटनीतिक पहल गर्नुपर्ने किसानहरूको माग रहेको छ । रास्वपा सरकार पनि भारतीय विस्तारवादको अवरोधको विरोधमा किन बोल्न सक्दैन ?

# नेपालको राजनीतिमा युवाहरूको भूमिका

✍ विवेक

हरेक व्यक्तिको जीवनमा युवा उमेर एक महत्त्वपूर्ण हिस्सा बनेको हुन्छ । नेपालको युवा नीतिअनुसार १८ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिलाई युवा भनिन्छ । यसअघि भने १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानिन्थ्यो । त्यो देशको कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत थियो । यति धेरै जनसङ्ख्या भएका युवाहरूलाई सही मार्ग निर्देश गरेर युवा शक्तिलाई देश विकासमा लगाउन सकेको भए नेपालको विकास धेरै टाढा हुने थिएन । तर, शासक दलहरूले युवाहरूलाई देशभक्ति भावना, समाज सेवा र अनुशासनको पाठ सिकाउनुको सट्टा जसरी पनि फाइदा लुट्ने स्वार्थी हुन सिकाए । परिणाम युवाहरू जनताको निम्ति समर्पित भएर काम गर्नेभन्दा ठगी, चोरी वा अनेको गलत काम गरेर सम्पत्ति थुपार्ने गलत बाटोमा लागे र देश यो अवस्थामा पुग्यो । यसर्थ देश आजको अवस्थामा पुग्नमा अरू होइन हाम्रा शासक दलहरू नै जिम्मेवार छन् ।

कुनै बेला सिक्किमका लेण्डुप दोर्जे पनि जनताको अत्यधिक बहुमतले निर्वाचित प्रधानमन्त्री थिए । उनले सन् १९७५ मा सिक्किमलाई भारतमा गाभे । उनी विश्वमै देशघाती प्रधानमन्त्री भनी नकारात्मक उदाहरण बनेका छन् । भारत नेपाललाई सके सिक्किम बनाउने नभए भुटान भए पनि बनाउने योजनाअनुसार काम गर्दै छ । प्रधानमन्त्री बालेन्द्र साह भारतको त्यो इच्छा पूरा गर्ने गोटी त बन्ने होइन ? शङ्का गर्ने धेरै ठाउँ छ । नेपालीहरूको भावना छ, प्रधानमन्त्री साहले जनतासामु माफी मागेर आफ्नो अभिव्यक्ति सच्याउनुपर्छ । नत्र इतिहासले माफी दिने छैन ।

राजनीतिक रूपले शिक्षित, परिवर्तनको भावना, जोश र जाँगर भएका आजका युवाहरू नै देशका भविष्य हुन् । देशको भविष्य कस्तो हुन्छ, आजका युवाहरूले देखाइरहेका हुन्छन् । युवाहरूमा अनुशासित, मिहिनेती र देशभक्तिको भावना भए नेपालीहरूले भविष्यको सुन्दर नेपालको तस्विर देख्न पाउने छन् । त्यसैका लागि राजनैतिक दलहरूले युवाहरूलाई महत्त्व दिएर विभिन्न सङ्घ सङ्गठनमा आबद्ध गरेर पार्टीको नीति, सिद्धान्त र अनुशासनबारे तालिम दिएका हुन्छन् । युवाहरूको नेतृत्वमा हुने महँगीविरुद्धको आन्दोलन, भ्रष्टाचार विरोधी आन्दोलन तथा साम्राज्यवाद र विस्तारवाद विरोधी आन्दोलन युवाहरूलाई दिएका तालिम र प्रशिक्षणहरू नै हुन् । त्यस्ता आन्दोलन र सङ्घर्षमा हुर्केका युवाहरूले नै समाज बुझ्छन् र समाजको नेतृत्व गर्न सक्छन् ।

युवा उमेरमै का. रोहितले नेपाल मजदुर किसान पार्टी स्थापना र त्यसको नेतृत्व सम्हाल्नुभयो । निरन्तर अहिलेसम्म पार्टीको नेतृत्व सम्हाली राख्नुभएको छ । त्यसो त मोहनचन्द्र अधिकारी, सिपी मैनाली, भरतमोहन अधिकारीहरू माले (झापाली) को नेतृत्वमा पुग्दा पनि उमेरमा युवा नै थिए । २००७ साल, २०३६ साल र २०४६ सालका आन्दोलनहरू पनि तत्कालीन युवा नेताहरूले नै गरेका थिए । निरङ्कुश राजतन्त्रको अन्त्यमात्र होइन अहिले देशमा गणतन्त्र स्थापना भयो । यसरी चरणबद्ध रूपमा भएका राजनीतिक आन्दोलन र परिवर्तनमा राजनीतिक दलहरूको महत्त्वपूर्ण भूमिका थियो ।

त्यतिबेला राजनीति भनेको देश र जनताको सेवामा समर्पित कार्य मानिथ्यो । प्रजातन्त्र स्थापनाको अगाडि ज्यान केही थिएन । जेलनेल, प्रवास, भूमिगत जीवन र प्रहरी हिरासत ती राजनीतिक नेता कार्यकर्ताहरूको निम्ति दालभात बराबर थियो । जनताको उज्ज्वल भविष्यको निम्ति हजारौँ हजार युवाहरूले निरङ्कुशताविरुद्ध आफ्नो जीवन समर्पण गरे । कतिले उमेरमा विवाह गर्न पाएनन् । कतिको परिवार क्षतविक्षत भयो । देश, जनता र प्रजातन्त्रको सामू ती सबै गौण थिए । राजनीतिक विचारले प्रेरित युवाहरू परिवर्तनको निम्ति हाँसी हाँसी आफूलाई बलिदान दिन पनि तयार भए । गङ्गालाल, धर्मभक्त, शुक्रराज शास्त्र, दशरथ चन्दहरू प्रजातन्त्रका निम्ति फाँसीमा चढ्न तयार भए । त्यसले राणाशासनविरुद्ध लड्नेहरूलाई ऊर्जा दियो । के ती शहीदहरूको परिवार र सम्पत्ति थिएनन् ?

सन्दर्भ, भदौ २३ र २४ गते घटेको अप्रत्यासित घटनालाई हेरौँ ! युवाहरूले नेतृत्व गरिएको भनिए पनि त्यस घटनामा टिओबी ( तिब्बती शुद्ध रगत), अमेरिकी युथ काउन्सिल, समता फाउन्डेशनजस्ता अमेरिकी डलरबाट सञ्चालित थुप्रै अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठन (आइएनजीओ) लगायत गैरसरकारी सङ्गठनहरू (एनजीओ) हरूले नेतृत्व गरेको देखियो । दुई दिनमा देशको धरोहर सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवन, सर्वोच्च अदालत, जिल्ला प्रशासन कार्यालयलगायत सयौँ सरकारी कार्यालयहरू र नेताहरूको घर जलाउनु सामान्य तयारीले पुग्दैनथ्यो । त्यसमा अन्तर्राष्ट्रिय स्तरकै तयारी हुनुपर्छ भनेर धेरैले अनुमान गरेका थिए । त्यो क्रमश: प्रस्ट हुँदै छ ।

तत्कालीन प्रधानमन्त्री केपी ओली हेलिकप्टर चढेर नभागेको भए ज्यान जोगाउन मुस्किल थियो । शेरबहादुर देउवा दम्पत्ति आफ्नै निवासमा नराम्ररी कुटिए । त्यहीबिच संसद विघटन, संविधानविपरीत सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन र नयाँ चुनावको परिस्थिति निर्माण भयो । देश विदेशीहरूको ग्रायण्ड डिजाइनमा फस्यो । त्यसबाट मुक्त हुन अब सजिलो हुने छैन । देशले यसको कति मूल्य चुकाउनुपर्छ । त्यसको अहिले नै अनुमान गर्न सहज छैन ।

४८ घण्टाभित्र भएको त्यो घटना एउटा चलचित्रझैँ लाग्छ । आजभन्दा झण्डै १० महिना अघि घटेको त्यो घटना जेनजी युवाहरूले गरेको भनियो । त्यसको नेतृत्वकर्ताहरू विदेशी निर्देशनमा चल्ने भन्ने प्रस्ट भयो । सेनाका परमाधिपति राष्ट्रपति निवास जलाउँदा सेनाले केही गरेनन्, सिंहदरबार जल्दा सुरक्षाका लागि खटिएका सेनाहरू मौन बसे, सर्वोच्च अदालत र संसद् भवन आगजनी हुँदा सेनाको उपस्थितिसम्म देखिएन । त्यसैले सेनामाथि पनि आरोप लाग्यो । अझ तीन दिन जलिरहँदा पनि आगो निभाउने कोसिससम्म गरिएन । के यस्ता देश खरानी बनाउने घटना देशप्रति अलिकतिमात्र भए पनि माया भएका युवाहरूले गर्न सक्थे ? युवाहरूको काँधमा बन्दुक राखेर विदेशीको इसारामा देश खरानी बनाए । नेपालको अस्तित्व समाप्त पार्न यो योजनाबद्ध घटाइएको घटना प्रस्ट भयो ।

फागुन २१ गतेको निर्वाचनपछि ती घटनाहरूको पर्दा च्याटचुट भयो । राजनीतिको तालिम लिनुपर्ने, राजनीतिसँग कुनै मतलब नराख्ने, देश र जनताबारे चासोसम्म नराख्ने, विभिन्न गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका सञ्चालकहरू सांसद र मन्त्री बने । संसद्मा उपस्थिति समेत नहुने, फेसबुकमा लेखेको भरमा देश सञ्चालन गर्ने प्रधानमन्त्री बनेका छन् । युवाको नेतृत्वमा भनिएको सरकारबाट देशको सार्वभौमिकता खतरामा परेको छ । संविधान, ऐन, नियमावली र परम्परा सबैलाई अस्वीकार गर्दै निरङ्कुश शैलीमा सरकार अघि बढिरहेको छ । परम्परागतभन्दा निर्वाचित निरङ्कुशता झन खतरनाक हुन्छ भन्ने प्रमाणित हुँदै छ ।

सिमाना मिचेकोलाई वैधता प्रदान गर्नु पनि हो । भारतले सुगौली सन्धिपछि कोरिएको सीमामध्ये पनि पटक पटक गरी ७० भन्दा बढी ठाउँमा गरी ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि मिचेको सार्वजनिक भइसकेको छ । रगतले कोरिएको सीमा मिच्दा पनि सरकार पक्षीय सांसदहरू मौणमात्र बसेनन् प्रमको अभिव्यक्तिको समर्थनमा टेबुल ठटाए; देशविरुद्ध प्रमाण खोज्दै हिँडेका छन् । यसलाई विडम्बना नभनी के भन्ने ?

सबै दलहरू मिलेर कालापानी, लिपुलेक र लिम्पियाधुरासहितका नक्सा संसद्बाट पारित गरियो । त्यो भारतको लागि असह्य थियो ।

राजनीतिक रूपले शिक्षित, परिवर्तनको भावना, जोश र जाँगर भएका आजका युवाहरू नै देशका भविष्य हुन् । देशको भविष्य कस्तो हुन्छ, आजका युवाहरूले देखाइरहेका हुन्छन् । युवाहरूमा अनुशासित, मिहिनेती र देशभक्तिको भावना भए नेपालीहरूले भविष्यको सुन्दर नेपालको तस्विर देख्न पाउने छन् । त्यसैका लागि राजनैतिक दलहरूले युवाहरूलाई महत्त्व दिएर विभिन्न सङ्घ सङ्गठनमा आबद्ध गरेर पार्टीको नीति, सिद्धान्त र अनुशासनबारे तालिम दिएका हुन्छन् । युवाहरूको नेतृत्वमा हुने महँगीविरुद्धको आन्दोलन, भ्रष्टाचार विरोधी आन्दोलन तथा साम्राज्यवाद र विस्तारवाद विरोधी आन्दोलन युवाहरूलाई दिएका तालिम र प्रशिक्षणहरू नै हुन् । त्यस्ता आन्दोलन र सङ्घर्षमा हुर्केका युवाहरूले नै समाज बुझ्छन् र समाजको नेतृत्व गर्न सक्छन् ।

प्रधानमन्त्री बालेन्द्र साहले संसद्मा बोलेको एउटा अभिव्यक्तिले नेपालमा मात्र होइन, भारतमा पनि अति नै चर्चा पाएको छ । उनले भनेका थिए, "भारतले मात्र होइन, नेपालले पनि धेरै ठाउँमा भारतको सीमा मिचेको छ ।" त्यो पनि प्रधानमन्त्री भएपछि मात्र थाहा पाएको रे । प्रधानमन्त्रीको त्यो अपरिपक्व र गैरजिम्मेवार अभिव्यक्तिले नेपालको सार्वभौमितामा ठुलो आँच पुगेको छ । भारत सरकारले आजसम्म दाबी नगरेको कुरा नेपालका प्रधानमन्त्रीले बोले । प्रधानमन्त्री जस्तो जिम्मेवार व्यक्तिले देशको विरुद्ध बोल्दासमेत कुनै एउटा ठुलो जुलुस र सभा नहुनु भने आश्चर्यको विषय हो । यदि त्यो कुरा केपी ओली, प्रचण्ड वा देउवाले बोलेको भए के सडकमा आगो बल्दैनथ्यो होला ? नेका, एमाले र माओवादीका युवा सङ्गठनहरूका नेतृत्वहरूलाई एनजिओ र आइएनजीओहरूले भुत्ते बनाइसकेको कुरा पछिल्लो समयमा प्रस्ट भयो ।

प्रधाानमन्त्रीको अभिव्यक्तिपछि सुस्तामा नेपाली भूभाग सुरक्षाको लागि बनाइरहेको ततबन्ध निर्माण कार्य भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले बन्द गराए । प्रधानमन्त्रीको त्यो अभिव्यक्ति भारतलाई नेपालको सीमा मिच्न र थिचोमिचो गर्न खुला आमन्त्रण हो भने भारतलाई नेपालको त्यो भूमिमाथिको कब्जामा निरन्तरता मात्रै होइन, आफ्नै वैधता खोज्दै थियो । प्रधानमन्त्री बालेन्द्र साहको अभिव्यक्तिले त्यसलाई मलजल दिने काम भयो ।

युवा हुँदैमा सब ठिकठाक हुन्छ भने भाष्य गलत साबित हुँदै छ । हिजोका सरकारहरूले देश र जनताको हितमा काम गर्न नसकेकै कारण आजको परिस्थिति निर्माण भएको हो । यो रास्वपाको परीक्षणकाल हो । एकपटक चुनाव जित्दैमा त्यो स्थायी हुने होइन । सिद्धान्त र विचारमा प्रतिबद्ध नभएको पार्टीले देशलाई कतै भारतकै अङ्ग बनाउने त होइन भन्ने सर्वत्र चिन्ता छ ।

कुनै बेला सिक्किमका लेण्डुप दोर्जे पनि जनताको अत्यधिक बहुमतले निर्वाचित प्रधानमन्त्री थिए । उनले सन् १९७५ मा सिक्किमलाई भारतमा गाभे । उनी विश्वमै देशघाती प्रधानमन्त्री भनी नकारात्मक उदाहरण बनेका छन् । भारत नेपाललाई सके सिक्किम बनाउने नभए भुटान भए पनि बनाउने योजनाअनुसार काम गर्दै छ । प्रधानमन्त्री बालेन्द्र साह भारतको त्यो इच्छा पूरा गर्ने गोटी त बन्ने होइन ? शङ्का गर्ने धेरै ठाउँ छ । नेपालीहरूको भावना छ, प्रधानमन्त्री साहले जनतासामु माफी मागेर आफ्नो अभिव्यक्ति सच्याउनुपर्छ । नत्र इतिहासले माफी दिने छैन ।

# सुशासन र विधिको शासन नाउँ मात्रको नहोस्

*कसैलाई मुद्दा राख्ने बित्तिकै उनीहरू अपराधी हुन्छन् र सजायभागी हुन्छन् भन्ने कुरा होइन । निर्दोष छुट्नुपर्छ र दोषी कारबाहीमा पर्नुपर्छ । भ्रष्टाचार प्रकरणका दोषीहरू कारबाहीमा नपरेसम्म, देशमा सुशासन र विधिको शासन नाउँ मात्रको हुन्छ । देशमा सुशासन ल्याउनु छ; शोषणरहित समाज स्थापना गरेर समानता ल्याउनु छ भने भ्रष्टाचारी, कमिसनखोर, कालाबजारी, अपराधीहरू कारबाहीमा पर्नुपर्छ ।*

छोटो समयमै धेरै काम गरेको देखाउन हतार हतारमा जनभावनाविपरीत निर्णय गर्न पुगेका सत्तारुढ दलका नेता, मन्त्रीहरूलाई विभिन्न सञ्चार जगतले प्रश्न उठाउन थालेका छन् । लेखक, पत्रकार, नागरिक समाज र स्वयम् जनताले प्रश्न उठाए, 'सरकार ! मल कहिले आउँछ; 'खरिद ढिलाइले देशभर रेविज खोपको अभाव', 'गृहमन्त्रीले मागे सुकुमवासी परिवारसँग माफी', 'राहत होइन अभाव झेल्दै सुकुमवासी', 'नाइँ नभनेकै कारण महिलामाथि हिंसा', 'सर्पदंशको बढ्दो सङ्कट : बर्सेनि २७ सय नेपालीको मृत्यु' जस्ता यावत् घटना र समस्याले देश कतातिर गइरहेको छ भन्ने सङ्केत गर्छ ।

कृषिप्रधान देशमा हरेक वर्ष रासायनिक मलको सङ्कट किन हुन्छ ? समयमा मल ल्याउन सत्तासीन दलका नेता र मन्त्रीहरूको ध्यान किन पुग्दैन ? कृषिलाई अर्थतन्त्रको मेरुदण्ड, किसानलाई अन्नदाता सम्झिने र कृषि नीतिलाई उत्पादन बढाउन प्रेरित गर्नुपर्ने प्रत्येक सरकार किसानलाई किन निरास बनाउँछ ? कृषि उत्पादन बढाएर खाद्यान्नमा आत्मनिर्भर गर्नुपर्ने देशलाई किन परनिर्भर बनाउँछ ? आखिर मल समयमा नआउनुमा दोष कसको ? यसको दोषी कृषि मन्त्रालय, आपूर्तिकर्ता या अन्तर्राष्ट्रिय बजार ?

रेबिजविरुद्धको खोप किन अभाव हुन्छ ? बहुला कुकुर या कुनै पशुले टोक्दा रेबिजविरुद्धको सुइ लिनुपर्छ । निर्धारित समयमा सुइको मात्रा बिरामीले लिन सकेन भने बिरामी थलामात्र पर्ने होइन मृत्युको शिकार हुनसक्छ । झाडापखाला हुँदा जीवनजलको अभाव हुने, कुकुर, सर्प या अन्य पशुले टोक्दा लगाइने सुइको अभाव हुने, ज्वरोको प्रकोप हुँदा ज्वरोको औषधि अभाव हुने, कहिले पेट्रोल, कहिले ग्यास त कहिले पाठ्यपुस्तकको अभाव हुने देशको समस्याले हरेकको जनजीवनमा प्रभाव पारेको छ । सुकुमवासीको समस्या नसुल्झिएर उनीहरू आन्दोलनमा छन् । नेपालमा हरेक वर्ष हजारौँ मानिस सर्पदंशबाट प्रभावित छन् । नेपालमा वार्षिक २० हजारदेखि ४० हजारसम्म सर्पदंशका घटना हुने अनुमान गरिएको छ । त्यसमध्ये अध्ययनअनुसार नेपालमा वार्षिक झन्डै तीन हजारको मृत्यु हुन्छ । हिंसा र बलात्कारका घटना बग्रेल्ती छन् । जनजीवनमा देखापरेका यस्ता समस्याबारे नयाँ सरकार पनि जिम्मेवार नभएको हो कि भन्ने प्रश्न जनताले गर्न थालेका छन् ।

जेठ २९ गतेको 'नयाँ पत्रिका' मा लेखियो, 'इतिहासमै ठुलो वित्तीय अपराध : बिचौलिया भट्टदेखि व्यावसायिक घटनाविरुद्ध एकैपटक चार मुद्दा दायर' 'नागरिक' दैनिकमा 'भट्ट, अग्रवाल, गोल्छासहित ८१ विरुद्ध मुद्दा : २३ अर्ब बढी बिगो दाबी' र 'कान्तिपुर' दैनिकमा ४ वित्तीय अपराधमा ३ अदालतमा मुद्दा : २७ अर्ब ८० करोड बिगो दाबी, ८६ प्रतिवादी' आदि । प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागको संयुक्त टोलीले उक्त मुद्दा दायर गरेको हो । समाचार स्रोतअनुसार नेपालको इतिहासमै सबैभन्दा ठुलो सङ्गठित वित्तीय अपराधमा बिचौलियादेखि व्यावसायिक घटनाविरुद्ध मुद्दा दायर भएको हो । उक्त मुद्दामा बिचौलिया दीप भट्ट तथा उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष शेखर गोल्छा, नेपाल उद्योग परिसङ्घका उपाध्यक्षहरू राजबहादुर शाह र अमित मोर मुद्दामा परेका छन् । मुद्दा अघि बढ्छ या बिचमा सुस्ताउँछ, त्यो समयले देखाउनेछ । कसैलाई मुद्दा राख्ने बित्तिकै उनीहरू अपराधी हुन्छन् र सजायभागी हुन्छन् भन्ने कुरा होइन । निर्दोष छुट्नुपर्छ र दोषी कारबाहीमा पर्नुपर्छ । भ्रष्टाचार प्रकरणका दोषीहरू कारबाहीमा नपरेसम्म, देशमा सुशासन र विधिको शासन नाउँ मात्रको हुन्छ । देशमा सुशासन ल्याउनु छ; शोषणरहित समाज स्थापना गरेर समानता ल्याउनु छ भने भ्रष्टाचारी, कमिसनखोर, कालाबजारी, अपराधीहरू कारबाहीमा पर्नुपर्छ ।

# नयाँ भेषमा लेन्डुप दोर्जे र जेलेन्स्कीहरू हामीलाई स्वीकार्य छैन

यहाँ विभीषणहरूको शासन छ, हामीले त्यसै भनेका होइनौँ । केही समयअघि देशमा परिवर्तनको नाममा विध्वंशको आगो भोसियो । त्यो खरानीको गन्ध अझै हराएको छैन । त्यो आगोको रापताप नसेलाउँदै आज फेरि देशमा सिक्किमीकरणको खतरा देखियो । ५० वर्षअघि सिक्किम भारतमा विलयको इतिहास हामीलाई थाहा छ । हिजोका शासकहरू भारतीय विस्तारवाद र एकाधिकार पुँजीतिर लम्पसार पर्थे । तर, आज देशलाई भारतीय कब्जाको खुलमखुला आह्वान भएको छ । भारतको सुरक्षा छातामा जाने शासक दलको नियत खुल्दै छ । यो हामीलाई किञ्चित स्वीकार्य छैन । नयाँ भेषमा लेन्डुप दोर्जे र जेलेन्स्कीहरू हामीलाई स्वीकार्य छैन । यो जनताको आवाज हो । तसर्थ, प्रधानमन्त्रीले सार्वभौम संसदमा "नेपालले पनि भारतको भूमि मिचेको" भनी दिएको देशघाती र आत्मघाती अभिव्यक्ति तुरन्त फिर्ता होस् । जनतासँग क्षमायाचना गरियोस् ।

**देशको श्रमशक्ति युवालाई विदेश पठाएर अब के हामी 'आरोग्य केन्द्रहरू' मात्र खोलेर बस्ने हो ? वास्तवमा युवाहरूलाई शिक्षा, रोजगारी र खेलमैदानहरूले स्वस्थ राख्छ, फुर्तिलो राख्छ । त्यततर्फ नीति कार्यक्रम बोल्न सकेको छैन । डिजिटलाइजेसनको खुब चर्चा छ । तर, हिजोको संसद् बैठकको लाइभ या प्रत्यक्ष प्रशारणसमेत गर्न सकेन । अझ भिडियो क्वालिटी यति कमसल देखिरहँदा डिजिटल प्रदेशको नारा पटक्कै नसुहाएको अनुभव हुन्छ ।**



सृजना सैँजू

हामीले सुन्यौँ, प्रधानमन्त्रीको अभिव्यक्तिपछि तुरुन्तै भारतीय एसडी मुनिले बधाई पठायो र "नेपालको सुस्ता भारतको भूमिमा छ" भन्ने दाबी गर्यो । प्रधानमन्त्रीले बोलेको भोलिपल्टै सुस्ताको तटबन्ध निर्माणमा भारतीय एसएसबी फोर्सले बाधा दियो । भारत र भारतीय मिडियाभर खुसियाली छायो । सिमानामा भारतीय एसएसबी फोर्सको दादागिरी भोगिरहेका नेपाली जनता थप प्रताडित छन् ।

नेपालमा भारतले लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायत रणनीतिक महत्त्वका ७१ बढी ठाउँमा ६० हजार हेक्टर बढी भूमि अतिक्रमणको प्रमाण हामीसँग छ । हाम्रा भूमिमा खडा भएका भारतीय सैन्य ब्यारेक र अखडाहरू प्रमाण हुन् । के आजसम्म नेपालले भारततर्फ कतै सेना तैनाथ गरेको छ ? के आधारमा आत्मघाती अभिव्यक्ति दिए प्रधानमन्त्रीले ? सिमानाका नेपालीमाथि एसएसबी फोर्सको ज्यादतीको कथा इतिहास जत्तिकै पुरानो र लामो छ । स्थानीय जग्गा खिचलो र राज्यस्तरको अतिक्रमण फरक हो भन्ने ज्ञान प्रधानमन्त्रीलाई नहुँदा हामीलाई निकै लज्जाबोध भएको छ ।

आश्चर्यको कुरा त प्रधानमन्त्रीलाई त्यस्तो अभिव्यक्ति दिन कसले उक्सायो भन्ने हो । जेन-जी युवाको रगतले भिजेका हातहरूले त संसदमा टेबल ठट्टाए ठट्टाए । प्रतिपक्षीसमेतले तत्काल नियमापत्तिको आवाजसमेत किन दिएनन् ? यसको जवाफ जनता खोज्दै छन् । सामाजिक सञ्जालमा समर्थनमा उर्लेको जमातले खतराको सङ्केत दिइरहेको छ । प्रधानमन्त्रीको भनाइ पुष्टि गर्न प्रमाण खोज्न हिँडेका पूर्वसेना, सांसद र तथाकथित बुद्धिजीवीबाट देशलाई खतरा छ । देशमा फासीवादको खतरा हो यो ।

हामी नीति तथा कार्यक्रमको छलफलमा छौँ । यसमा 'हेलो सीएम डेस्क' को कुरा छ । हेलो सीएम ! देशको भू-अखण्डता, सार्वभौमिकताको सवालमा प्रदेश उभिन्छ कि उभिँदैन ? प्रदेशको सिमाना पनि देश हो कि होइन ? सीएम देशको पक्षमा बोल्नुपर्छ । अहिले बोल्नुपर्ने विषय यही हो ।

पुँजीवादमा सरकारलाई बजारले चलाउँछ । हाम्रोजस्तो देशमा विदेशी बजार अर्थात् एकाधिकार पुँजीले चलाउँछ, चाहे त्यो वस्तु बजार होस् चाहे श्रम बजार । नेपालमा नवउपनिवेशसहितको नवउदारवादी अर्थतन्त्र लामो समयदेखि हुर्किरहेको छ । यो आक्रामक बन्दै छ । यहाँ उत्पादन, श्रम, शिक्षा, स्वास्थ्यजस्ता अत्यावश्यक क्षेत्रदेखि कुनै पनि क्षेत्रमा आत्मनिर्भरता खोजिँदैन । अर्थतन्त्रलगायतका सम्पूर्ण सेवा क्षेत्रमा विदेश निर्भरता छ ।

यस्तो व्यवस्थामा सरकार र सम्भ्रान्तवर्गलाई पोस्न भुइँमान्छेको रगत-पसिनामा समेत कर लगाइन्छ । किसानसँग कर, मजदुरसँग कर, विद्यार्थीसँग कर, बिरामीसँग कर उठाइन्छ । मुद्रास्फीति र मूल्यवृद्धि अधिकतम गरी देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) ठुलो देखाइन्छ । त्यो जीडीपी देखाएर विदेशसँग फेरि ऋण लिइन्छ । हामीले सुन्यौँ बजेटमा आम्दानीको स्रोत ३१ प्रतिशत ऋणबाट पूर्ति हुन्छ । त्यो ऋण पूर्वाधार निर्माण वा विकास र उत्पादनमा होइन सीमित मान्छेलाई घिउभात खुवाउन खर्च हुन्छ । माथि प्रस्तुत बजेटको ६० प्रतिशत चालु खर्च २० प्रतिशत ऋणको ब्याज अनि २० प्रतिशतले विकास निर्माणमा वर्गीकरण छ । जम्मा २० प्रतिशतले विकास निर्माण कसरी र कति हुन्छ ? दातृ निकायबाट ऋण या अनुदान प्राप्त नभए यो २० प्रतिशत पनि सम्भव हुँदैन । अनि यता प्रदेश सङ्घबाट कति बजेट प्राप्त होला भनी हात थापेर बसेको छ ? आजसम्म प्रदेशहरूले आम्दानीको स्रोत खोज्न नसक्नु कमजोरीमात्र होइन असफलता हो । यसलाई अर्थविज्ञहरू सङ्घीयताकै असफलता पनि भन्छन् ।

विद्यमान व्यवस्थाले गरिबीको रेखामुनिबाट भर्खर माथि उठेका, खाडी गएर, स्वदेशमै श्रम गरेर या खेत बेचेरै भए पनि आर्थिक रूपमा अलिक माथि उक्लेका वर्गलाई पनि फेरि भुइँमै थचार्छ । अनि सम्भ्रान्तवर्गलाई झन् धनी बनाउँछ । प्रदेश नीति कार्यक्रमले यो व्यवस्थाको मलजल गरिरहेको छ । एउटा उदाहरण लिऊँ - बजारले राज्य कसरी चलाउँछ ? बजारलाई सरकारले कसरी सघाउँछ ? राज्यले भुइँ मान्छे या निम्न मध्यम वर्गीय जनतालाई कसरी सघाउँछ ।

यतिबेला बजारमा पेट्रोलियम पदार्थको मागअनुसार पूर्ति छैन । त्यसैले, अचाक्ली मूल्यवृद्धि गरियो । बजारले जनतालाई विकल्पमा 'इन्डक्सन चुलो प्रयोग गर' भन्यो । सकी नसकी जनताले किने तर सरकारले अब बिजुलीमा ५० युनिटमाथि ५ प्रतिशत भ्याट लगाउने भएको छ । यो एउटा दृष्टान्त हो । अझ गैरजिम्मेवारीपूर्ण कुरा त "यो पाँच प्रतिशत भ्याट भनेको १०० रुपैयाँमा पाँच रुपैयाँ मात्र हो" भन्ने प्रधानमन्त्रीको अभिव्यक्ति हो । बिजुली र तेलमा मूल्यवृद्धि भनेको अत्यावश्यक दैनिक वस्तु एवं खाद्य वस्तुमा मूल्य बढ्नु हो । उत्पादनको लागत गरिब उपभोक्ताकै टाउकोमा बजारिने हो । कर या भ्याट पनि त्यसरी नै बजारिन्छ । यति नबुझिकन प्रदेशको बजेट नबनाउन प्रदेश अर्थमन्त्रीलाई आग्रह गर्दछु ।

नेपाली जनतालाई भन्दा भारतलाई सस्तोमा विद्युत् बिक्री गरेर देश विद्युतीकरणमा जान सक्दैन भन्नु प्रधानमन्त्रीको अर्को गैरजिम्मेवारीपूर्ण र आपत्तिजनक अभिव्यक्ति हो । विद्युत्मा आत्मनिर्भर हुन सक्ने सम्भावना प्रचुर भएको देश विद्युतीकरणमै जाने हो । पेट्रोलियम पदार्थको आयातले सधैँ ठुलो व्यापार घाटामा जाने हाम्रोजस्तो देशले नवीकरणीय ऊर्जाको स्रोत नै खोज्ने हो, हाम्रो विकल्प त्यही हो । तर, अहिलेसम्मका नीति कार्यक्रम तथा बजेटहरू उल्टो दिशामा हिँडिरहेका छन् । वाग्मती प्रदेशको नीति कार्यक्रम भिन्न छैन ।

नीति कार्यक्रममा उद्योग सञ्चालनका कुरा खै मुख्यमन्त्रीज्यू ? हामीले त अहिलेको मुख्यमन्त्री उत्पादन र औद्योगिक विकासमा जोड दिने व्यक्ति भनी सुनेका थियौँ । मुख्यमन्त्रीकै जिल्ला भएर होला 'बृहत्तर हेटौँडा' अवधारणाको कुरा छ । ठिक्कै छ, यहाँ उद्योग सञ्चालन या बिउँताउने कुरा पनि गरौँ न ! हेटौँडा कपडा उद्योग जो चीनले नेपाली माटो सुहाउँदो बनाइदिएको उद्योगमध्ये एक हो । जसले २०३५/३६ सालको हेटौँडालाई गुल्जार बनाएको थियो । उतिबेलै १२०० मजदुरलाई काम दिएको उद्योग थियो त्यो । उद्योगका लागि आवश्यक कपास नेपालमै उत्पादनको बाटो खुलेको थियो । नेपालको हावापानी अनुकूल कपास उत्पादन नेपाली अर्थतन्त्रको अर्को सम्भावना हो । उत्तिबेलै विदेशबाट कपास आयात रोक्ने क्षमता नेपालको कपडा उद्योगले दिलायो । त्यतिमात्र होइन त्यो उद्योगबाट उत्पादित कपडाको माग पुऱ्याउन नसक्ने गरी माग थियो । २० औँ वर्ष कारखानामा काम गरेका कर्मचारीहरू भन्दै छन्, "मेसिन मर्मत गर्ने हो भने फेरि चल्छ कपडा उद्योग । हामी उद्योग चलेको हेरेर मर्न चाहन्छौँ ।" लौ न ! वाग्मती प्रदेशले तत्कालका लागि हेटौँडा कपडा उद्योग सञ्चालन गर्ने हिम्मत गरोस् । हरिसिद्धि इँटा टायल, भृकुटी कागज कारखाना, बाँसबारी छालाजुत्ता उद्योगलगायतका थुप्रै उद्योग बिस्तारै बिउँताऔँला ।

नीति कार्यक्रममा कृषिसँग जोडिएका ठुलठुला शब्दावली छन् तर कृषिलाई उद्योगसँग जोड्ने कुरा छैन, कार्यान्वयनको वैज्ञानिक र व्यावहारिक आधार छैन । कपासमा देश आत्मनिर्भर बन्ने सम्भावनालाई छोडेर के प्रदेश अब 'गाजा खेतीमा' लाग्दै छ ? यसले राम्रो परिणाम पक्कै आउने छैन ।

देशको श्रमशक्ति युवालाई विदेश पठाएर अब के हामी 'आरोग्य केन्द्रहरू' मात्र खोलेर बस्ने हो ? वास्तवमा युवाहरूलाई शिक्षा, रोजगारी र खेलमैदानहरूले स्वस्थ राख्छ, फुर्तिलो राख्छ । त्यततर्फ नीति कार्यक्रम बोल्न सकेको छैन । डिजिटलाइजेसनको खुब चर्चा छ । तर, हिजोको संसद् बैठकको लाइभ या प्रत्यक्ष प्रशारणसमेत गर्न सकेन । अझ भिडियो क्वालिटी यति कमसल देखिरहँदा डिजिटल प्रदेशको नारा पटक्कै नसुहाएको अनुभव हुन्छ ।

नीति कार्यक्रमका अधिकांश कार्यक्रम सातै वर्ष दोहोरिएका छन्, विचार उही पुरानो छ । यसर्थ, विचार र दृष्टिकोण पक्षमा हाम्रो असहमति छ र कार्यान्वयन पक्षमा हामीलाई आशङ्का छ ।

*(वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजूले 'वाग्मती प्रदेशको नीति तथा कार्यक्रम २०८३' माथि जेठ १९ गते सभामा भएको छलफलको क्रममा राख्नुभएको विचारको सम्पादित अंश)*

# 'माल पाएर के गर्नु, चाल पाए पो !'

शक्ति राष्ट्रहरूले पहिलेदेखि स-साना र कमजोर देशहरूलाई आ-आफ्नो हितमा प्रयोग गर्दै आइरहे । नेपालको आजको स्थितिमा परिस्थिति छर्लङ्ग हुँदै छ । २००७ सालको सशस्त्र क्रान्ति कहाँबाट र कसको सहयोगले भयो ? एमाओवादीको नाउँबाट भएको विद्रोह पनि भारतबाटै भएकोमा आज कसैले असहमति जनाउने छैन । २०८२ को भदौ २३ र २४ गतेको आगलागी र देशभरको विध्वंस पनि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको जानकारीमा भएको बारे सबै नेपालीले झन्झन् बुझ्दै छन् ।

साइकल चढ्न नजान्नेलाई साइकल दान दिएपछि पाउने व्यक्तिले बोकेर हिँड्नुभन्दा अरू के गर्लान् ? प्रधानमन्त्रीलाई आफूले संसद्मा के बोल्नु हुन्छ, के बोल्नु हुँदैन र आफू प्रतिनिधिसभाप्रति उत्तरदायी छु भन्नेबारे थाहा नपाएपछि के गर्ने ?

लाजगाजको पनि ख्याल नाखेर प्रधानमन्त्रीले 'नेपालले पनि भारतका भूमि चिचोमिचो गरेको' भूट तथा अप्रासङ्गिक विषय बोलेकोमा माफी माग्नुको विकल्प राजीनामा दिने मुद्दामा देखिएको व्यापक चर्चा चल्यो । त्यसलाई जोगाउनलाई मात्र परराष्ट्रमन्त्री शिशिर खनालले 'करेक्सन गरे' अर्थात् सच्याए भन्ने हल्लाले अर्को प्रश्न उठ्यो । प्रधानमन्त्रीको इच्छा र भनाइलाई 'सच्याउने' र 'हेरफेर' गर्ने अधिकार परराष्ट्रमन्त्रीलाई हुने गर्दैन । प्रधानमन्त्रीको राजीनामा र शिशिर खनाल आफै 'प्रम' भएपछि मात्रै प्रधानमन्त्रीको भनाइ सच्याइएको मानिन्छ । के सरकारको यही तयारी हो (?) वा संसदीय बन्दोबस्तलाई पनि एउटा हाँक हो ?!'

त्यसबारे प्रतिपक्षले 'दुर्भाग्यपूर्ण बतायो । *('अन्नपूर्ण' - २८ जेठ, २०८३)*

XXX

अर्थमन्त्रीले पनि आफ्नो बजेट भाषणकै अङ्कमा हेरफेर गरेकोमा जनताको ठुलो आपत्ति सुनियो । बाध्य भएर सच्याएकै कारणले अर्थमन्त्रीको आर्तनाद सुनियो, "वित्तीय अपराधी समूहबाट प्रधानमन्त्री र ममाथि आक्रमण" भएको उनले दाबी गरे ।

यो आर्तनाद र गुहारले 'प्रचण्ड' सरकारका अर्थमन्त्रीको पनि बजेट बनाउने गुप्त कोठामा समेत 'अपराधी समूह' का व्यक्ति पुग्दा केही भएन भनी प्रश्न गर्दैमा अर्थमन्त्री भाग्ने ठाउँ कहाँ छ ?

त्यतिमात्र होइन 'अपराधी समूह' बाट प्रश्न गर्नेछन् - 'हिजो घोषणापत्र' लेखेकै दलको विरोधमा अर्को पार्टीको तर्फबाट निर्वाचन कुन राजनैतिक नैतिकताको आधारमा अर्थमन्त्री बन्यौ ?' सम्भवत: यसको सरल उत्तर राजनीतिबाट सन्न्यास हो । किनभने, नालायकीपन र अज्ञानताको पनि एउटा सीमा होला ! हो, 'घोषणापत्र' लेख्ने, बेच्ने र 'घोषणापत्र' प्रति प्रतिबद्धता फरक नैतिकता हो ।

XXX

प्रधानमन्त्री 'रामचन्द्र पौडेल र 'प्रधानमन्त्री ....' भनी सभामुखले संसद्मा एकैबाजी दुई जना प्रधानमन्त्रीको नाम लिँदा सदनमा एकछिन स्तब्ध र अन्योल छायो । के गर्ने ?! 'नपाउनेले केरा पायो, बोक्रासमेत खायो' भन्ने उखानले व्यापकता पायो ।

हो त, 'माल पाएर के गर्नु, चाल पाउनु' आवश्यक छ ।

# चीनको निर्यातमा उल्लेख्य वृद्धि

पेइचिङ, २६ जेठ (एएफपी) । मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व व्यापार र आपूर्ति प्रणालीमाथि दबाब बढिरहेका बेला चीनको निर्यात मे महिनामा अपेक्षाभन्दा बलियो रूपमा बढेको छ । मङ्गलबार सार्वजनिक सरकारी तथ्याङ्कअनुसार विश्वको दोस्रो ठुलो अर्थतन्त्र चीनबाट हुने निर्यात गत वर्षको सोही अवधिको तुलनामा १९.४ प्रतिशतले वृद्धि भएको छ, जसले बजारको अनुमानलाई समेत उछिनेको छ ।

चीनको भन्सार प्रशासन (जीएसी) का अनुसार मे महिनाको निर्यात वृद्धिदर अप्रिलको १४.१ प्रतिशतबाट थप उकालो लाग्दै १९.४ प्रतिशत पुगेको हो । अर्थशास्त्रीहरूले ब्लुमबर्गमार्फत गरिएको सर्वेक्षणमा १५ प्रतिशत वृद्धि हुने अनुमान गरेका थिए । वास्तविक तथ्याङ्क त्यो अनुमानभन्दा उल्लेख्य रूपमा माथि देखिएको छ ।

त्यसैगरी, चीनको आयात पनि बलियो रह्यो । मे महिनामा आयात वार्षिक आधारमा २७.४ प्रतिशतले बढेको छ । यो वृद्धिदर पनि ब्लुमबर्गको २६ प्रतिशतको पूर्वानुमानभन्दा उच्च रहेको छ । आयात र निर्यात दुवै क्षेत्रमा देखिएको मजबुत विस्तारले बाह्य व्यापार चीनको अर्थतन्त्रका लागि अझै महत्त्वपूर्ण सहारा बनेको सङ्केत गरेको छ ।

विशेषगरी संयुक्त राज्य अमेरिकातर्फको निर्यात उल्लेखनीय रूपमा बढेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पेइचिङ भ्रमणका क्रममा व्यापार सम्बन्ध प्रमुख एजेन्डाका रूपमा रहेको अवस्थामा चीनको अमेरिकातर्फको निर्यात एक वर्षको अवधिमा ३५.४ प्रतिशतले वृद्धि भएको जीएसीले जनाएको छ ।

तथ्याङ्कअनुसार अमेरिकामा चीनको निर्यात मे महिनामा ३९ अर्ब अमेरिकी डलर पुगेको छ । गत वर्षको सोही महिनामा यो रकम २८ अर्ब ८० करोड डलर थियो । त्यतिबेला ट्रम्प प्रशासनको व्यापार नीतिका कारण दुवै देशबिचको व्यापारिक गतिविधिमा दबाब परेको थियो ।

निर्यातमा आएको यो वृद्धि चीनको अर्थतन्त्रका लागि सकारात्मक सङ्केत मानिएको छ । चीनले लामो समयदेखि उत्पादन र निर्यातमा आधारित वृद्धिको मोडललाई बिस्तारै घरेलु उपभोगमा आधारित बनाउने प्रयास गरिरहेको छ । तर अपेक्षाअनुसार आन्तरिक माग बलियो बन्न नसक्दा बाह्य व्यापार अझै पनि अर्थतन्त्रको प्रमुख आधार बनेको छ ।

यद्यपि चुनौतीहरू कायम छन् । कमजोर घरेलु माग, मध्यपूर्व द्वन्द्वका कारण बढ्दो ऊर्जा लागत तथा अन्तर्राष्ट्रिय ढुवानी व्यवस्थामा देखिएका अवरोधले आर्थिक गतिविधिमाथि दबाब सिर्जना गरिरहेका छन् । आधिकारिक तथ्याङ्कले दुई महिनाको विस्तारपछि मे महिनामा चीनको उत्पादन क्षेत्रको गतिविधि लगभग स्थिर अवस्थामा पुगेको देखाएको छ ।

ऊर्जा तथा रासायनिक उद्योगसँग सम्बन्धित कच्चा पदार्थको मूल्य बढ्दै जाँदा कारखानाहरूको उत्पादन लागत पनि बढिरहेको छ । ढुवानीमा देखिएका समस्या र आपूर्ति शृङ्खलामा परेको असरका कारण उत्पादन क्षेत्रले थप चुनौती सामना गरिरहेको विश्लेषकहरूले बताएका छन् ।

यद्यपि यी चुनौतीका बिच निर्यात र आयात दुवै क्षेत्रमा देखिएको अपेक्षाभन्दा राम्रो प्रदर्शनले चीनको बाह्य व्यापार अहिले पनि विश्व आर्थिक अनिश्चितताबिच तुलनात्मक रूपमा मजबुत रहेको सङ्केत दिएको छ ।

पुस्तक परिचय


● जमिला

# ‘शैक्षिक अनुभव’ का पछिल्ला दुई अङ्क र केही कुरा

*वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) र समकालीन शिक्षक, अगुवा, समाजसेवीहरूले पुरानो समाज फेर्न शिक्षा र चेतनाको दियो बाल्नुभयो । अझ भनौँ “क्रान्ति अधिको क्रान्ति” थाल्नुभयो । व्यवस्था परिवर्तनको निम्ति लड्न पनि शिक्षा चाहिन्छ । व्यवस्था परिवर्तन अगाडि पनि शैक्षिक, सामाजिक क्रान्ति सम्भव छ भन्ने उदाहरण बन्यो भक्तपुर । आज भक्तपुरलाई “शिक्षापुर” भन्न रुचाउँछन् प्राज्ञहरू । शिक्षा, विचार र चेतनाको गन्तव्य मात्रै होइन त्यो सँगै आउने नैतिकता, इमान र जनसेवी भावनाको सहर पनि हो भक्तपुर ।*

नेता फिडेल क्यास्ट्रो भन्नुहुन्थ्यो, “शिक्षा सबैथोक हो, शिक्षा भविष्य हो, शिक्षा क्रान्तिको आधार हो । अनि शिक्षक क्रान्तिका संवाहक हुन् ।” क्युवाली क्रान्तिताका नेता फिडेलले बोल्नुभएको विचार हो यो । सन् १९५९ मा क्युवाली क्रान्ति भयो । त्यसपछि पुरानो सामन्ती समाज व्यवस्थालाई जरैदेखि उखेल्न शैक्षिक क्रान्ति अगाडि बढ्यो । सिङ्गो देशलाई शिक्षित बनाउनु क्रान्तिभित्रको पनि क्रान्ति हो भन्ने फिडेलको विचार नयाँ अभियान बन्यो । शिक्षा, चेतना र विचारको जगमा मात्र क्रान्ति हुर्कन्छ, समाजवाद बलियो बन्छ




भन्ने फिडेलको भावनाको पुस्तान्तरण भने सबैभन्दा बढी शिक्षकहरूले गरे, विद्यालय विद्यालयबाट भयो । त्यसकारण आज पनि क्युवा शिक्षित छ, उज्यालो छ, विचारले बलियो छ । अनि अमेरिकी साम्राज्यवादसँग एक्लै जुझिरहेछ, समाजवादको रातो झण्डा फहराइरहेछ । समाजमा शिक्षा र शिक्षकको योगदान यतिको शक्तिशाली हुन्छ । परिवर्तन खोज्ने हरेक समाजको कथा यही हुन्छ सायद ।

क्युबाभन्दा धेरै टाढाको देश हो नेपाल । नेपालभित्र पनि सानो जिल्ला भक्तपुरले झन्डै ६/७ दशक अगाडि त्यो परिवर्तन खोज्यो । जनतालाई नपढाउने राणा शासनविरुद्ध विद्रोह बोल्यो । राजधानीको छेवैमा रहे पनि शिक्षाको उज्यालो अनुभव गर्न नपाएका किसान–मजदुर वर्गका निम्ति शिक्षाको आन्दोलन सुरु भयो । वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) र समकालीन शिक्षक, अगुवा, समाजसेवीहरूले पुरानो समाज फेर्न शिक्षा र चेतनाको दियो बाल्नुभयो । अझ भनौँ “क्रान्ति अघिको क्रान्ति” थाल्नुभयो । व्यवस्था परिवर्तनको निम्ति लड्न पनि शिक्षा चाहिन्छ । व्यवस्था परिवर्तन अगाडि पनि शैक्षिक, सामाजिक क्रान्ति सम्भव छ भन्ने उदाहरण बन्यो भक्तपुर । आज भक्तपुरलाई “शिक्षापुर” भन्न रुचाउँछन् प्राज्ञहरू । शिक्षा, विचार र चेतनाको गन्तव्य मात्रै होइन त्यो सँगै आउने नैतिकता, इमान र जनसेवी भावनाको सहर पनि हो भक्तपुर ।

यो सहर बनाउन एक दुई पुस्ताका शिक्षकहरूले रगत पसिना बगाउनुभयो । नयाँ पुस्तालाई उज्यालो, बस्नलायक र गौरव गर्नलायक समाज निर्माणमा जीवन समर्पण गर्नुभयो । फिडेलको भाषामा चेतनाको पुस्तान्तरण गर्नुभयो, विचारको प्रवाह गर्नुभयो । ती शिक्षकहरू आज सेवा निवृत्त हुनुहुन्छ तर आज पनि सक्रिय हुनुहुन्छ । शिक्षा सेवाको औपचारिक यात्रामा पूर्णविराम लागे पनि बौद्धिक सेवा कर्ममा दत्तचित्त हुनुहुन्छ । त्यसको दृष्टान्त सेवा निवृत्त शिक्षक समाज भक्तपुर र समाजको मुखपत्र “शैक्षिक अनुभव” हो । आफ्नो शिक्षा, जीवनको अनुभव र ज्ञानले नयाँ समाज सिञ्चित गर्न सकिन्छ भन्ने उहाँहरूको आत्मविश्वास र दृढता गज्जबको छ । उमेरले बुढ्यौली लागेका अनि विचार र ज्ञानले युवा निवृत्त शिक्षकहरू भन्नुहुन्छ, “हामी अझै सबल छौं ।” सेवा कर्ममा उमेरको पावन्दी हुँदैन भन्ने ज्वलन्त उदाहरण हो, “शैक्षिक अनुभव ।”

यसको पछिल्लो पूर्णाङ्क १७ र १८ पनि सेवा निवृत्त शिक्षकहरूको शैक्षिक जीवन, अनुभव सङ्ग्रहको सिलसिला हो । विभिन्न कालखण्डमा राजनीतिक, सामाजिक अप्ठ्यारा पार गर्दै समाज परिवर्तनका निम्ति सङ्घर्ष गर्ने शिक्षाकर्मीहरूसँग “शैक्षिक अनुभव”हरूमा पाठकको भेट हुन्छ । पूर्णाङ्क १७ मा प्राध्यापक पृथुचरण वैद्यलाई चिनाउने न्हुछेभक्त कवांको पठनीय लेख छ । वैद्यले आफ्नो जीवन शिक्षा क्षेत्रमा बिताउनुभयो । उहाँ नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँका अनन्य मित्र हुनुहुन्छ । उहाँहरूको विद्यालय जीवनताका भक्तपुरमा क्याम्पस त परको कुरा राम्रा मा.वि. विद्यालय पनि थिएनन् । काठमाडौँको दरबार क्याम्पसमा उहाँहरूले सँगै पढ्नुभएको, एउटै डेरामा बस्नुभएको सन्दर्भ पनि छ लेखमा । उहाँ २०५५ सालमा शिक्षाशास्त्र अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालयका डिन हुनुभयो । २०४७ सालमा शारदा क्याम्पसको स्थापना गर्नुभयो । उहाँको शैक्षिक जीवनका यस्ता थुप्रै जानकारी लेखमा छन् ।

मास्टर जगत सुन्दर मल्ललाई चिनाउने न्हुछेरत्न बज्राचार्यको नेपालभाषामा लिखित लेख रोचक छ । मास्टर जगतसुन्दर मल्लले सदैव मातृभाषामा पठनपाठनलाई जोड दिनुभयो । मातृभाषामा मान्छेले अझ बढी, अझ छिटो सिक्छन् भन्ने विचार उहाँको हो । अहिले मातृभाषामा सम्पूर्ण पठनपाठन नभएपछि मातृभाषा अध्ययनका लागि स्थानीय पाठ्यक्रमको व्यवस्था हुनुलाई पनि सकारात्मक पाइला मान्न सकिन्छ । यस अङ्कले मध्यपुरकै पहिलो पीएचडी व्यक्तित्व राधाकृष्ण जोशीको परिचय, भारतीय स्वतन्त्रता आन्दोलनमा दलबहादुर प्रजापतिको योगदान, निवृत्त शिक्षक ज्ञानलाल भोमिको अनुभव, शिक्षाको महत्त्वबारे निवृत्त शिक्षक कान्छा बासुकलाको कथा, आशाकाजी बासुकलाको जीवन, शिक्षक ज्ञानसागर प्रजापतिको युवा उमेर र अनुभवका कुरा छन् । एकजना शिक्षक शिक्षा क्षेत्रमा मात्र होइन तत्कालीन सामाजिक र राजनीतिक परिवर्तनका साक्षी र संवाहक पनि हुन्छन् भन्ने अनुभव “शैक्षिक अनुभव” पढ्दा हुन्छ । समाजका संस्थापक अध्यक्ष नाति कवांको याल्टा सम्मेलनबारे लेख, शिक्षक मोहनप्रसाद प्रजापतिको मन्तव्यसँगै केही शिक्षकहरूको अनुभव, विद्यार्थीहरूको प्रतिभा यस अङ्कमा सङ्कलित छ । यसको साभार खण्डले देशको समसामयिक राजनीतिक एवं शैक्षिक अवस्था बोध गराउँछ भने गतिविधि खण्डले निवृत्त शिक्षकहरूको क्रियाशीलता अनुभव हुन्छ ।

पूर्णाङ्क १८ मा वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंको मन्तव्य सङ्ग्रहित छ । कृतज्ञताको संस्कृति, आभारी बन्ने संस्कार समाज विकास र सभ्यताको द्योतक हो भन्नुहुन्छ सांसद गोसाईं । उहाँको मन्तव्यमा देशको वर्तमान अवस्था र नयाँ पुस्ताबारे चिन्ता र चिन्तन छ । बौद्धिक जगतले राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा सचेत भई सत्यको साथ दिनुपर्ने सन्देश पनि छ । शिक्षक रोशनराज तुईतुईले भक्तपुरको शिक्षामा अग्रजको योगदानप्रति आभार व्यक्त गरेका छन् । शिक्षक भवानीदास काजीको स्मृतिमा लेखिएको लेखमा उहाँको व्यक्तित्वमात्र होइन कलासंस्कृति संरक्षणमा योगदानको कथा पनि छ ।

शिक्षण पेशालाई पूजा गर्ने निवृत्त शिक्षकहरू दीर्घबहादुर शाही (जुम्ला) राजेन्द्रप्रसाद प्रधान, कृष्णप्रसाद धन्छा, शर्मिला श्रेष्ठ, जानकी बासुकला, श्यामलाल प्रधान, चन्द्रबहादुर उलकलगायत १२ जना शिक्षकका सङ्घर्षमय अनुभव सङ्ग्रहित छन् यो अङ्कमा । कविता, नियात्रा, निबन्ध, स्वास्थ्य सम्बन्धी जानकारीमूलक लेख, राष्ट्रिय अन्तर्राष्ट्रिय विषयको जानकारीले “शैक्षिक अनुभव” लाई अझ पठनीय बनाएको अनुभव हुन्छ । समग्रमा बुलेटिन निकै पठनीय र ज्ञानवर्धक छ । निरन्तर प्रकाशनको कामना । समाज विकास र निर्माणमा निवृत्त शिक्षकहरूको सक्रियता कायम रहोस् । निरोगी, सक्रिय र दीर्घ जीवनको कामनासहित उहाँहरूको योगदानप्रति आभार ।

# सीको प्रजग कोरिया भ्रमणपछि सम्बन्धको नयाँ खाका

सियोल, २७ जेठ (एएफपी) । चिनियाँ राष्ट्रपति सी चिनफिङको प्योङ्याङ भ्रमणपछि प्रजग कोरिया र चीनले द्विपक्षीय सम्बन्धलाई थप रणनीतिक र दीर्घकालीन स्तरमा लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रजग कोरियाली सरकारी समाचार संस्था केसीएनएका अनुसार दुवै देशका नेताहरूले सम्बन्धको भविष्यका लागि ‘दूरगामी खाका’ तयार पार्दै परम्परागत मित्रतालाई अझ सुदृढ बनाउने सहमति जनाउनुभएको छ ।




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलगायत विश्व नेताहरूसँग पेइचिङमा उच्चस्तरीय भेटवार्ता सम्पन्न गरेलगत्तै सीले सोमबार प्रजग कोरियाको दुर्लभ भ्रमण गर्नुभएको थियो । प्रजग कोरिया र रुसबिच पछिल्लो समय असाधारण रूपमा नजिकिएको सम्बन्धका बिच भएको यो भ्रमणलाई क्षेत्रीय शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ ।

केसीएनएका अनुसार राष्ट्रपति सी चिनफिङ र किम जोङ उनले दुई देशबिचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने विषयमा सन्तुष्टि व्यक्त गर्नुभएको छ । दुईदिने भ्रमणका क्रममा दुवै पक्षले क्रान्तिकारी मित्रता, राजनीतिक विश्वास र रणनीतिक सहकार्यलाई थप मजबुत बनाउने दृढता दोहोऱ्याएका छन् ।

भ्रमणको क्रममा सी र किमले कोरियाली मजदुर पार्टीको केन्द्रीय क्याडर प्रशिक्षण विद्यालयको संयुक्त अवलोकन गर्नुभएको थियो । त्यहाँ उहाँहरूले पार्टी नेतृत्व विकास र राजनीतिक प्रशिक्षणबारे छलफल गर्नुभएको केसीएनएले जनाएको छ । त्यसपछि दुवै नेताले कोरियाली युद्धमा ज्यान गुमाएका चिनियाँ सैनिकहरूको सम्मानमा निर्माण गरिएको मैत्री स्मारक परिसरमा वृक्षरोपण गर्नुभएको थियो ।

सीलाई प्योङयाङमा विशेष सम्मानसहित स्वागत गरिएको थियो । उहाँ आफ्नी पत्नी तथा वरिष्ठ सरकारी प्रतिनिधिमण्डलसहित प्रजग कोरिया पुग्नुभएको थियो । भ्रमण सम्पन्न भएपछि किमलाई पठाएको सन्देशमा सीले दुवै पक्षले साझा चासोका विषयमा गहन विचार आदानप्रदान गरी महत्त्वपूर्ण समझदारी हासिल गरेको उल्लेख गर्नुभएको छ ।

सीका अनुसार यो सहमतिले परम्परागत मित्रतालाई नयाँ ऊर्जा दिने, साझा विकास र समृद्धिलाई प्रोत्साहन गर्ने तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति तथा स्थिरताको संरक्षण गर्ने दुवै देशको प्रतिबद्धता झल्काउँछ ।

चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वाले पनि सी र किमबिच नयाँ युगअनुसार चीन- प्रजग कोरिया सम्बन्ध विकास गर्ने विषयमा महत्त्वपूर्ण सहमति भएको जनाएको छ । पेइचिङका सरकारी सञ्चारमाध्यमका अनुसार सीले कूटनीतिक, सुरक्षा, कानुन कार्यान्वयन तथा सैन्य सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

यस भ्रमणको अर्को महत्त्वपूर्ण पक्ष भने प्रजग कोरियाको आणविक कार्यक्रमबारे सार्वजनिक मौनता रह्यो । गत महिना ट्रम्पसँगको वार्तापछि ह्वाइट हाउसले प्रजग कोरियाको आणविक नि:शस्त्रीकरण दुवै पक्षको साझा लक्ष्य भएको जनाएको थियो । तर सी-किम शिखर वार्ताबारे चीन र उत्तर कोरियाका सरकारी सञ्चारमाध्यमले प्रकाशित गरेका विवरणमा आणविक नि:शस्त्रीकरणको कुनै उल्लेख गरिएको छैन ।

विश्लेषकहरूले यसलाई पेइचिङले उत्तर कोरियाको आणविक हैसियतलाई व्यावहारिक रूपमा स्वीकार गरिरहेको सङ्केतका रूपमा व्याख्या गरेका छन् । किम जोङ उनले पटक-पटक उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रम नत्याग्ने बताउँदै आउनुभएको छ । भ्रमणअघि उहाँकी बहिनी किम यो जोङले पनि उक्त कार्यक्रम उत्तर कोरियाको ‘कुनै सम्झौता नहुने सीमा’ भएको बताउनुभएको थियो ।

# सुधारिएको पुँजीवादको भ्रम

✍ प्रभात पटनायक

प्रगतिशील उदारवादी र सामाजिक जनवादीहरूमा एउटा समान धारणा पाइन्छ । (तुलनाका लागि नेपालमा रास्वपा, नेपाली काङ्ग्रेसजस्ता दललाई प्रगतिशील उदारवादी भन्न सकिन्छ भने एमाले, एमाओवादी आदिलाई सामाजिक जनवादी भन्न सकिन्छ । अनु.) उनीहरू पुँजीवादलाई 'सुधार्न' सकिन्छ भन्ठान्छन् । पुँजीवादलाई अझ मानवीय र समाजमा स्वीकार्य बनाउन सकिन्छ भनी विश्वास गर्छन् । राजनीतिक प्रजातन्त्रभित्रै आवधिक निर्वाचनमार्फत राज्यसत्तालाई प्रयोग गरेर यो काम गर्न सकिने उनीहरूको बुझाइ छ । यति मात्र होइन, सुधारिएको पुँजीवादलाई सदाका लागि संस्थागत गर्न सकिन्छ र यसले गर्दा समाजवादी सङ्घर्षको आवश्यकता पर्दैन भन्ने उनीहरू विश्वास गर्छन् ।

यसको लागि सैद्धान्तिक जग अर्थविद् जेएम किन्सले दिएका थिए । उनी क्याम्ब्रिजको अर्थशास्त्र विभागका कार्यरत थिए । उनी त्यस विभागको सुधारवादी परम्पराका बुद्धिजीवी थिए । उनले आफ्नो दर्शनलाई 'नयाँ उदारवाद' भन्थे । उनीभन्दा अगाडि उदारवादी अर्थनीतिअनुसार अर्थतन्त्रमा सरकार वा राज्यले हस्तक्षेप नगर्ने परिपाटी थियो । किन्सको 'नयाँ' को अर्थ राज्यले अर्थतन्त्रमा प्रभावकारी हस्तक्षेप गर्नुपर्छ भन्ने थियो । राज्यभित्र पूर्ण रोजगारी तथा आयको अझ समान वितरणका लागि राज्यले अर्थतन्त्रमा हस्तक्षेप गर्नुपर्छ भन्ने किन्सको मत थियो । विश्वयुद्धहरूपछि किन्सको विचारलाई धेरै सामाजिक जनवादी सरकारहरूले अपनाए । रोजगारी दर उच्च बनाउन र कल्याणकारी नीति लागु गर्न त्यसो गरिएको थियो । यी सबै तारतम्यको एउटै लक्ष्य थियो, 'मानवीय छवियुक्त पुँजीवाद' को निर्माण ।



विश्वयुद्धको समाप्तिपछि केही वर्षभित्र यो अर्थनीति नौलो प्रयोग बन्यो । युरोपभरि नयाँ उदारवादी अर्थनीति अपनाइयो । रोजगारी बढाउनका लागि सरकारी खर्च बढाउनुपर्छ । यसको लागि सरकारले कि घाटा व्यहोर्नुपर्छ कि धनीहरूमाथि करको भार बढाउनुपर्छ । वित्ततन्त्रले यसको अनुमति दिन्न । त्यसैले यो असम्भव हुन जान्छ । त्यसैले कल्याणकारी नीति त अपनाइयो तर त्यो फितलो बन्दै गयो । दृश्य बदलियो । यसको स्पष्ट चित्र फ्रान्समा फ्राँस्वा मितेराँ राष्ट्रपति बनेपछि देख्न सकिन्छ । बढ्दो बेरोजगारीविरुद्ध उनी राष्ट्रपति निर्वाचित भएका थिए । रोजगारी बढाउनका लागि उनले किन्सको अर्थनीति अपनाए । तर, रोजगारी बढेन । उल्टो फ्रान्सबाट वित्त बाहिरिन थाल्यो । फ्रान्सको मुद्रा फ्रेन्च फ्राङ्कको बजार भाउ घट्यो । यसपछि मितेराँले 'लगानीकर्ताहरूको विश्वास' पुन: आर्जन गर्न किन्सेली नीति फिर्ता लिनुपर्‍यो । एक जमात सेयर कारोबारीहरूलाई खुसी पार्नुलाई मिठो भाषामा 'लगानीकर्ताहरूको विश्वास' आर्जन गर्ने भनिन्छ । पुँजीवादलाई 'सुधार्न' हस्तक्षेप गर्नुको साटो राज्य आफै विश्वव्यापी वित्तीय पुँजीको कैदी बन्यो । चाहेर वा नचाहेर 'जसोजसो बाहुन बाजे उसै स्वाहा' भन्नुपर्‍यो । 'सुधारिएको' पुँजी एउटा भ्रम साबित भयो । उदारवादी वा सामाजिक जनवादी विचारका बुद्धिजीवी वा राजनीतिज्ञहरूले राखेको अचाक्ली आशा चकनाचुर भयो ।

नियन्त्रित पुँजीवादको भिजन/धारणा विश्वयुद्धपछि विकसित देशहरूमा मात्र सीमित रहेन । उपनिवेशवादविरुद्ध सङ्घर्ष गरेका दक्षिणी गोलार्द्धका धेरै देशमा दलाल पुँजीपतिभन्दा फरक देशभक्त र राष्ट्रिय पुँजीपति वर्गको तप्का पनि थियो । मुक्तिपछि ती देशहरू सार्वजनिक क्षेत्रको नेतृत्वमा 'समाजवादमुखी' बाटोमा हिँडे । त्यही अर्थतन्त्रभित्र ती पुँजीपति वर्गको भूमिका तय गरियो । भारत त्यसको एउटा उदाहरण हो । बेलायतबाट स्वतन्त्र भएपछि भारतमा विकासको लक्ष्य 'समाजवादी ढाँचाको समाज' निर्माण गर्नु हो भनियो । यो लक्ष्यतर्फ बढ्दै जाँदा अर्थतन्त्रभित्रै एक टापुको रूपमा रहेको पुँजीवादले उत्पादक शक्तिको विकासमा मद्दत गर्ने ठानिएको थियो । त्यो टापुलाई सजिलै नियन्त्रणमा राख्न सकिनेछ र अन्तिम लक्ष्यमा त्यसले बिथोल्न सक्ने छैन भन्ने अनुमान थियो ।

आज भारतमा उल्टो दृश्य छ । आयमा उच्च असमानता छ । विगत १०० वर्षमा यो तहको असमानता थिएन । विश्वकै उच्च असमान देशमा पर्छ भारत । चर्को असमानताले अर्को तथ्य पनि औँल्याउँछ - झन्डै ८० वर्षमा अपनाइएको अर्थनीति एकदम उल्टिएको छ । भर्खर स्वतन्त्र हुँदा भारतका शीर्ष १ प्रतिशत धनाढ्यहरूसँग राष्ट्रिय आयको जम्मा १२ प्रतिशत धन थियो । सन् १९८२ मा उनीहरूको धनमा कमी आएर जम्मा ६ प्रतिशत भयो । त्यसयता त्यो प्रतिशत बढ्दै गयो । सन् २०२२-२३ मा भारतका शीर्ष १ प्रतिशत धनाढ्यहरूसँग देशको २२.६ प्रतिशत राष्ट्रिय आय छ । यो नवउदारवादी अर्थनीतिको फल हो । (यो तथ्याङ्क 'विश्व असमानता डेटाबेस' बाट लिइएको हो ।)

यहाँनिर प्रश्न उठ्छ - नियन्त्रित र सुधारिएको पुँजीवादको भिजन/अवधारणा किन भ्रामक बन्न पुग्यो ? साम्राज्यवादी अर्थतन्त्रहरूमा 'निर्बाध पुँजीवाद' लाई बिउँताउनुपर्ने स्थिति आएपछि दक्षिणी गोलार्द्धका देशहरूमा समेत त्यसलाई पुन: अपनाउनुबाहेक अर्को उपाय रहेन । साम्राज्यवादी देशमा किन त्यस्तो स्थिति आइलाग्यो त ? यसको उत्तर खोज्न पुँजीवादको स्वभावभित्र पस्नुपर्छ ।

पुँजीवादबारे किन्सको बुझाइ अधकल्चो थियो । किन्सले एउटा कुरा राम्ररी बुझेका थिए, यो प्रणालीभित्र लिइने समस्त व्यक्तिगत निर्णय कुनै 'तर्कसङ्गत' हिसाबकिताबका आधारमा लिइन्छ भने पनि त्यसको परिणाम 'तर्कसङ्गत' नै निस्किन्छ भन्ने छैन । अर्को भाषामा भन्नुपर्दा पुँजीवादी प्रणालीमा अराजकताको रजाइँ चल्छ । किन्सले यो अराजकतालाई ठम्याए र यसबाट उम्किन राज्यले हस्तक्षेप गर्नुपर्ने देखे ।

अराजकता पुँजीवादको एउटा विशेषता मात्र हो । पुँजीवादको अर्को विशेषता पनि छ । शोषणकारी/दोहनकारी हुनुका साथै पुँजीवाद स्वत:स्फूर्त वा स्वचालित प्रणाली पनि हो । कुनै व्यक्तिले किन निश्चित व्यवहार देखाउँछ ? किनभने उसको व्यवहारलाई प्रतिस्पर्धाले आकार दिन्छ । पुँजीवादी प्रणालीको कार्यव्यपार कुनै रकमी व्यक्तिविशेषको इच्छा वा चेतनाभन्दा पर रहेर स्वतन्त्र ढङ्गले चल्छ । पुँजीवाद केही स्वत:स्फूर्त प्रवृत्ति वा नियमका आधारमा चल्छ ।

मार्क्सले एक यस्तै नियमको चर्चा गर्नुभएको छ । पुँजीमा केन्द्रिकृत हुने प्रवृत्ति हुन्छ । समयक्रममा पुँजीले झन्झन् विशाल आकार लिँदै जान्छ । तर, पुँजीको अर्को एक अनिवार्य प्रवृत्तिबारे उति चर्चा गरिन्न । त्यो के भने पुँजी आफ्नो बाटोमा तेर्स्याइने जस्तोसुकै छेकबारलाई छिचोलेर वा छलेर अघि बढ्न खोज्छ । बजारमा नयाँ वस्तु वा उपायहरू अघि सार्नुका पछाडि पुँजीको यही प्रवृत्तिले काम गर्छ । एक बिन्दुमा पुगेर यसले राज्यले लगाउने अवरोधहरू नाघ्न खोज्छ । सुरुमा जसले यो काम गर्न सक्यो उसैले बढी नाफा हात पार्छ । अर्को बिन्दुमा पुँजीले प्रविधिले लगाउने अवरोधहरू नाघ्न खोज्छ । सुरुमा जसले यो अवरोध छिचोल्न सक्यो उसलै बढी नाफा सोहोर्छ ।

एकैबाजि यी अवरोधहरू छल्ने कार्यमा पुँजी सफल नहुन सक्छ । तर, समयक्रममा उसले त्यो कार्य फत्ते गर्छ । पुँजीको केन्द्रीकरणले गर्दा यसको आकार बढिरहने हुनाले अवरोध छिचोल्ने उसको क्षमता पनि बढ्दै जान्छ । जस्तो, सानो पुँजीले छिचोल्न नसक्ने अवरोध ठुलो पुँजीले छिचोल्न सक्छ । कुनै कालखण्डमा छिचोल्न नसकिएको वा बन्धनकारी बनेको अवरोध पुँजी केन्द्रीकरण हुँदै जाँदा समयक्रममा छिचोल्न सकिने हुन सक्छ ।

यसकारण, नियन्त्रित पुँजीवाद पनि चिरञ्जीवी बन्न सक्दैन । लामो समयसम्म राज्यले पुँजीवादलाई नियन्त्रणमा राख्न सक्छ । केही समयलाई नियन्त्रित पुँजीवाद ठोस जस्तो लाग्न सक्छ । तर, बिस्तारै केन्द्रीकरण बढ्दै गएपछि कालक्रममा त्यो स्थिति अन्त्य हुन सक्छ ।

यो कुनै अनुमान होइन । किन्सको नीति यसरी नै फितलो बनेको थियो । कतिपय विकसित पुँजीवादी देशहरूले अस्थायी भुक्तानी सन्तुलन कायम गर्न अरू देशबाट अल्पकालीन रकम लिन सजिलो माने । यस्ता अल्पकालीन कोषले सुरुसुरुमा राज्यको आर्थिक पकडमा हस्तक्षेप गरेनन् । रोजगारी दर उच्च राख्न र कल्याणकारी खर्च गरिराख्न राज्यले यस्तो पकड राख्थ्यो । तर, पुँजीको केन्द्रीकरण बढ्दै जाँदा बाहिरबाट लिइने अल्पकालीन रकम पेन्सन कोषजस्ता विशाल संस्थाहरूमा जम्मा हुन थाल्यो । यस्तो रकम निकासी हुँदा अर्थतन्त्रमा ठुलो खाडल पर्थ्यो । त्यसैले राज्यले यस्तो निकासी रोक्न खोज्ने भयो । विश्वव्यापी वित्तीय पुँजीले भनेजस्तो नीति बनाएर मात्र यो काम सम्भव थियो ।

अर्को भाषामा भनौँ, किन्सले आफ्ना सामाजिक हितहरूका आधारमा राज्यले नीति बनाउनुपर्छ भनेका थिए । तर, यस्तो नीति बनाउने राज्यको स्वायत्तता सुरुमा अक्षुण्ण भए पनि पछि खुम्चिँदै गयो । यो आकस्मिक घटना थिएन । यो पुँजीवादको स्वभावभित्रै पर्छ ।

स्थिति पाठ्यपुस्तकमा पढाइने भन्दा फरक हुन्छ । पुँजीवादले बाटोमा तेर्स्याइने अवरोधलाई स्वीकार्दैन । उसले सदैव ती अवरोध छिचोल्ने प्रयास गर्छ । पुँजीको केन्द्रीकरण बढ्दै जाँदा समयक्रममा ऊ त्यो काम गर्न सक्षम पनि बन्छ । यस्तो स्थितिमा सुधारिएको पुँजीवाद वा कल्याणकारी पुँजीवादको भिजन/धारणा एउटा भ्रम बन्न पुग्छ । यस्तो भिजन पूरा गर्नका लागि राज्यले पुँजीवादी एक हदसम्म नियन्त्रण राख्नुपर्छ । यस्तो नियन्त्रणलाई समयक्रममा आफू सबल भएपछि पुँजीले भत्काउँछ भने अघिको भिजन अर्थहीन बन्नु स्वाभाविक छ ।

यो सामान्य सत्यकै कारण सामाजिक जनवादीहरू आज सङ्कटमा छन् । नवफासिवादीहरूबाट उनीहरू पराजित हुँदै छन् । वास्तवमा यो तिनको सैद्धान्तिक सङ्कटको राजनीतिक अभिव्यक्ति मात्र हो । किन्सेली नीति प्रभावहीन भएपछि यो सङ्कट आएको हो ।

कल्याणकारी पुँजीवाद फोस्रो भ्रम भएपछि अब समाजवादको कुनै विकल्प रहेन । समाजवादमा जाँदै गर्दा साना पुँजीवादी उद्यमहरूलाई खुला छोडिन्छ भने पुँजीका अनिवार्य प्रवृत्तिहरूलाई कसिलो नियन्त्रणमा राख्न एकदम होसियार हुनुपर्छ । पुँजीको केन्द्रीकरण एक यस्तै प्रवृत्ति हो ।

*(लेखक भारतीय अर्थविद् तथा राजनीतिक विश्लेषक हुनुहुन्छ । पुँजीवादी अर्थशास्त्रबारे उहाँका कैयन चर्चित पुस्तक प्रकाशित छन् ।*

*(स्रोत : एमआर अनलाइन । सम्यक)*

# क्रान्तिअघिको क्युवा : अमेरिकाको बजार

रिकार्डो ग्वेरेरो

सन् १९५९ को क्रान्ति हुनुभन्दा अगाडि क्युवा अमेरिकी धनाढ्यहरूको नवउपनिवेश थियो । क्युवामा तानाशाह फुल्जेन्सियो बाटिस्टाको तानाशाही थियो । देशमा चरम भ्रष्टाचार थियो । देशले विदेशी पुँजीसामु घुँडा टेकेको थियो । हवाना सहरमा क्यारिबियाको जुवाघर र वेश्यालय थियो । त्यहाँ आलिसान होटल, क्याबरे र क्यासिनोहरू थिए । जसका मालिक अमेरिकी माफियाहरू हुन्थे । त्यहाँ अमेरिकी पर्यटकहरूलाई मनोरञ्जन दिने नाउँमा क्युवाका हजारौँ महिलाहरूको शोषण हुन्थ्यो ।

हवानामा माफियाराज थियो । अमेरिकी यहुदी माफिया मायर लान्स्की सबैका सरदारजस्ता थिए । उनलाई बाटिस्टाका 'जुवा मन्त्री' भन्ने गरिन्थ्यो । उनले सरकारबाट बर्सेनि २५ हजार डलर लिन्थे र आफै जुवा अड्डाहरू सञ्चालन गर्थे ।

सान्टो ट्राफिसान्ते, लक्की लुसियानोजस्ता धनाढ्यहरूलाई अघि सारेर माफियाहरूले कैयन होटलमा लगानी गरेका थए । नासियोनल, रिभेरा, ट्रोपिकाना, काप्री, सान्स सुची नाम कमाएका होटल थिए । प्रत्येक होटलमा क्यासिनो चल्थ्यो ।




प्रत्येक जुवा अड्डाबाट बाटिस्टाले ठूलो कमिसन हात पार्थे । १० लाख डलरभन्दा बढी लगानी गर्ने होटललाई सरकारले लाइसेन्स बेच्ने नीति लियो । भ्रष्टाचार कति नाङ्गो थियो भने माफियाहरू खुलेआम दुई नम्बरी काम गर्थे । उनीहरूले क्युवालाई आफ्नो स्वर्ग बनाएका थिए । कालो धन सेतो पार्ने, वेश्यावृत्ति चलाउने र अवैध जुवा खेलाउने गर्थे ।

मुठ्ठीभर धनाढ्यहरूमा ठूला जमिनदार, भ्रष्ट व्यापारी र उच्च पदस्थ अधिकारी थिए । उनीहरू धनधान्यले परिपूर्ण थिए । धनाढ्यहरू मोजमस्तीमा बाँचिरहेको बेला क्युवाका बहुमत जनता ल्याटिन अमेरिकाको सबैभन्दा असमान समाजमा बाँचिरहेका थिए । चरम असमानता थियो । सन् १९५९ मा देशको गिनी सूचकाङ्क ०.५५-०.५७ थियो । (गिनी सूचकाङ्क ० देखि १ सम्म हुन्छ । ० ले समानता जनाउँछ भने १ ले चरम असमानता जनाउँछ ।)

सन् १९५० को दशकमा क्युवाका किसानको अवस्था नाजुक थियो ।

देशका ४३ प्रतिशत जनता गाउँमा बसोबास गर्थे । उनीहरूको जीवनस्तर दयनीय थियो । ०.५ प्रतिशत बिर्ता जमिनले ३६ प्रतिशत कृषियोग्य भूमि ओगटेको थियो । १ लाख ४७ हजार किसान परिवारले मासिक ७० रूपैयाँ (पेसो) मा जीवन निर्वाह गर्थे । लाखौँ गाउँले जनता (ग्वाहिरो) बेरोजगारी र अल्परोजगारीको मारमा थिए । उखु काट्ने बेलाबाहेक अथवा 'अफ सिजन' मा उनीहरू प्राय: बेरोजगार रहन्थे । उनीहरूले वर्षको ३-४ महिना मात्र काम पाउँथे । ग्रामीण निरक्षरता ४१.८ प्रतिशत थियो । सहरी क्षेत्रमा भने निरक्षरता दर ११.६ प्रतिशत थियो । ग्रामीण क्षेत्रमा कुपोषणले कक्रक्क पर्नु, सिटामोल नपाएर मर्नु र झुपडीहरू ( बोहियो) मा बस्नु नियतिजस्तै थियो ।

सहर वा खासगरी हवानामा मुठ्ठीभर मानिसको जीवन चमकधमकपूर्ण थियो । तर, नजिकै मानिसहरू सुकुम्बासी बस्तीमा बस्थे । कुलिनहरू आलिसान भवनमा बस्ने, आयातित कारमा चढ्ने र क्यासिनोहरूमा पार्टी गर्ने गर्थे । त्यही बहुसङ्ख्यक जनता गरिबी, बेरोजगारी र अपमानले छटपटिएका थिए । यो चरम असमानताले गर्दा जनतामा आक्रोश थियो ।

बाटिस्टाको अत्याचार कहालिलाग्दो थियो । उसका प्रहरी र सेनाले विपक्षीहरूलाई यातना दिने, तिनको हत्या गर्ने र बेपत्ता पार्ने गर्थे । भौतिक अभाव, चरम असमानता, भ्रष्टाचार, माफियाराज र राष्ट्रिय गरिमाको तेजोवधले क्रान्तिको झिल्को बाल्यो । क्युवाली जनता वाक्कदिक्क थिए । क्युवालाई वासिङ्टनको मौजा बनाइएको थियो । यस्तो परिवेशबीच फिडेल क्यास्त्रो, चे ग्वेभाराजस्ता दाह्रीवाल लडाकूहरूले जुलाई २६ आन्दोलन चलाए । यसले जनतामा सामाजिक न्याय हासिल गर्ने र सार्वभौम बन्ने आशा जगायो ।

आज साम्राज्यवादीहरू क्युवामा क्यासिनो खोल्न चाहन्छन् । ६ दशकपछि संरा अमेरिका पुन: जुर्मुराएको छ । सन् १९५९ मा गुमेको 'स्वर्ग' फिर्ता लिन उसले कम्मर कसेको छ । आर्थिक नाकाबन्दी लगाएर, विध्वंस मच्चाएर र प्रतिक्रान्तिकारीहरूलाई साथसहयोग दिएर उसले क्रान्तिलाई कमजोर पार्न चाहेको छ । क्युवालाई फेरि एकपल्ट आफ्नो क्यासिनो, वेश्यालय र नाफा कुम्ल्याउने भाँडो बनाउन खोजेको छ ।

वासिङ्टन क्युवाको सार्वभौमिकता खोस्न चाहन्छ । जनताका स्रोतसम्पदालाई निजीकरण गर्न चाहन्छ । क्युवाली जनतालाई पुन: अमेरिकाका ठूला पुँजीपति र माफियाहरूका हरूवाचरुवा बनाउन चाहन्छ । क्युवाली क्रान्तिका अनेक कठिनाइ र कमीकमजोरी हुँदाहुँदै पनि त्यसले जनताको गरिमा फर्कायो । अमेरिकी साम्राज्यको वेश्यालय बन्न नचाहने जनतालाई शिर उँचो पारेर हिँड्न सक्ने स्वाभिमानी बनायो ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*

# क्युवाको पुनः कब्जा

✍ जफारी एस. एलेन

*(एउटा अभियोग, सर्वोच्च अदालतको फैसला र क्यारिबियन सागरमा एउटा एयरक्राफ्ट क्यारियर : वाशिङ्टनले क्युवा पुनः प्राप्तिको लागि पुराना जफत गर्ने दाबीहरूलाई कानुनी संयन्त्रमा रूपान्तरण गर्दै छ ।)*

१९६० मा क्युवाले अमेरिकी मालिकहरूबाट आफ्नो बन्दरगाह, चिनी कारखानाहरू र शक्ति फिर्ता लियो । गत मे महिनामा, वाशिङ्टनले त्यसलाई फिर्ता लिन कदम चाल्यो : वाशिङ्टनले राउल क्यास्ट्रोलाई १९९६ को 'ब्रदर्स टु द रेस्क्यु' विमान खसालेको (Brothers to the Rescue Shootdown) अभियोग लगायो, क्यारिबियाली सागरमा मा एयरक्राफ्ट क्यारियर पठायो र जफत गरिएको सम्पत्तिमाथिको दाबीको लागि सर्वोच्च अदालतको समर्थन जित्यो । यो कदम कामचलाउ बनाइएको होइन । यो अभियान अस्तव्यस्त देखिन्छ, वर्तमान अमेरिकी शासनको धेरैजसो तमासाजस्तै, तर यसको प्रभाव त्यस्तो छैन ।

यो अभिसरणको पछाडि पुरानो संयन्त्र लुकेको छ । अमेरिकी राष्ट्रपति आइजेनहावरको पालामा सुरु भएको र केनेडीको कार्यकालमा कडा पारिएको अमेरिकी नाकाबन्दी, आज जीवित धेरैजसो क्युवालीहरूभन्दा पुरानो भइसक्यो । १९९६ देखि लागू भएको अमेरिकी कानुन, हेल्म्स-बर्टन ऐनले अमेरिकी नागरिकहरूलाई क्युवाले अमेरिकीहरूबाट जफत भएको सम्पत्ति प्रयोग गर्ने कुनै पनि कम्पनीलाई मुद्दा हाल्न अनुमति दिन्छ, चाहे त्यो कम्पनी क्युवामा डक् गर्छ, जहाजमा ढुवानी गर्छ वा निर्माण गर्छ । ती अमेरिकीहरू प्रायः अमेरिकी निगमहरू र निर्वासनमा अमेरिकी बनेका क्रियोल परिवारहरू थिए ।१९६० को दशकदेखि विदेशी दाबी निपटान आयोगले आफ्ना ५,९१३ प्रमाणित दाबी राखेको छ, जसको मूल्य १.९ अर्ब डलर सावाँ र लगभग ९ अर्ब ब्याजसहित रहेको छ । पर्खिरहेको छ । नयाँ कुरा डिजाइन होइन तर यसको गति हो, कब्जा र पुनः कब्जा ।

हालै पुनः कब्जाको गति तीव्र भएको छ : जनवरी ३, २०२६ मा, अमेरिकी सेनाले भेनेजुयलाका राष्ट्रपतिलाई कराकसमा बिहानै गरिएको आक्रमणमा कब्जा गर्‍यो र सोही अपरेसनमा ३२ क्युवाली अधिकारीहरूलाई मारे । उक्त आक्रमणले क्युवाको जीवनरेखामध्ये एक : भेनेजुयलाबाट तेल आपूर्तिलाई काट्यो । मेक्सिकोले अभाव पूर्ति गर्न खोज्यो, तर केही हप्ताभित्रै, वाशिङ्टनले क्युवालाई आपूर्ति गर्ने कुनै पनि देशमा कर (Tariff) लगाउने धम्की दिएपछि ढुवानी रोकियो । मे महिनासम्ममा, हवानाका केही भागहरू दिनको २० घण्टासम्म अँध्यारो (लोडसेडिङ) हुन थाले । अब ट्रम्प भन्छन्, इरानको समस्या समाधान भएपछि अमेरिकाले लादेको शासन परिवर्तनको अर्को देश क्युवा हुनेछ ।




"हामी जिउँदै मरिरहेका छौँ," एक क्युवाली टेलिभिजन निर्देशकले गत हप्ता भने । तैपनि, नाकाबन्दी समान रूपमा वहन गरिएको छैन । मैले १९९८ मा क्युवामा मैले सुरु गरेको अनुसन्धान, जुन 'भेन्सेरेमोस' (के हामी जित्छौँ ?) बन्यो; त्यसमा अर्थतन्त्र ध्वस्त हुँदा र ग्रिड ध्वस्त हुँदा सबैभन्दा बढी धक्का कसले बेहोर्छ भनेर देखाइएको छ : मियामी (अमेरिका) बाट रेमिट्यान्स पाएका परिवारहरू होइनन्, न त सम्पत्ति फिर्ता पाउनका लागि आफ्नो समय बिताउँदै गरेका सम्भ्रान्तहरू । पूर्व नियोजित भोकमरीले आफ्नै राजनीति उत्पादन गर्छ, र नाकाबन्दीले 'उद्धार' को माग उत्पादन गर्छ । जब हवानाका जनसङ्ख्याविद् हुआन कार्लोस अल्बिजु-क्याम्पोस एस्पिनेराले 'हिंसाबाट जनसङ्ख्यालाई जोगाउन', 'अन्तर्राष्ट्रिय मानवीय हस्तक्षेप' र 'अन्तर्राष्ट्रिय शक्तिहरू' को लागि आह्वान गर्छन्, उनी त्यो आपत्कालको कोणबाट बोलिरहेका हुन्, अमेरिकी आक्रमणलाई निम्तो दिइरहेका होइनन् । तर, जबरजस्ती हस्तक्षेप नगरी राहत दिन वाशिङटन र मियामीले निरन्तर अस्वीकार गर्दै आएका छन् ।

बरु, मे २० का दिन क्युवाली स्वतन्त्रता दिवसमा, न्याय विभागले १९९६ मा निर्वासित-बोकेको दुई विमान खसालेकोमा ९४ वर्षीय राउल क्यास्ट्रोलाई अभियोग लगायो । अभियोगपत्रमा घटनाको ३० वर्षपछि एक पूर्वराष्ट्रप्रमुखको नाम राखिएको छ र वाशिङटनले यसलाई घोषणा गर्न मियामीको फ्रिडम टावरलाई रोजेको थियो : जून १९६० दशकदेखिको क्युवाली निर्वासनको प्रतीकात्मक प्रवेशद्वार हो । सुपुर्दगीको बारेमा सोध्दा, कार्यवाहक महान्यायाधिवक्ता टोड ब्लान्चले क्यास्ट्रो आफ्नै इच्छाले वा अन्य कुनै माध्यमबाट अमेरिका आउने बताए । तरिका सुपरिचित छ : लुमुम्बा, बिशप, एरिस्टाइड ... अर्को तरिका भनेको मादुरोको लागि कराकसमा भर्खरै प्रयोग गरिएको शैली हो ।

यो अभियोग लगाउने विमान-काण्ड १९९६ मा भएको थियो, तर अमेरिकाको पुरानो गुनासो भनेको क्षेत्राधिकारबारे हो । ६० वर्षसम्म, क्युवाले अभियोगमा उल्लेख गरिएको एउटा कुरालाई अस्वीकार गर्‍यो : कि अमेरिकी अदालत क्युवामा पुग्न सक्छ । क्युवाले नेहान्डा अबिओडुन र असाता शाकुरलगायत वाशिङटनले खोजेको अश्वेत मुक्ति अभियन्ताहरूलाई आश्रय दियो र उनीहरूको फिर्ताको हरेक माग र हरेक इनामलाई मौनताको जवाफ दियो । वाशिङटनले फिर्ता चाहेको कुरा कहिल्यै पनि सम्पत्ति मात्र थिएन; यो त्यस्तो राज्यको समर्पण हो जसले दुई पुस्तादेखि क्युवाली टापुमा अमेरिकी कानुनको प्रभुत्व रहेको कुरा अस्वीकार गर्दै आएको छ ।

अभियोग लगाइएको भोलिपल्टै, अमेरिकी सर्वोच्च अदालतले पुनः कब्जा कानुन बनायो । हवाना डक्स कर्पविरुद्ध रोयल क्यारिबियन क्रूज मुद्दामा, आठ न्यायाधीशले २०१६ देखि २०१९ सम्म हवानाको बन्दरगाह प्रयोग गर्ने क्रूज लाइनहरूले जफत गरिएको सम्पत्तिको तस्करी गरेको ठहर गरे र उनीहरूले तिर्नुपर्ने रकमको बारेमा थप कारबाहीको लागि मुद्दा फिर्ता पठाए । न्यायाधीश थोमसले निर्णय लेखे । न्यायाधीश कागानले एक्लै असहमति जनाए । न्यायाधीश सोटोमायर, न्यायाधीश काभानासँगै सहमत भए । यद्यपि, उनले चेतावनी दिइन् कि यसले सम्भावित रूपमा असीमित सङ्ख्यामा मानिसहरूबाट असीमित रकम असुलीलाई इजाजतपत्र दिन सक्छ ।

पुनर्प्राप्तिको त्यो खोजी यसको आधारमा जातीय रूपमा संरचित छ । सन् १९५९ मा क्युवामा कसको सम्पत्ति थियो जुन क्रान्तिले राष्ट्रियकरण गर्न सक्थ्यो ? अमेरिकी निगमहरू र क्युवाली क्रियोल वर्ग । १९६० सम्ममा, अमेरिकी कम्पनीहरूले क्युवाको ९० प्रतिशत बिजुली उत्पादन, यसको टेलिफोन प्रणाली र यसको अधिकांश खानी र चिनीको स्वामित्व वा नियन्त्रण गर्थे । विदेशी दाबी निपटान आयोगको प्रमाणित दाबीहरूले पूर्व-क्रान्तिकारी पुँजीको जातीय-वर्ग संरचनालाई प्रतिबिम्बित गर्‍यो । तिनीहरूभन्दा पर संरचनात्मक रूपमा गोरा क्रियोल निर्वासित समुदायले राखेका काम र पदवीहरूको विशाल ब्रह्माण्ड छ । रुबियो, डियाज-बालार्ट, सालाजार र जिमेनेजलगायत फ्लोरिडा क्युवाली-अमेरिकी कङ्ग्रेसनल प्रतिनिधिमण्डलले यसलाई आफ्नो परियोजना बनाएको छ, जुन कानुनी संयन्त्र निर्माणको लागि ६६ वर्ष पर्खिरहेको निर्वाचन क्षेत्रको विधायी शाखा हो । अश्वेत क्युवालीहरू, जसको अस्वतन्त्र र अर्ध-मुक्त श्रमले डकहरू, चिनी मिलहरू र बन्दरगाहहरू बनाएका थिए, उनीहरूले बनाएको सम्पत्तिमाथि कुनै प्रमाणित दाबी गर्दैनन् ।

मेरो पुस्तक 'भेन्सेरेमोस ? : द इरोटिक्स अफ ब्ल्याक सेल्फ-मेकिङ इन क्युवा' मा, मैले क्युवाको पर्यटन अर्थतन्त्रमार्फत यो जातीय भूगोल पत्ता लगाएँ : १९५९ अघिको प्लेजर कोलोनीदेखि सोभियत सङ्घ विघटनपछिको विशेष अवधिसम्म, जब पर्यटन फर्कियो र यसको बोझ फेरि असमान रूपमा घट्यो । २०१६ देखि २०१९ सम्मको क्रूज अर्थतन्त्र चक्रको तेस्रो मोड थियो । यो फैसलाले चौथो, ( होइ कोमो अयर) वर्तमानलाई जस्तै विगतलाई पनि अनुमति दिन्छ, जुन अब सङ्घीय कानुनद्वारा सुरक्षित छ ।

अमेरिकी पाठकहरूले यस अदालतको कामलाई मान्यता दिनेछन् : सम्पत्ति कानुनको तटस्थ भाषामा नागरिक अधिकार पूर्वको जातीय-आर्थिक व्यवस्था पुनर्स्थापित गर्ने । शेल्बी काउन्टीविरुद्ध होल्डर (२०१३) ले १९६५ को मतदान अधिकार ऐनको धारा ५ लाई नष्ट गर्‍यो र दोस्रो पुनर्निर्माणको नागरिक अधिकारका लाभ फिर्ता खोस्ने न्यायिक परियोजना त्यसबेलादेखि स्थिर छ । न्यायाधीश थोमसले शेल्बी काउन्टीमा र हवाना निर्णयमा सहमति लेखे । यो त्यही हात हो जसले २० औँ शताब्दीका पुनर्वितरणकारी हस्तक्षेपहरूलाई सम्पत्ति उल्लङ्घन वा संवैधानिक विसङ्गतिको रूपमा व्यवहार गरेर उल्ट्याएको छ । हवाना डक्स अन्तर्राष्ट्रिय अनुप्रयोग हो ।

जनसङ्ख्याविद्ले अन्तर्राष्ट्रिय मानवीय हस्तक्षेपको लागि आग्रह गरे । तर, के आउँदै छ त्यसमा केही 'मानवीय' हुने छैन । डक्सको फैसला आएको भोलिपल्टै युएसएस निमित्ज क्यारियर र यसको स्ट्राइक समूह क्यारिबियन सागरमा प्रवेश गरे र केही दिनपछि अमेरिकी दक्षिणी कमान्डका प्रमुखले ग्वान्टानामोको किनारमा क्युवाली जनरलहरूलाई भेटे । काराकस नाटक चलिरहेको छ, तर भेनेजुयला भेनेजुयला नै हो र क्युवा क्युवा नै हो । क्युवाको राष्ट्रिय नागरिक रक्षा जनरल स्टाफले क्युवाली परिवारहरूलाई (अमेरिकी) बमबारीका लागि निर्देशनहरू दिइरहेको छ । क्युवाका राष्ट्रपति मिगुएल डियाज-क्यानेलले अकल्पनीय परिणामसहितको रक्तपातको चेतावनी दिएका छन् । यसको अर्थ क्युवाली रगत जति बग्छ, उति नै अरूको पनि बग्नेछ । क्युवा चुपचाप अमेरिकी कब्जामा जाने उद्देश्य राख्दैन ।

***- 'अलजजिरा' बाट***

# कक्रोच मार्न तोप प्रयोग गर्दै छन् मोदी !

*(एक विद्यार्थीको प्यारोडी अकाउन्टले भारतको सबैभन्दा शक्तिशाली व्यक्तिलाई हल्लाएको छ र उनको छाला कति पातलो भएको छ भनेर पर्दाफास गरेको छ ।)*

भारतमा पछिल्ला हप्ताहरूमा, प्रधानमन्त्री नरेन्द्र मोदी-सरकारले महसुस गरेको गहिरो असुरक्षाको परिणामस्वरूप, 'कक्रोच जनता पार्टी' नामक व्यङ्ग्यात्मक प्यारोडी खाता खोलेका युनाइटेड कलेजका विद्यार्थीहरूको सामाजिक सञ्जाल रद्द (Deplatform) गरेका छन् ।

भारतका प्रधानन्यायाधीश सूर्यकान्तले पत्रकारिता र राजनीतिक अभियानतर्फ लागेका बेरोजगार युवाहरूलाई साङला (Cockroach) र परजीवी (Parasites) सँग तुलना गरेपछि कक्रोच जनता पार्टी (CJP) को उदय भयो । यो हानिरहित मजाकले चाँडै नै इन्स्टाग्राम र एक्स (पहिले ट्विटर) मा लाखौँ अनलाइन फलोअरहरूलाई आकर्षित गर्‍यो, जसको परिणामस्वरूप गर्दा बीबीसी, सीएनएन, द गार्जियन र फ्रान्स २४ बाट अझ बढी मिडिया कभरेज प्राप्त गर्‍यो, जसले गर्दा भारतको वृद्ध सरकारलाई ध्यान दिन बाध्य तुल्यायो ।

असन्तुष्टिलाई अर्थपूर्ण रूपमा सम्बोधन गर्नुको सट्टा, मोदी प्रशासनले यसलाई देशको 'राष्ट्रिय सुरक्षा' लाई खतरामा पार्ने र 'भारतको सार्वभौमिकर्ताको लागि खतरा' को रूपमा प्रस्तुत गरेको छ । यो समूहको वेबपेज अब देशमा पहुँचयोग्य छैन । वास्तवमा, सरकारले व्यङ्ग्यात्मक खातालाई विस्मृतिमा धकेल्न यसका विरूद्ध बहु-प्लेटफर्म दबाब अभियान सुरू गर्‍यो । यसको वेबसाइट हटाइयो, मन्त्री मण्डलले यसका संस्थापकलाई 'विदेशी' प्रभावमा रहेको आरोप लगाए र CJP संस्थापक, अभिजीत दिपकेविरूद्ध कारबाहीको माग गर्दै सर्वोच्च अदालतमा निवेदन दायर गरिएको थियो ।

यति भयङ्कर आक्रोशका साथ अनलाइन खाताहरू पछ्याउनु भनेको लामखुट्टे मार्न तोप प्रयोग गर्नुजस्तै हो ।

यो कल्पनाशील ठट्टाले भारतका युवाहरूमाझ रहेको पीडालाई सङ्केत गर्छ, जो रोजगारी बिनाबजारमा प्रवेश गर्छन्, गर्मीको लहरदेखि सास फेर्न नसक्ने




हावाजस्ता चरम मौसममा बाच्न बाध्य हुन्छन् र उनीहरूबाट माग गरिएको बलिदानको बारेमा निरन्तर व्याख्यान दिइन्छन् । गत महिनामात्र, स्नातक चिकित्सा विद्यार्थीहरूको लागि राष्ट्रिय प्रवेश परीक्षाको प्रश्नपत्र चुहावट भएपछि सम्झौता गरिएको पाइयो, जबकि स्कूलका विद्यार्थीहरू छुट्टै मार्किङ (पूर्णाङ्क गणना) काण्डको शिकार भए । सामाजिक सञ्जालमा आफ्नो निराशा व्यक्त गर्ने विद्यार्थीहरूलाई हाम्रो राज्य-प्रायोजित टेलिभिजन च्यानल, दूरदर्शनले 'पाकिस्तानी' भनेर सम्बोधन गर्‍यो । हामी अब एउटा यस्तो देश भयौँ जसले हाम्रा आफ्नै बच्चाहरूलाई साँचो चिन्ता व्यक्त गर्दा विश्वासघातको आरोप लगाउँछ । परीक्षा काण्डका कारण विद्यार्थीहरूमा आत्महत्याको श्रृङ्खला बढेको छ तर प्रधानमन्त्री नरेन्द्र मोदीले सान्त्वनाका केही शब्दहरू भन्न उत्प्रेरित भएनन् ।

उही उदासीनता अन्यत्र पनि देखिन्छ । मोदीको नेतृत्वको विशेषता भनेको भारतीय सीमाबाट पीडितहरूको दूरीको प्रत्यक्ष अनुपातमा मानवताको पीडाप्रतिको उनको सहानुभूति बढ्दै जानु हो । उनले गर्मीको लहरबाट हुने डरलाग्दो मृत्युलाई स्वीकार गरेका छैनन् - तेलङ्गानामा एकै दिनमा ६७ जनाको मृत्यु भयो - तर मोदीले चीनको शान्सी प्रान्तमा खानी दुर्घटनामा ज्यान गुमाएकाहरूको लागि शोक मनाउन समय निकालेका थिए ।

***बाँकी पृष्ठ १० मा***

# अध्ययन र अनुभवबिनाका सरकारका पदाधिकारीहरूका हरेक काम दोषपूर्ण हुने

वर्तमान 'नयाँ पुस्ता' को सरकारको सबभन्दा विवादित र चर्चित विषय दुई दिन बिदा (शनिबार र आइतबार - हप्ताको दुई दिनको) हो । नेपालमा अनेक लामालामा धार्मिक बिदा, जातीय बिदा र स्थानीय बिदाले युवा र विद्यार्थीहरूको बिदाको सङ्ख्या तुलनात्मक रूपले धेरै हो । एक दिनको सरकारी बिदाले अर्बौं खर्च हुन्छ । यसबारे बुद्धिजीवीहरूसमेत बेखबर मात्रै होइनन् शनिबारको दिनमा समेत हाम्रा कति प्राध्यापक र शिक्षकहरू तास खेल्ने, चुरोट र रक्सी खानुलाई नै उपलब्धि मान्छन् । केही नभए पनि २०-३० जिल्लामा घुमेका प्राध्यापक र शिक्षकहरूको अनुभव यही हो ।

सबैले सोचेका होलान् - 'हरेक शनिबारको बिदाको दिन हाम्रा प्राध्यापक र शिक्षकहरू नयाँ-नयाँ पुस्तकहरू अध्ययन गर्दै हुनुहोला वा नयाँ-नयाँ लेखन कार्यमा लीन हुनुहोला ! तर, व्यवहारमा उल्टो देखेर सबै निराश हुन्थे ।'

२२ जेठ २०८३ को 'नागरिक' को समाचारको शीर्षक छ - 'त्रिवि अध्ययन बिदा दुरुपयोगको १० करोड ४६ लाख सरकारी ढुकुटीमा ।' विषय हो - 'अध्ययन बिदा लिएर सेवामा नफर्केका व्यक्तिहरूबाट सरकारले १० करोड ४६ लाख रुपैयाँ असुल गरेको छ ।'

यो एक सुखद खबर हो ! झूट बोलेर देश र जनताको करको दुरुपयोग गर्ने बुद्धिजीवीहरूको मनमा पनि प्रायश्चितको भावना जागे राम्रो !

देशमा 'फेरि क्यान्सर औषधि अभाव' (नागरिक- २२ जेठ २०८३) यस परिस्थिति केही दिनभित्र धेरै रोगीहरू मर्ने निश्चित छ ।

प्रधानमन्त्रीकै मातहतमा विदेशबाट औषधि खरिद गर्ने र सहयोगको सिफारिस गर्ने समिति छ । तर, हिजोका प्रधानमन्त्रीहरूले देशमा राम्रा राम्रा औषधि कम्पनीहरूको औषधी नकिनी धेरै 'कमिसन' 'घुस' दिने कम्पनीहरूको औषधि सरकारले किन्छ । त्यो 'घुस' रकम हरेक वर्ष अर्बौं रुपैयाँको हुन्छ । यसबारे पहिले पनि संसद्मा प्रम ओलीको पनि आलोचना भएको थियो ।

'राजधानी' दैनिकले 'फर्केर हेर्दा, गौरवपूर्ण २५ वर्ष' शीर्षकमा '३ जेठ २०२३' को समाचार शीर्षक यस्तो छ -

'काङ्ग्रेस सभापति कोइरालालगायत छतीस नेता तथा उच्च प्रशासक अख्तियारको घेरामा' 'सोमबारदेखि बयान लिइने, बहालवाला सचिव र पूर्वमुख्य सचिवलाई समेत पुर्जी ।'

समयमा मुद्दाको छिनोफानो भएमा 'नीतिगत भ्रष्टाचार' 'कर्मचारीहरूको अहङ्कार' माथि अङ्कुश लाग्थ्यो । तर, नेपालमा निश्चित जात-जाति र भाषाभाषीको सबै ठाउँ अर्थात् सेना, प्रहरी, गुप्तचर विभाग, प्रशासन र अदालत' मा हालीमुहाली र 'डाडु पन्यू' आफ्नो हात जगन्नाथ' को स्थिति हुँदा नेपालमा आवश्यक सुधार भएन भन्ने धेरैको मत छ ।

**विश्वासको सङ्कटमा सम्पत्ति छानबिन**

२२ जेठ २०८३ कै 'राजधानी दैनिक' ले लेख्यो - 'अनुसन्धानको दायरामा ५० हजार, तर विवरण भर्ने जम्मा ६ सय' ।

तर 'प्रधानमन्त्री र सङ्घीय मन्त्रीहरू, बहालवाला सांसद र पदाधिकारीहरूलाई 'छानबिनको दायरा' राख्दा स-साना माछामात्र समातिने छन् ।

त्यस्तै 'प्रधानन्यायाधीशसहित बहालवाला न्यायाधीश, नेपाली सेना र संवैधानिक निकायका बहालवाला प्रमुख र पदाधिकारी' हरूलाई किन छानबिनको घेरा बाहिर राखियो ? नबुझेको हुँदा जनतामा ठुलो शङ्का-आशङ्का उब्जेको छ ।

**६ असोज २०८२ को दिन**

'अर्याल गृहमन्त्री बनेको भोलिपल्टै प्रहरीमा ४८ करोड बढी घोटाला !' 'बजार मूल्य दोब्बरको खरिद प्रस्ताव स्वीकृति, गृहमन्त्रीदेखि आईजीपीसम्म मौन'

माथिका शीर्षक र घटनाहरूमा निश्चित जात-जाति र भाषा-भाषीहरूलाई राजनैतिक पद र दिएको अनेक सुविधा र सहुलियत दिइएको हुँदा चारैतिर आफ्ना मानिसहरूबाट जोगाउने सम्भावना भएको हुँदा 'नीतिगत र कानुनी अपराधहरू' भएको बताइन्छ । यसमा सबैको ध्यान जानु आवश्यक छ ।'

# के नेपाल एक प्रजातान्त्रिक देश हो ?

संसद् सरकारकै कारण केही दिन अवरुद्ध छ । त्यस्तोबेला परराष्ट्रमन्त्री भारत भ्रमणमा गएर 'नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय बैठकमा तीन सहमति' (कान्तिपुर, २४ जेठ २०८३) भएको खबर छाप्यो ।

संसद् चलिरहँदा परराष्ट्रमन्त्री विदेश गएर के विषयमा 'सन्धि-सम्झौता' वा 'सहमति' गर्ने हो बताउनु आवश्यक छ । देशमा संसद्को बैठक भइरहदो प्रधानमन्त्री र परराष्ट्रमन्त्री वा अरू कुनै पनि मन्त्रीले सन्धि-सम्झौता वा 'सहमति' बारे जानकारी दिनैपर्छ । त्यसो नगर्दा हरेक पटक नेपालको हात पर्दै आएको छ र त्यस गलत परम्परा उपनिवेशवादी र सामन्तवादी संस्कारबाट पैँचो लिइएको 'परम्परा' हो ।

यस्तो कार्य हुने सम्भावना २३-२४ भदौको अघोषित नेपालमाथिको आक्रमण र त्यसको लगत्तै गरिएको महानिर्वाचन पनि आक्रामक विदेशी शक्तिहरूको योजनामा आधारित थियो । भेनेजुयलाको मादुरो सरकार निर्वाचनबाटै निर्वाचित थिए तर त्यहाँको सेना, प्रहरी, गुप्तचर विभाग र प्रशासन एवं अदालतसमेत चोखो नभई अमेरिकी साम्राज्यवादी आक्रमणको अगाडि घुँडा टेकेका थिए ।

गएको निर्वाचन पनि स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित थिएन । वर्तमान सरकारका प्रधानमन्त्री र परराष्ट्रमन्त्री पनि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादकै पिछलग्गू हुन् ।

जुन सरकार र मन्त्रीहरू संसद्प्रति उत्तरदायी हुँदैनन् ती सरकारहरू प्रजातान्त्रिक हुँदैनन् । के परराष्ट्रमन्त्री खनालले आफ्नो घरको कामबारे भारतीय परराष्ट्रमन्त्री जयशङ्करसँग छलफल गरेका हुन् ? उनले भने - "हामीसँग कुनै पुरानो बोझ छैन ।" यसको अर्थ हो - 'सबै 'सहमति' नयाँ हुन्, जो हिजो नेपालले स्वीकार गरेको थिएन' । त्यसको प्रस्ट अर्थ हो - 'यो सरकार प्रतिक्रान्तिबाट आएको सरकार हो ।'

नेपाल-भारत र बुद्धिजीवी समुदायमा वर्तमान सरकार दक्षिणपन्थी सरकार हो भन्नेबारे प्रस्ट हुने भए !

नेपाली काङ्ग्रेस, एमालेको 'भ्रष्ट' सरकारको विध्वंशबाटै सत्ताच्युत गरेको १० महिना भयो । त्यसबेलादेखिकै कार्की सरकार पनि 'नयाँ पुस्ता' को सरकार भनी जनताले बुझ्दै आएका हुन् ।

निर्वाचनमा झन्डै दुईतिहाइ संसद्मा मत पाउँदा त नयाँ सरकारको खुट्टा भुइँमा छैन । तर हेरौँ - सरकारले पुराना बन्दोबस्तलाई बिदा दिएर नयाँ व्यवस्थित बन्दोबस्त मिलाउन सक्यो ?

एकै दिनको समाचार शीर्षकहरूले बताउँछन् -

१) 'जोखिम मोलेर इटालीमा शरण खोज्दै नेपाली' (कान्तिपुर, २४ जेठ २०८३ )
२) बैतडीको समाचार छ - 'गाउँमा लाइन पुगेको छैन, दुई वर्षदेखि बिजुलीको बिल तिर्छन् दोरावासी' (कान्तिपुर, २२ जेठ २०८३)

   त्यसोभए जनतासँग सेवा नलिए पनि रकम असुल गर्ने को को हुन् ? के नयाँ सरकारले छानबिन गरेर सजाय दिनुपर्दैन ? जनताको आवाज यही हो ।
३) 'भारतीय चिया बोर्डले गोदाममै नमुना परीक्षण थालेपछि चिया निर्यातमा पुनः अवरोध' । 'चिया किन्न हच्किन थाले भारतीय आयातकर्ता, नेपाली चिया भारतीय व्यापारीले नकिनुन् भन्ने बोर्डको नियत देखिएको व्यवसायीको दाबी' (ऐ-ऐ-) ।
४) 'आर्थिक वर्ष सकिन डेढ महिना बाँकी छँदा दर्जन मन्त्रालयको पुँजीगत खर्च ३० प्रतिशत कटेन' (ऐ-ऐ-) ।

   नयाँ सरकारको ध्यान कता छ ? के मन्त्रालयहरूमा मानिस बस्छन् वा कठपुतली ? जनताको प्रश्न यस्तै छन् ।
५) 'सरकारी विद्यालयमा किन घट्दै छन् विद्यार्थी' ? 'आधा दशकमा सरकारीमा ८ लाख विद्यार्थी घटेका छन् भने निजीमा ४ लाख बढेका छन्' (नागरिक दैनिक, २२ जेठ २०८३) ।

'विश्व बैङ्क' का प्रतिनिधिहरूले नेपाली सम्बन्धित प्रतिनिधिहरूलाई प्रस्ट भाषामा भनेका थिए- उच्च शिक्षा सक्नेलाई दिने हो, सबै नेपाली विद्यार्थीलाई उच्च शिक्षा दिने होइन, भारी बोक्ने र खेती गर्ने व्यक्ति चाहिन्छ । प्रस्ट भन्थे - उच्च शिक्षा धनीमानी परिवारले मात्र पढ्ने हो, अरूलाई ज्यामी बनाउने,

के यो वर्तमान सरकार बहुमत जनतालाई उच्च शिक्षाबाट वञ्चित गर्ने उद्देश्य राख्छ ?

# चितवनमा 'श्रमिक' साप्ताहिकको अध्ययन गोष्ठी

कोराक । नेपाल मजदुर किसान पार्टी चौथो जिल्ला सम्मेलन तयारी समिति, चितवनको आयोजनामा 'श्रमिक' साप्ताहिकको अध्ययन गोष्ठी शनिबार सम्पन्न भयो ।

सो कार्यक्रममा आयोजक समितिका संयोजक हरिप्रसाद दुवालले पार्टी प्रकाशनको निरन्तर अध्ययन र छलफलले कार्यकर्ताहरू परिपक्व हुने र सङ्गठन विस्तारमा टेवा पुग्ने बताउनुभयो ।

पार्टीको सिद्धान्त र विचारबाट सुसूचित भएका कार्यकर्ताहरूलाई पुँजीवादी विचारले सजिलै छुन्न नसक्ने उहाँले भन्नुभयो ।

उहाँले रास्वपाको सरकारले ल्याएको बजेटमा शिक्षा, स्वास्थ्य र बिजुलीमा करको व्यवस्था गरेबाट मजदुर र किसानको सरकार नभएको स्पष्ट भएको बताउनुभयो ।

उहाँले बालेन सरकार अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको बलमा अगाडि आएकोले नेपाली जनताको हित नगर्ने स्पष्ट पार्नुभयो ।

उक्त कार्यक्रममा विष्णु शर्मा, ज्ञानेन्द्र चेपाङ, सुमित्रा महतो, मोहनबहादुर चेपाङ, अर्जुन चेपाङ, सन्तबहादुर पाखीन, प्रकाश चेपाङलगायतले बोल्नुभएको थियो ।

# दिवङ्गत सूर्यबहादुर वाइबाप्रति श्रद्धा सुमन अर्पण




काभ्रे । नेपाल मजदुर किसान पार्टी, काभ्रे जिल्ला समितिका सदस्य तथा नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ काभ्रेका अध्यक्ष सूर्यबहादुर वाइबाको जेठ २२ गते असामयिक देहावसान भएकोमा दिवङ्गतप्रति श्रद्धा सुमन अर्पण कार्यक्रम मण्डनदेउपुर बालुवापाटीमा जेठ ३० गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले दिवङ्गत व्यक्तिको योगदान लिपिबद्ध गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"सबैको निम्ति लेख्ने, बोल्ने, सिकाउने अर्थात् ज्ञान र चेतना बाँडेर अरूलाई पनि माथि उठाउनुपर्छ" सांसद गोसाईले भन्नुभयो । उहाँले भन्नुभयो, "दिवङ्गत वाइबाले गर्न नभ्याएका बाँकी काम हामीले काँधमा बोक्नुपर्छ ।"

नेमकिपा काभ्रे जिल्ला समितिका अध्यक्ष कृष्णकुमार वैद्यले समाजमा योगदान गरेका व्यक्तिको देह नरहे तापनि उनको कीर्ति अमर रहन्छ भन्नुभयो । दिवङ्गत सूर्यबहादुर वाइबाले देश र जनताको पक्षमा गीत गाएर चेतना दिने काम गरेको हुँदा उहाँको कीर्ति शेष भए तापनि अमर रहने वैद्यले बताउनुभयो ।

कार्यक्रममा नेमकिपा काभ्रेका सल्लाहकारद्वय एन.बी. दुवाल र डा. हरिप्रसाद मानन्धरले दिवङ्गत सूर्यबहादुर वाइबा शिक्षासेवी र इमानदार असल शिक्षक भएको चर्चा गर्नुभयो ।

कार्यक्रममा नेमकिपा मण्डनदेउपुर नगर समितिका अध्यक्ष कृष्णबहादुर तामाङ, पाँचखाल नगर समितिका पूर्वअध्यक्ष धनबहादुर तामाङ, नेमकिपा काभ्रेका सहसचिव मुना तामाङले शोकलाई शक्तिमा बदलेर देश र जनताको सेवामा लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ काभ्रे र वालाम्हेन्दो सांस्कृतिक समूह नाल्दुमका कलाकारहरूले दिवङ्गत सूर्य वाइबाको सम्झनामा गीत प्रस्तुत गरेका थिए ।

# विदेशी पुँजीलाई प्रोत्साहन गर्ने नीति निन्दनीय

देशको खरबौँ नेपाली रकम विदेशी बैङ्कमा रहेको खबर नयाँ होइन । स्थानीय तह प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा खर्च गर्नको लागि विदेशी बैङ्कमा खरबौँ रकम राखिएको समाचार त्यसबेला नै प्रकाशमा आएको थियो । अहिले पनि कति नेताहरूको विदेशी बैङ्कमा अरबौँ रकम रहेको बताइएको छ । उक्त रकम देशमा आवश्यक कलकारखाना तथा उद्योगधन्दा खोल्न लगानी गरेको भए युवाहरूले काम पाउँथे, देशको आयस्रोत बढ्थ्यो । नेपाली रकम नेपाल र नेपालीको प्रयोग गर्दा राष्ट्रिय पुँजीपतिवर्गको विकास हुन्छ । विदेशी दलाल र विदेशी व्यापारीहरूको यहाँ चलखेल हुँदैनथ्यो ।

नेपाल मजदुर किसान पार्टीले विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्थाको माग गरेको थियो । सम्पत्तिको सीमाङ्कन गर्नुपर्छ भन्ने माग पनि नेमकिपाको हो । विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था भएको भए त्यो रकम नेपाल र नेपालीहरूको निम्ति लगानी हुन्थ्यो । सम्पत्तिको सीमाङ्कन भए अवैध ढङ्गले अकुत सम्पत्ति कमाउने काममा केही नियन्त्रण हुन्थ्यो । देशको ठुलो धनराशी केही व्यक्ति र कम्पनीको हातमा जानु भनेको देशमा आर्थिक सङ्कटको सङ्केत हो । विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषले नेपाललाई ऋण दिँदै छ । के यो नेपाललाई अर्को श्रीलङ्का बनाउने षड्यन्त्र होइन ? आर्थिक सङ्कट भएमा देशमा विदेशी पुँजीको प्रभाव बढ्नेछ, देशको अर्थतन्त्र विदेशको हातमा जानेछ । यस्तो बेला हाम्रो देशको स्थिति के हुनेछ ? के यसबारे सत्तारुढ दलका नेताहरूले सोच्नुपर्दैन ? विदेशी पुँजीलाई प्रोत्साहन गर्ने तर राष्ट्रिय पुँजीपतिवर्गलाई उत्साहित नगर्ने सरकारी नीतिको निन्दा र विरोध गर्नुपर्छ ।

देशको आफ्नै उद्योगधन्दालाई आफ्नै खुट्टामा उभ्याउनुपर्छ र आफ्नै देशमा युवाहरूलाई रोजगार दिनु आवश्यक छ । औद्योगिक उत्पादन नभई हाम्रो निर्यात प्रवर्द्धन असम्भव छ । आफ्नो उत्पादन नभएमा व्यापार असन्तुलित हुन्छ । यसले देशको अर्थतन्त्र ओरालो लाग्छ । देशका उद्योगहरूलाई प्राथमिकता दिएर सञ्चालन गर्नुपर्ने हो । तर, सत्तासीन दलका नेताहरू भएका उद्योगहरू घाटामा पुऱ्याएर डुबाउन चाहन्छन् । तिनीहरू देशको उद्योगलाई डुबाएर विदेशी व्यापारीलाई दिने या विदेशी दलाललाई निजीकरण गर्न दिने काम गर्छन् । छालाजुत्ता कारखाना, भृकुटी कागज कारखाना, इँटा टायल कारखाना, हेटौडा कपडा कारखाना, वीरगञ्जको कृषि औजार कारखाना आदि सार्वजनिक उद्योगहरूलाई निजीकरण गरियो । यसले देशको उत्पादनमा ह्रास आयो । देशका सरकारी कलकारखाना, संस्थान तथा उद्योगहरू निजीकरण गर्दा देशको आयस्रोत घट्छ । सरकारले व्यक्ति मोटाउने सरकारको अर्थतन्त्र डुबाउने काम गर्नु हुँदैनथ्यो । पुँजीपतिवर्गको सेवा गर्ने नेकाको पछि कम्युनिस्टहरू लाग्नु हुँदैनथ्यो । तर, नेपालका सत्तासीन कम्युनिस्टहरू नेकाको पछि लागे, लागिरहे । यसरी देशका सत्तासीन कम्युनिस्टहरू नेकाको भाइकाङ्ग्रेस बने । यो देशको दुर्भाग्य हो । कम्युनिस्टले आफ्नो दलको सिद्धान्त र विचार बन्धक राख्ने काम गर्नु कम्युनिस्ट पाटीलाई सुहाउँदैन ।

# नेपालमा पनि प्रविधिको प्रयोग गरेर गरिने लैङ्गिक हिंसा (TFGBV) को स्थिति विकराल !



रामप्रसाद प्रजापति

**प्रविधि सहजीकृत लैङ्गिक हिंसा**

प्रविधि (इन्टरनेट, सामाजिक सञ्जाल, मोबाइल, इमेल, विभिन्न सामाजिक सञ्जालका प्लेटफर्म, अनलाइन एप्स आदि) को प्रयोग गरेर गरिने लैङ्गिक हिंसालाई प्रविधि सहजीकृत लैङ्गिक हिंसा भन्न सकिन्छ । यसलाई अङ्ग्रेजीमा Tech-Facilitated Gender-Based Violence (TFGBV) भनिन्छ ।

त्यस्तै प्रविधिको प्रयोग गरी व्यक्तिलाई, विशेषगरी महिला तथा बालिकालाई हानी नोक्सानी पुऱ्याउने, डर त्रास सिर्जना गर्ने, उत्पीडन, हैरानी गर्ने वा उनीहरूको स्वतन्त्र जीवन यापन गर्ने अधिकारमा अवरोध पुऱ्याउने कार्यहरू TFGBV अन्तर्गत पर्दछन् ।

नेपालमा प्रविधिको पहुँचसँगै प्रविधिको प्रयोग गरेर गरिने अपराधको सङ्ख्या उल्लेख्य रूपमा बढ्दै गएको छ भने प्रविधिको प्रयोग गरेर गरिने लैङ्गिक हिंसाको सङ्ख्या हरेक वर्ष दुई गुणा अर्थात् सत प्रतिशतले बढ्दै गएको नेपाल प्रहरीको तथ्याङ्कले बताउँछ ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार आ.ब.२०७९/८० मा साइबर क्राइममा उजुरी दर्ता गर्नेहरूको सङ्ख्या १३,३३० रहेको र त्यसमध्ये ११,४२५ मुद्दा सामाजिक सञ्जालसँग सम्बन्धित घटनाहरू रहेको थियो । सामाजिक सञ्जालका प्लेटफर्महरूमध्ये फेसबुक तथा फेसबुक म्यासेन्जर सबैभन्दा धेरै रहेको र त्यस्तै टिकटक, इन्स्टाग्रामको माध्यमबाट हुने घटनाहरू पनि उल्लेख्य रहेको बताइन्छ । गत आर्थिक वर्षमा २३ हजारभन्दा बढी उजुरीहरू दर्ता भएको देखिन्छ ।

जनचेतना, लाज, पद प्रतिष्ठा, डरत्रासका कारण उजुरीको पहुँच नपुगेकाहरूको सङ्ख्या पनि कम छैन । त्यस्तो अवस्था प्रहरीकै उच्च पदस्थ, चिकित्सक, इन्जिनियर, वकिल तथा सरकारी कर्मचारीहरूसमेत पर्ने गरेको देखिन्छ ।

तर यसको कानुनी उपचारको लागि विद्यमान प्रचलित कानुन निकै कमजोर, साँघुरो र कार्यान्वयन योग्य नहुनु विद्यमान छ । यसको लागि हाल प्रचलित विद्युतीय सामग्रीसम्बन्धी कानुन, यौनजन्य हिंसा कसुर तथा सजायसम्बन्धी कानुन, मुलुकी अपराध संहिता तथा मुलुकी देवानी संहितामा रहेका घरेलु हिंसासम्बन्धी प्रचलित कानुनले हाल विकराल रूप लिँदै गरेको प्रविधिको माध्यमबाट हुने यौनजन्य विभेद, यौनजन्य हिंसालाई सम्बोधन गर्न सकेको छैन । कानुन निकै अपर्याप्त र अव्यावहारिक रहेको हुँदा यसलाई एकै ठाउँमा समाहित गरी नयाँ एकीकृत कानुन तर्जुमा गर्नुपर्ने आवाज व्यापक रूपमा उठ्न थालेको देखिन्छ ।

प्रविधिको प्रयोग गरेर गरिने लैङ्गिक हिंसाहरूमा विभिन्न रूपहरूमा विशेष गरी निम्न किसिमका गतिविधिहरू पर्ने देखिन्छ ।

१, अनलाइन यौन हिंसा : सामाजिक सञ्जालमा महिला वा पुरुषमाथि गाली गलौज, धम्की वा यौनजन्य टिप्पणी गर्नु अनलाइन यौन हिंसा हो । कुनै व्यक्तिलाई अनावश्यक रूपमा यौनजन्य टिप्पणी, सन्देश, तस्विर, भिडियो पठाइ हैरान पार्नु अनलाइन यौन हिंसाभित्र पर्दछ ।

२, अनुमतिबिना निजी फोटो वा भिडियो सार्वजनिक गर्नुलाई पनि अनलाइन हिंसा नै मानिएको छ ।

३, अनलाइन स्टकिङ (बारम्बार पछ्याउने वा निगरानी गर्ने कार्य) : कसैलाई अनिच्छित रूपमा बारम्बार सम्पर्क गर्नु, कसैको व्यक्तिगत निजी गतिविधि/क्रियाकलापको निगरानी गर्नु, धम्कीपूर्ण सन्देशहरू पठाइरहनुजस्ता कार्यलाई अनलाइन स्टकिङ भनिन्छ ।

यस्तो क्रियाकलाप आफ्नै घनिष्ठ, प्रेमी, वैवाहिक वा यौन सम्बन्ध भएका साथीबाट हुने गरेको देखिन्छ । यस्तो क्रियाकलापभित्र आफ्नै पति वा पत्नीको मोबाइल, इमेल, म्यासेस बारम्बार हेर्नु, निगरानी गर्नु आदि पर्दछ । यस्तो क्रियाकलापबाट नकारात्मक प्रभाव पर्दा मानसिक समस्या, डिप्रेसन, आत्महत्याजस्ता घटना बढेको सम्बन्धित क्षेत्रमा काम गर्ने विज्ञहरू बताउँछन् ।

४, Online Bulling वा अनलाइन दुर्व्यवहार : प्रविधिको प्रयोग गरेर कसैलाई बारम्बार दुःख दिने, अपमान गर्ने, धम्काउने, गाली गर्ने वा हैरान पार्ने कार्य हो । जस्तै गालीगलौज वा अपमानजनक सन्देश पठाउने, झूटा हल्ला वा अफवाह फैलाउने, नक्कली अनलाइन खाता बनाई कसैको नाममा गलत गतिविधि गर्ने, कुनै व्यक्तिलाई अनलाइन समूहबाट जानीजानी बहिष्कार गर्ने, सामाजिक सञ्जालमा अपमानजनक टिप्पणी गर्ने आदि ।

५, नक्कली प्रोफाइल बनाएर बदनाम गर्नु : कसैले अरू कसैको फोटो वा नाम प्रयोग गरेर नक्कली प्रोफाइल बनाएर बदनाम गर्नु पनि हिंसा भित्र पर्दछ ।

६, यौनजन्य वा अश्लिल सामग्री पठाएर हैरानी गर्नु हुँदैन । यसमा यौनजन्य फोटो अथवा यौनजन्य गतिविधिका फोटो वा भिडियो पठाएर हैरानी दिनुका साथै पैसा वा फाइदाका लागि Blackmail (धम्कीपूर्ण दबाब) समेत गर्नु हुँदैन ।

७, Deepfake प्रयोग गरी नक्कली अश्लील वा अपमानजनक फोटो वा भिडियो बनाउनु पनि अनलाइन हिंसाभित्रै पर्दछ । यसमा हाल निकै चर्चामा रहेको Artificial Inteligence (AI) को प्रयोग गरी नक्कली यौनजन्य तस्विर तथा भिडियो बनाउने र त्यसको प्रयोग गरी वा सामाजिक सञ्जाल, अनलाइन तथा म्यासेजबाट फैलाई मान प्रतिष्ठामा आँच आउने, यातना र चरित्र हत्या गर्ने कार्य गर्नु हुँदैन ।

८, लोकेशन ट्र्याकिङ वा स्पाइवेयरमार्फत निगरानी गर्नु : कसैले प्रविधिको प्रयोग गरेर कसैको लोकेशन ट्र्याकिङ गर्न गराउन वा स्पाइवेयर मार्फत निगरानी गर्न हुँदैन । यसअन्तर्गत मोबाइल तथा कम्प्युटरमा म्यासेज (सन्देश) तथा इमेल जाँच पड्ताल गर्नु, पासवर्ड (गोप्य अङ्क) चोर्नु वा अनधिकृत रूपमा प्रयोग गरी सन्देश हेर्नु, निगरानी गर्नु आदि यसभित्र पर्दछन् ।

यस्तो क्रियाकलाप पनि आफ्नै घनिष्ठ, प्रेमी, वैवाहिक वा यौन सम्बन्ध भएका साथीबाट हुने गरेको देखिन्छ । यस्तो क्रियाकलापभित्र आफ्नै पति वा पत्नीको मोबाइल, इमेल, म्यासेस बारम्बार हेर्नु, निगरानी गर्नु आदि पर्दछन् ।

९, Doxxing (बिनासहमति निजी जानकारी, सन्देश प्रकाशित गर्नु वा इन्टरनेटमा फैलाउनु) यसभित्र कसैले कसैको निजी जानकारी वा पहिचान, ठेगाना, फोन नम्बरजस्ता सूचना सम्बन्धित व्यक्तिको सहमति नलिई प्रकाशित गर्नु वा इन्टरनेटमा फैलाउनुलाई डक्सीङ भन्ने गरिन्छ । जसको उद्देश्य उसलाई डर, दुःख, उत्पीडन, धम्की वा हानी पुऱ्याउनु हुन सक्छ ।

१०, Hacking and Account Take-over : कसैले कसैको अनलाइन पेज, फोन, म्यासेज, च्याट, एप्स आदिमा अनधिकृत पहुँच पुऱ्याई फाइदा लिने वा बदनाम गर्ने, Pass-word (गोप्य सङ्केत शब्द) पासवर्ड चोर्ने, एकाउण्ट ह्याक गरेर आफूलाई अरू नै व्यक्तिको रूपमा प्रस्तुत गर्नु, नक्कली पहिचान बनाउनु, कसैको नाम वा परिचय दुरुपयोग गर्नु पनि लैङ्गिक हिंसाभित्र पर्ने घटनाहरू छन् । यस्ता घटनाले व्यापकता पाउने गरेको देखिन्छ ।

११, Digital Dating Abuse : डिजिटल डेटिङसम्बन्धी दुर्व्यवहार भनेको प्रेम सम्बन्ध वा डेटिङमा रहेका व्यक्तिहरूबिच प्रविधिको माध्यमबाट जस्तै फेसबुक, मेसेन्जर, इन्स्टाग्राम, ह्वाट्एप आदिको प्रयोग गरेर नियन्त्रण गर्ने, डर देखाउने, नियमित निगरानी गर्ने वा दुरुपयोग गर्ने जस्ता व्यवहार गर्नु हो । प्रविधिको प्रयोग गरेर अर्को व्यक्तिलाई नियन्त्रण, दबाब वा डरमा राख्नु, फोन, म्यासेज वा सामाजिक सञ्जाल लगातार जाँच गर्नु, पासवर्ड मागेर जबरजस्ती पहुँच लिन खोज्नु, कहाँ छौं, कोसँग छौं भनेर लगातार ट्र्याक गर्नु, म्यासेजको जवाफ तुरुन्त नदिए रिसाउने वा धम्की दिने, फोटो वा च्याट लिक गरिदिन्छु भनी डर देखाउने, नक्कली खाता बनाएर निगरानी गर्ने वा जासुसी गर्ने आदि । जसका कारण मानसिक तनाव, डर बढ्दै जानुका साथै आत्मविश्वासमा कमी आउने, सम्बन्धमा असमान शक्ति बढ्दै नकारात्मक आपराधिक घटनासम्म हुनु, गोपनीयता भङ्ग हुँदा मानसिक चोट, डिप्रेसन, आपराधिक घटनासम्म पुग्न सक्ने सम्भावना बढ्छ ।

१२, Coerced Live Streaming : अनलाइनमा भएको अर्को व्यक्तिलाई मोबाइल फोन वा कम्प्युटर स्क्रिन वा क्यामेरामा यौनजन्य क्रियाकलाप गर्न दबाब दिई जबरजस्ती गर्नु पनि यौनजन्य लैङ्गिक हिंसाभित्रै पर्दछ । यसमा कसैलाई उसको इच्छा बिना वा डर, धम्की, दबाब दिई बाध्य पारिन्छ । यसलाई पनि प्रविधिको प्रयोग गरेर हुने लैङ्गिक हिंसा र अनलाइन शोषण मानिन्छ ।

**सावधानी अपनाऔँ है !**

यस्तो समस्या समाधानका लागि पीडित मैत्री कानुनी व्यवस्थाका साथ साथै पीडित केन्द्रित अनुसन्धान, अभियोजन, कारवाही र फैसला कार्यान्वयनको व्यवस्था गर्नु आवश्यक छ । अन्यथा हालको स्रोत साधन, दक्षता र अवस्थाले पीडितले नै थप पीडा भोग्नुपर्ने बाध्यता छ ।

साइबर ब्युरो काठमाडौँ केन्द्रित र जनशक्ति र स्रोतसाधन निश्चित हुँदा साइबर अपराधका उजुरीकर्ताहरूले करिब १ (एक) वर्षपछि मात्रै आफ्नो पालो आउने त्यतिञ्जेल न्यायका भोकाहरूले निकै ठूलो चोट, मानसिक यातना, शारीरिक यातना, हैरानी भोग्न बाध्य हुनुपरेको बताउँछन् ।

यस्तो विद्यमान अवस्थामा साइबर क्राइमका लागि प्रयोग गरिने कार्यस्थलमा यौनजन्य अपराध, विद्युतीय कारोबार ऐन, घरेलु हिंसा, सामाजिक सञ्जाललाई नियन्त्रण गर्न बनेको कानुनहरू प्रभावशाली नहुनुका साथै ती ऐनहरूमा गरिएका ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना तथा ५ वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्थाको खास महत्त्व देखिन्न ।

साथै नेपालमा विद्यमान स्रोत साधन र दक्षताले पछिल्लो समयमा निकै चर्चामा आएको एआईको युगलाई सम्बोधन गर्न नसक्नुका साथै देशभित्रबाट मात्र नभई संसारका जुनसुकै कुनाबाट अपराधीले संसारको अन्य जुनसुकै कुनामा बसेको व्यक्ति, परिवार वा समुदायलाई हानी नोक्सानी पुऱ्याउने (Crossborder) तथा प्रविधिको प्रयोग गरेर यौनजन्य लैङ्गिक हिंसाको घटना गराउन सक्ने फराकिलो वा अदृश्य घटनास्थलका कारण साथै अनुसन्धान झन्झन् पेचिलो हुन थालेको सम्बन्धित विज्ञहरू बताउँछन् ।

त्यसैले जबसम्म हामी प्रविधिबाट हुने यौनजन्य हिंसा मात्र नभई जुनसुकै प्रकृतिका हिंसा, अपराध, विभेद विरुद्धको लडाइँ लड्न स्रोत साधन, दक्षता र योग्य हुँदैनौँ, प्रविधि चलाउने सीमा र जनसचेतना वृद्धि गर्न गराउन र आफै सचेत भई अपराधीलाई अपराध गर्ने ठाउँ नदिनु नै श्रेयकर हुने देखिन्छ ।

- २०८३ जेठ ३१

# बजेटबारे वागीश्वरीमा अन्तरक्रिया

भक्तपुर । भक्तपुरका सामुदायिक कलेजमध्ये गुणस्तर अर्थात् क्यूएए प्राप्त गर्न सफल वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टले हालै नेपाल सरकारले सार्वजनिक गरेको बजेटबारे अन्तरक्रिया कार्यक्रम गरेका छन् ।

आर्थिक वर्ष २०८३/८४ को बजेटबारे जेठ २७ गते आयोजित कार्यक्रममा विद्यार्थी, शिक्षक र अतिथिहरूले बजेटले गरिबलाई भन्दा धनी व्यक्तिहरूलाई फाइदा पुग्ने निष्कर्ष निकाले ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सांसद सिर्जना सैंजुले सरकारले निकै विरोधाभाषपूर्ण बजेट ल्याएको बताउँदै सुनमा छुट र नुनमा कर लगाइएको भन्दै आलोचना गर्नुभयो ।

कृषि उत्पादन र उद्योगलाई प्राथमिकता नदिइएकोमा असन्तुष्टि व्यक्त गर्दै उहाँले देश ऋणको जालोमा फस्दै गएको टिप्पणी गर्नुभयो ।

उहाँले भन्नुभयो, "हेटौंडा कपडा उद्योगलगायतका सार्वजनिक संस्थानहरूलाई ब्युँताउनुपर्नेमा उल्टो निजीकरणलाई नै प्राथमिकता दिएर सरकारले पुँजीवादलाई प्रश्रय दिएको छ ।"

सरकारले पुँजीवादको सट्टा समाजवाद लागू गरे वास्तविक भुइँमान्छेलाई बजेटले समेट्न सक्ने धारणा राख्नुभयो ।

७ प्रतिशतको आर्थिक वृद्धि र ६ प्रतिशतको मुद्रास्फीति कायम गर्ने कुराको तादत्म्यता नमिलेको चर्चा गर्दै उहाँले सरकारले धनीलाई प्रश्रय दिएको छ भन्नुभयो ।

वागीश्वरी कलेज आफ्नै नीति र व्यवस्थाका कारण सफल हुन सकेकोमा उहाँले खुसी प्रकट गर्नुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले वि.सं. २००८ माघ २१ गते तत्कालीन अर्थमन्त्री सुवर्ण मल्लले पहिलो बजेट ल्याएको स्मरण गर्दै आगामी आर्थिक वर्षको बजेटको बारेमा विद्यार्थीहरूले निकै सिर्जनात्मक ढङ्गले विश्लेषण गर्नुभएको बताउनुभयो । कर छुट दिँदा राजस्व सङ्कलन गर्न चुनौती हुने र मध्यावधि समीक्षामार्फत बजेट फेरि संशोधन गर्न सरकार बाध्य हुने धारणा राख्दै उहाँले भन्नुभयो, "सरकारले प्रस्तुत गरेको बजेट निम्नवर्गका जनतालाई नभई पुँजीपति र उच्चवर्गलाई लक्षित गरेर ल्याइएको छ ।"

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले विद्यार्थीहरूमा सिर्जनशीलता र सिर्जनात्मकता विकास गर्न हरेक वर्ष कलेजले यस्तै कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिँदै यस्ता कार्यक्रमले विद्यार्थीलाई मात्रै नभई शिक्षकलाई पनि अर्थतन्त्रको विषयमा अपडेट हुने बताउनुभयो ।

अनुसन्धान र खोजको क्षेत्रमा पनि यस्तै छलफल र अन्तरक्रियाले सहयोग पुग्ने विश्लेषण उहाँको थियो ।

कलेजका संयोजक ज्ञानसागर प्रजापतिले विद्यार्थीलाई पाठ्यक्रम र कक्षाकोठामा मात्रै सीमित नगरी अर्थशास्त्रका सैद्धान्तिक कुरामा व्यावहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको र यस्ता कार्यक्रमले विद्यार्थीमा बजेट र अर्थतन्त्रलाई विश्लेषणात्मक ढङ्गले बुझ्ने क्षमता विकास गर्ने विश्वास राख्नुभयो ।

अर्थशास्त्रका शिक्षकहरू बालगोपाल श्रेष्ठले आ.व. २०८२/८३ र आ.व. २०८३/८४ को बजेटको तुलनात्मक विश्लेषण, मुरज दिदियाले बजेटको आलोचनात्मक विश्लेषण र पत्रकारिताका शिक्षक एवम् राजधानी दैनिकका आर्थिक पत्रकार पूर्णभक्त दुवालले पुँजीगत खर्च र बजेटको कमजोरीसँगै चुनौतीका विषयमा बोल्नुभएको थियो ।

बीबीएकी विद्यार्थी अनिशा किलम्बुले बजेटमा सूचना प्रविधि र कृत्रिम बुद्धिमताको क्षेत्रमा गरिएको विनियोजन, बीबीए चौथो सेमेस्टरकी विद्यार्थी निशा कार्कीले गुणस्तरीय शिक्षामा गरिएको विनियोजन र बीबीएस प्रथम वर्षका विद्यार्थी रघु नन्दन महतोले बजेटको आलोचनात्मक र सिर्जनात्मक विषयलगायतमा प्रस्तुतीकरण दिनुभएको थियो ।

# राष्ट्राध्यक्ष सी चिनफिङ उत्तर कोरियाको राजकीय भ्रमण सम्पन्न गरी पेइचिङ फिर्ता

जून ९ तारिखमा दिउँसो चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव एवम् राष्ट्राध्यक्ष सी चिनफिङ उत्तर कोरियाको राजकीय भ्रमण सम्पन्न भएपछि पेइचिङ फर्कनुभयो ।

विमानस्थल जाने क्रममा प्योङयोङका विभिन्न क्षेत्रका नरनारीहरूले बाटोका दुवैपट्टि उभिएर दुवै देशका राष्ट्रिय झण्डा र ताजा फूल हल्लाएर राष्ट्राध्यक्ष सीलाई बिदाइ गरे ।

उहाँको सम्मानमा उत्तर कोरियाली श्रमिक पार्टीका महासचिव एवम् राज्य मामिला आयोगका अध्यक्ष किम जोङ उन तथा श्रीमती री सुलले विमानस्थलमा राष्ट्राध्यक्ष सी चिनफिङ तथा श्रीमती फङ ली युआनका लागि भव्य बिदाइ समारोहको आयोजना गर्नुभएको थियो ।

जून ९ तारिखमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव एवम् राष्ट्राध्यक्ष सी चिनफिङ तथा श्रीमती फङ ली युआन प्योङयोङ कुम्सुसान अतिथि भवनमा उत्तर कोरियाली श्रमिक पार्टीका महासचिव एवम् राज्य मामिला आयोगका अध्यक्ष किम जोङ उन तथा श्रीमती री सुलद्वारा आयोजित सानो परिधिको दिवा भोजमा सहभागी हुनुभएको थियो ।

सो अवसरमा दुवै पार्टी र दुवै देशका सर्वोच्च नेतागणले चीन उत्तर कोरियाको परम्परागत मित्रतालाई सुदृढ पार्न र बिँडो थाम्नका लागि गहन रूपमा वैचारिक आदान प्रदान गर्नुभयो ।

महासचिव किम जोङ उनसँगसँगै चीन उत्तर कोरिया सम्बन्धलाई अझ विकसित पार्दै दुवै देशको समाजवादी कार्यमा नयाँ सशक्त जीवन्त शक्ति थपिदिँदै जान आफू इच्छुक रहेको राष्ट्राध्यक्ष सीले औँल्याउनुभयो ।

किम जोङ उनले यो भ्रमणको दुवै देश सम्बन्ध र यसै क्षेत्रको भावी विकासका लागि ज्यादै महत्त्वपूर्ण अर्थ रहेको बताउनुभयो । यस भ्रमणमा सम्पन्न महत्त्वपूर्ण मतैक्यलाई राम्ररी व्यवहारमा उतारेर उत्तर कोरिया सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउँदै जान उत्तर कोरिया इच्छुक रहेको पनि उहाँले औँल्याउनुभयो ।

सन्दर्भ : चे ग्वेभारा जन्म दिवस (जून १४)

# क्रान्तिकारी योद्धा 'चे ग्वेभारा' को जीवन परिचय

'चे ग्वेभारा' विश्वक्रान्तिका नायक हुन् । अर्जेन्टिनामा जन्मिएर क्युवामा क्रान्ति सम्पन्न गरी बोलिभियाको जङ्गलमा शहादत प्राप्त गर्ने क्रान्ति नायक चे ग्वेभारा आज विश्वका श्रमजीवी मजदुरहरूको ढुकढुकी बनेका छन् ।

विश्व साम्राज्यवादसँग लडेर दुनियाँभर समाजवाद स्थापना गर्ने महान उद्देश्य बोकेर उनी बोलिभिया पुगे । अदम्य साहसका धनी चेको त्यहीँ हत्या भयो । तिनै महान विश्व क्रान्तिका नायक 'चे ग्वेभारा' को जीवन कस्तो थियो त ?

## परिवारका तेते पछि बने 'चे'


अर्जेन्टिनाको एक मध्यम वर्गीय परिवारमा चेको जन्म सन् १९२८ जून १४ मा भयो । पेशाले उनका बुबा इन्जिनियर थिए । उनको जन्म स्पेनिस र आइरिस रक्तमिश्रित परिवारबाट भएको थियो । उनको जन्मको नाम अर्नेष्टो ग्वेभारा डे ला सेर्ना थियो । परिवारमा उनलाई तेते भनेर बोलाउँथे । पछि उनले आफ्नो नाम बदलेर चे राखे । चेको अर्थ अर्जेन्टिनी भाषामा 'हाम्रो' भन्ने हुन्छ ।

उनको परिवार शिक्षित र सुसंस्कृति पनि थिए । परिवारबाट उनले न्यायप्रतिको प्रेम, फाँसीवादप्रति घृणा, धार्मिक सहिष्णुता, साहित्यप्रति रुची राख्ने, आर्थिक उपार्जनलाई ध्यान नदिने जस्ता संस्कारहरू सिके ।

## शिक्षकको नजरमा अनुशासनहीन

चे ग्वेभाराको शिक्षा दिक्षा सहज हुन सकेन । उनी दुई वर्षको उमेर मै दमको दीर्घ रोगी भए । अन्य बालकको जस्तो चे को स्कुल जीवन हुन सकेन । उनले ओच्छ्यानबाटै अध्ययनको थालनी गरे । भनिन्छ, उनको व्यवहार किशोर हुँदा युवाको जस्तो, युवा हुँदा परिपक्क प्रौढ जस्तो थियो । उनी आत्मविश्वासी, बहुआयामिक र विद्रोही स्वभावका थिए । शिक्षकको नजरमा मूडी, अनुशासनहीन तर अध्ययनशील थिए । अल्टा ग्रेसियाको स्कूले जीवन सकेर सन् १९४१ मा १३ वर्षको उमेरमै उनले डिन फ्यूनस स्टेट कलेजमा अध्ययन गरेका थिए ।

चार वर्षको कलेज अध्ययन सकेर राजधानी ब्यूनस आयर्सको यूनिभर्सिटीमा मेडिकल विभागमा डाक्टरीको लागि उनी गए । तर, उनको परिवारको चाहाना भने इन्जिनियर बनाउने थियो । क्यान्सर रोगबाट आफ्नी हजुरआमाको मृत्यु, आमाको क्यान्सरसँगको युद्ध र आफ्नै दम रोगका कारण उनी डाक्टरी पढ्नतिर लागे । उनले ६ वर्ष लामो विश्वविद्यालयको पाठ्यक्रम ३ वर्षमै पूरा गरे । उनले अध्ययनको क्रममा राम्रो नम्बर ल्याउनतिर कहिल्यै सोचेनन् ।





अन्तमा उनले निष्कर्ष निकाले कि गरीबी र आर्थिक विषमताको मुख्य कारण पुँजीवाद, नवउपनिवेशवाद र साम्राज्यवाद हो । जसबाट छुटकारा पाउने एकमात्र उपाय हो क्रान्ति ।

## साइकलिङ गरेरै देशको कुनाकुना पुगे

उनी यात्रा गर्न औधी रुचाउँथे । अध्ययनको क्रममै उनी साइकलिङ गरेर देशको कुनाकाप्चा पुगे । स्वास्थका कारण भौतिक शरीर एकदमै जीर्ण देखिए पनि आत्मविश्वासका कारण देशविदेशको भ्रमण गर्न कहिल्यै छाडेनन् । पढन्ते र घुमन्ते स्वभावका उनी घुम्दाघुम्दै कार्ल मार्क्सदेखि सिगमण्ड फ्रायडसम्मका पुस्तकहरू अध्ययन गर्न भ्याए । चिकित्सा क्षेत्रको शिक्षाको क्रममै उनी पूरै ल्याटिन अमेरिकाको अधिकांश स्थानमा पुगे ।

यात्राको क्रममा पूरै महाद्वीपमा व्याप्त गरीबीले उनको हृदयमा नराम्रो गरी चोट पुऱ्यायो । उनले गम्भीर भएर सोचेँ । शारीरिक रोगको जैविक कारणको त उपचार गर्न सकिन्छ तर सामाजिक, आर्थिक र राजनैतिक कारणको उपचार कसरी सम्भव होला ? यो जटिल प्रश्न उनको जीवनमा यक्ष प्रश्न बनेर आईदियो ।

उनको डाक्टरी जीवनमाथि नै प्रश्न चिन्ह बनेर खडा भयो । डाक्टर बनेर दीनदु:खीको सेवा गर्ने उद्देश्य राखेका चे अब गरीबी असमानताका सामाजिक राजनैतिक कारणहरू खोज्नतिर लागे । गाउँ गाउँ पुगे । विभिन्न बस्ती बस्ती पुगे । त्यहाँ उनले देखे, पैसाको अभावमा उपचार गर्न नपाएका गरीबहरू । भोक, पीडाले पशु समान जीवन बाँच्न विवस मानिसहरू, अभाव र गरीबीका कारण बाबुहरू स्वयम् आफ्ना सन्तानको मृत्युको कामना गरिरहेको दर्दनाक दृश्यहरू समेत देखे । यातायात मजदुरहरूका दु:खद जिन्दगीहरू देखे । भरियाका कथाहरू सुने । चिलीका खानीहरूमा पुगे । अमेजन जङ्गलका रेड-इण्डियन आदिवासीहरूको बस्तीदेखि पेरुका खेत-खलिहानसम्म पुगे ।

अन्तमा उनले निष्कर्ष निकाले कि गरीबी र आर्थिक विषमताको मुख्य कारण पुँजीवाद, नवउपनिवेशवाद र साम्राज्यवाद हो । जसबाट छुटकारा पाउने एकमात्र उपाय हो क्रान्ति । उनले भनेका छन् "मैले यात्रा गरेका देशहरूको स्थिति हेरेर, त्यहाँको गरीबी र भोग रोकको निकट र जीवन्त सम्पर्कले ममा परिवर्तन ल्याउन थाल्यो । मैले यात्राको क्रममा पत्ता लगाएँ, स्रोत र साधनको अभावमा रोगी बच्चाहरूको उपचार गर्न म असमर्थ छु । मैले देखेँ- निरन्तर दमनका कार्यहरू जारी छन् । कुपोषणको आँधी चल्दै छ । यसै क्रममा मैले महसुस गर्न थालेँ, अनुन्धानकर्ता हुन मेडिकल साइन्समा योगदान दिन वा जनतालाई राहत दिन डाक्टर बन्नुभन्दा पनि महत्त्वपूर्ण कुरो हो- क्रान्तिकारी बन्नु ।"

## चे ग्वेभारा बोलिभियामा जीवन

त्यसपछि उनी १९५३ मा डाक्टरी पेशा छाडेर बोलिभियाको यात्रामा निस्किए । बोलिभियामा त्यसबेला पुँजीवादी सुधारवादी सरकारबाट राष्ट्रको टिन खानीलाई राष्ट्रिकरण गर्ने, जमिनहरू आदिवासी किसानहरूमा वितरण गर्ने सुधारवादी कार्यहरू भइरहेका थिए ।

त्यसले चे ग्वेभारालाई थप बल मिल्यो । चे विशेषज्ञहरू भन्दछन्, "बोलिभियाले चेको जीवनमा क्रान्तिकारिता भर्नेदेखि लिएर चेको जीवनको अन्तिम सङ्घर्ष गर्ने प्रेरणा दिएको थियो । उनको जीवनको सुरु र अन्य बोलिभियामै भएको थियो ।"

बोलिभियाको क्रान्तिपछि गएर सुधारवादी बाटोतर्फ पतन हुँदै जान थालेपछि चे चिन्तित भए । उनले ल्याटिन अमेरिकाका मुक्तिदाता सिमोन बोभिभारको शालिक अगाडि उभिएर बोलिभियाको सुधारवादको विरोध गर्दै भाषण गरे । त्यसपछि उनी ट्रकमा चढेर पेरुको आदिवासी क्षेत्रतर्फ लागे । त्यसपछि उनी ग्वाटेमाला पुगे । ग्वाटेमालाको सुधारवादी सरकारको कारण उनी अर्जेन्टिनाको दूतावासमा दुई महिना शरण लिन पनि बाध्य भए ।

ग्वाटेमालाको राजनीतिक दुर्घटनापछि चे मेक्सिकोमा गएर मार्क्सवादको गहिरो अध्ययन गर्न थाले । मार्क्स र लेनिनका सम्पूर्ण रचनाहरूदेखि छापामार युद्धका कला-कौशलसम्म अध्ययन गर्न भ्याए ।

## क्युवाली डाक्टरसँग भेटेपछि

त्यसपछि मेक्सिकोमा रहँदै गर्दा जून १९५५ मा उनको एक जना क्युवाली डाक्टरसँग भेट भयो । क्युवालीहरूमध्ये एक थिए निको लोपेज । जोसँग ग्वाटेमालामा हुँदा उनीहरूको भेट भएको थियो । निकोले चेलाई फिडेल क्यास्त्रोको नेतृत्वमा क्युवामा भइरहेको क्रान्तिबारे सविस्तार बताए । कुराकानीको क्रममा क्युवामा सशस्त्र सङ्घर्ष छेड्ने तयारी भइरहेको भन्ने चेले थाहा पाए । त्यसपछि फिडेल क्यास्त्रोका भाइ राउल क्यास्त्रोसँग केही दिनपनि चेको भेट भयो । राउलबाट अझ बढी क्युवामा भइरहेको क्रान्तिबारे चेले थाहा पाए । पछि उनको फिडेल क्यास्त्रोसँग भेट भयो र दिन रात छलफल गरे । त्यसपछि एक अर्जेन्टिनी नागरिक क्युवाको मुक्ति आन्दोलनको सेना बनेर युद्धमा होमिए । क्युवाली क्रान्तिले क्रमश: सफलता हासिल गर्दै १ जनवरी १९५९ मा क्रान्ति सफल भयो । क्रान्तिपछिको क्युवाली सरकारमा विभिन्न जिम्मेवारीमा रहे ।

उनी मन्त्री पदमा बसी रहेनन् । फिडेल क्यास्त्रोलाई धेरै महत्त्वपूर्ण सहयोग गरे । सारा विश्व घुमेर क्युवाको समाजवादको लागि अन्तर्राष्ट्रिय समर्थन जुटाइरहे । अन्तत: उनी मन्त्री पद त्यागेर निस्किए कङ्गोतर्फ ।

## हत्याको ४७ वर्षपछि भेटियो चेको शव !

उनी पुगे १९६५ मा कङ्गो । जहाँ उनले क्रान्तिकारी विचार प्रवाह गरे । यसपछि बोलिभिया पुगे । बोलिभियाको जनताको मुक्तिका लागि लड्दा लड्दै उनी पक्राउ परे । पछि उनको ९ अक्टोबर १९६७ हत्या भयो । हत्यापछि पनि चेको शव बेपत्ता पारियो । चेको हत्याको ४७ वर्षपछि मात्र सार्वजनिक भयो ।

२८ वर्षपछि चेको हत्यामा संलग्न रिटायर्ड बोलिभियाली सैनिक जनरल मारियो भर्गासले ठूलो आँटका साथ भने, "चेलाई अत्यन्त गोप्यरूपमा गाडिएको बेला म प्रत्यक्षदर्शी थिएँ । चेसम्बन्धी रहस्य म अब खोल्छु ।" उनकै सहयोगमा कयौँपटक अस्थिपञ्चर उत्खनन गर्ने कार्यहरू भए ।

आज चेसम्बन्धी कयौँ पुस्तकहरू उपलब्ध छन् । उनकै क्रान्तिकारी जीवनसँग सम्बन्धित चलचित्रहरू निर्माण भएका छन् । उनको यात्रासँग सम्बन्धित मोटर साइकल डायरीको चलचित्र बनेको छ । गुरिल्ला युद्धका नियमहरू प्रकाशित छन् ।

आज क्युवाको सान्ता क्लारा सहरको बिचमा चेले बन्दूक उठाएको २३ टन तौल भएको भव्य शालिक निर्माण गरिएको छ । जुन शालिक १९९७ अक्टोबर १७ तारिखमा निर्माण भएको थियो ।

अक्टोबर ९ लाई क्युवाली सरकारले 'हिरोइक गुरिल्ला डे' का रूपमा भव्य समारोह गरी कमरेड चेको स्मृति दिवस बनाउँदै आएको छ । जुन दिन चेको निर्मम हत्या भएको थियो । त्योभन्दा पनि ठूलो आज दुनियाँका श्रमजीवीहरूको मनमा सदा बास बस्ने अन्तर्राष्ट्रिय क्रान्तिका नायक बनेर कमरेड चे ग्वेभारा बाँचिरहेका छन् ।

---

**कक्रोच...**

मोदीले भारतमा क्रूर कार्यप्रमुखजस्तै शासन गर्छन् र हरेक कार्यमा बफादारीको परीक्षण लिएका छन् ।

उनको पछिल्लो आदेश भनेको घरबाटै काम गर्नु, अनावश्यक रूपमा इन्धन खर्च नगर्नु, विदेश यात्रा नगर्नु, खाना पकाउने तेलको खपत कम गर्नु, सुन किन्नबाट टाढा रहनु, लामो समयसम्म काम गर्नु, कम खपत गर्नु र धैर्य गर्नु हो । यस बिन्दुमा, यदि तपाईंसँग जागिर छ, फ्रिज छ, एयर कन्डिसनरको स्वामित्व छ साथै विदेश यात्रा गर्न सक्नुहुन्छ भने, मोदी प्रशासनले तपाईंलाई विलासिताको खाडलमा बाँचिरहेको ठान्दछ । यीमध्ये कुनैले त्यति घोच्ने थिएन यदि उनी हाम्रो देशभक्तिपूर्ण कर्तव्य भनेको पेटी कस्नु हो भनी उपदेश दिएपश्चात् युरोप उड्नु ।

यस पटक, मोदी युरोपेली भ्रमणमा गए तर युरोपको स्वतन्त्र प्रेससँग संलग्न हुन अस्वीकार गरे । नर्वेमा, एक पत्रकार हेले लिङ स्वेन्डसेनले उनलाई 'विश्वको सबैभन्दा स्वतन्त्र प्रेस' बाट प्रश्न किन लिनुभएन भनेर सोध्ने हिम्मत गरिन् । मोदीले आँखा जुढाउन मानेनन् र जवाफ नदिई हिँडे, उनको शरीरको भाषा लज्जास्पद थियो । भारतबाट हेर्दै गर्दा, मोदीलाई प्रश्न गर्न सक्ने मान्छे संसारमा छ भनी हास्यास्पद लाग्यो । १३ वर्षपछि, मोदीलाई एक साधारण प्रश्न सोधेको र उत्तरको अपेक्षा गर्दै हेर्दा पानीमुनि सास फेर्न जान्ने एउटा नयाँ प्रजाति फेलापरेको जस्तो महसुस भयो । यो एकै समयमा उत्साहजनक र अपमानजनक थियो । विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा नर्वे पहिलो स्थानमा छ भने भारत १५७ औँ स्थानमा छ भन्ने कुराले कुनै फाइदा हुँदैन ।

त्यसपछि ओस्लोस्थित भारतीय दूतावास सामाजिक सञ्जाल एक्स (X) मा गयो, अहम्का साथ पत्रकार सम्मेलनको घोषणा गऱ्यो, जसमा एक कूटनीतिज्ञ सीबी जर्जले भारतको घट्दो स्वतन्त्रताबारेमा लगभग कुनै पनि प्रश्नको जवाफमा १३ मिनेटको आक्रोशपूर्ण भाषण दिए, जसमा '१४० करोड जनता', '५,००० वर्ष पुरानो सभ्यता', 'योग' र 'गान्धी' जस्ता शब्दसहितको सलाद पस्के ।

स्वेन्डसेनको लागि, यो अनुभव भारतीय प्रेसले सामना गर्नुपर्ने वास्तविकताको एक मात्रासँगै समाप्त भयो । उनलाई विदेशी जासुस भनियो र भारतीय दक्षिणपन्थी ट्रोल-सेनाले उनलाई नक्कली भने । उनको ठेगाना र फोन नम्बर सार्वजनिक गरियो र अन्तत: उनलाई इन्स्टाग्रामबाट हटाइयो ।

स्वतन्त्र दिमागको सामना गर्नुपर्दा - चाहे त्यो CJP सँग अनलाइन होस् वा नर्वेमा स्वतन्त्र प्रेससँग - मोदी, उनको प्रशासन र उनका ट्रोलहरू शारीरिक, अस्तित्वगत झटकामा जान्छन्, र सुपरमार्केटमा चकलेट नपाएको बच्चाजस्तै रिसाउदैँ प्रहार गर्छन् ।

युवाहरूका साधारण प्रश्न वा मजाक ट्वीटहरूबाट यति डराउने शासनले हामीलाई प्रश्नकर्ताको बारेमा थोरै र सत्तारूढ सरकारको बारेमा धेरै कुरा बताउँछ । सत्य के हो भने, एक शक्तिशाली प्रचार मेसिनले कायम राखेको चमक विश्व घटनाले मेटाइदिएको छ । युद्ध, मुद्रास्फीति, H-1B भिसा प्रतिबन्ध र संयुक्त राज्य अमेरिकाले लगाएको करले मोदीको अयोग्यतालाई पर्दाफास गर्दै जाँदा, उनको छाला पातलो हुँदै गइरहेको छ ।

पछिल्ला केही वर्षहरू व्यापक त्रासदीको समय भएका छन् ।

मोदीको नीतिगत दुस्साहसहरूले देशमा गहिरो, खुला घाउहरू छोडेको छ - नोटबन्दी, कश्मीरमा धारा ३७० को खारेजी र कोभिड-१९ को व्यवस्थापनमा ठुला असफलता हुन सक्छन् तर दैनिक असफलताहरू पनि छन् : पुलहरू भत्किनु, समुदायहरूमा पानीको अभाव, विद्यार्थीहरूको शैक्षिक सम्भावनालाई क्षति पुऱ्याउने प्रश्नपत्र चुहावट, यी सबैले युवाहरूलाई बढी स्तब्ध बनाएको छ । यी सबैले यो सरकारले आम जनतालाई कति असफल बनाएको छ भनेर प्रतिबिम्बित गर्दछ । धेरै राम्रो आर्थिक प्रचार भए तापनि, भारतमा यो आशाको क्षतिलाई ढाकछोप गर्न गाऱ्हो भएको छ ।

प्रत्येक राष्ट्रलाई भविष्यमा थोरै भौतिक समृद्धि, आशा र आत्मविश्वास चाहिन्छ । आज हामी यस्तो देशमा बस्छौँ जहाँ प्रधानमन्त्रीले भनेको कुरा कसैले विश्वास गर्दैनन् । मोदी अहिलेसम्मकै अलोकप्रिय भएका छन् र कुनै जनादेशबिनाको सरकार चलाउँदै छन् । पछिल्ला दुई चुनावी नतिजालाई विपक्षी दलहरू, पत्रकारहरू र पारदर्शिता अभियन्ताहरूले प्रश्न उठाएका र चुनौती दिएका छन् । भारतलाई 'चुनावी अधिनायकवाद' घोषणा गरिएको छ ।

यस बिन्दुमा, भाजपा चुनाव जित्ने मेसिन हो जसमा अन्य कुनै पनि प्रकारको राजनीतिक काम गर्ने क्षमता छैन, कुशल शासनको त कुरै छोडौँ । पत्रकारको हरेक मीम, ट्वीट वा प्रश्नले छेडिएको, मोदीको आत्मसम्मानको विशाल बेलुन हजारौँ प्वालबाट चुहिँदै छ । आक्रोशित भएर, मोदी र उनका नोकरशाहहरू, जर्जजस्तै, बढ्दो असङ्गत बयानहरू दिन्छन् जुन उनका चाटुकारहरूले पनि उनलाई राम्रो देखाउन केही गर्न सक्दैनन् ।

व्यङ्ग्य लामो समयदेखि लोकतन्त्रमा दबाबको झल्झको रूपमा रहेको छ र भारतका युवाहरूको गुनासोलाई दबाएर असहमतिलाई हटाउन सक्दैन; यसले उनीहरूलाई कट्टरपन्थी बनाउनेछ । सीजेपीजस्तै निर्दोष रूपमा सुरू भएको जेनजीविरोधका लहरहरू पछि दक्षिण एसियाभरि शासनहरू पतन भएकाले सरकार आत्तिनु पर्ने कारणहरू पनि छन् । यो दु:खमा एउटै मात्र खुसी कुरा यो छ कि मोदीको सफलताको नशा हराएको छ । यसलाई रोक्न सक्ने धेरै कुराको आडमा, सीजेपी फस्टाउँछ । त्यस्तै अन्य प्रकारका असहमतिहरू पनि छन् । पछिल्लो दुई कार्यकालको अस्थायी बेलुनको विपरीत, यो प्रधानमन्त्रीको रूपमा उनको अन्तिम कार्यकाल हुने सम्भावना पहिले नै अभूतपूर्व रूपमा भारी छ । एक दिन, चाँडै नै मोदीको सरकार ढल्नेछ र त्योभन्दा 'कक्रोचहरू' बढी बाच्नेछन् ।

*- विद्या कृष्णन्*
*अनुसन्धान पत्रकार*
*- अल जजीरा*

# सर्वहारा क्रान्ति र क्रान्तिकारी नैतिकता : आत्म-रूपान्तरणको मार्क्सवादी सिद्धान्त

✍ होचि मिन्ह

आफ्नो अस्तित्वको सुरुवातदेखि नै मानव जातिले अस्तित्व रक्षाका लागि प्रकृति - जङ्गली जनावरहरू, मौसम, इत्यादिका विरुद्ध सङ्घर्ष गर्नुपरेको छ । यस सङ्घर्षमा सफल हुन प्रत्येक व्यक्तिले ठुलो सङ्ख्यामा रहेका मानिसहरूको शक्ति, समष्टि र समाजमा भर पर्नुपर्छ । एक्लै उसले प्रकृतिमाथि विजय प्राप्त गर्न र जीवन निर्वाह गर्न सक्दैन ।

अस्तित्व रक्षाका लागि मानिसले गाँस र बास प्राप्त गर्न उत्पादन पनि गर्नुपर्छ । उत्पादन पनि समष्टि र समाजमा नै भर पर्नुपर्छ । एक्लै व्यक्तिले उत्पादन गर्न सक्दैन ।

हाम्रो युग एक सभ्य, क्रान्तिकारी युग भएकोले सबै कार्यहरूमा समष्टि र समाजको शक्तिमा अझ बढी भर पर्नुपर्छ । पहिलेभन्दा अहिले व्यक्ति अलग बस्न सक्दैन बल्कि समष्टिमा सामेल हुनैपर्छ, समाजमा सामेल हुनैपर्छ ।

त्यसकारण, व्यक्तिवाद समष्टिवादको विपरीत जान्छ; समष्टिवाद र समाजवाद पक्कै पनि विजयी हुनेछन् भने व्यक्तिवाद निश्चित रूपमा हराएर जानेछ ।

उत्पादनको पद्धति र शक्तिहरू निरन्तर विकसित र परिवर्तन भइरहन्छन्; त्यसैले मानिसको सोच, सामाजिक व्यवस्था आदि पनि परिवर्तन हुन्छन् । हामी सबैलाई थाहा छ कि विगतदेखि वर्तमानसम्म, उत्पादनको पद्धति रुखका हाँगाहरू र ढुङ्गाका बन्चरोहरूको प्रयोगबाट विकसित भएर मेसिन, बिजुली र आणविक ऊर्जाको प्रयोगसम्म पुगेको छ । सामाजिक व्यवस्थाहरू पनि आदिम साम्यवादबाट दास-स्वामित्व र सामन्तवाद हुँदै पुँजीवादसम्म विकसित भएका छन् । आज लगभग आधा मानव जाति समाजवाद र साम्यवादतर्फ अघि बढिरहेको छ ।

कसैले पनि यस विकास र प्रगतिलाई रोक्न सक्दैन ।

निजी स्वामित्वको सुरुवातसँगै समाज वर्गहरूमा - शोषकवर्ग र शोषितवर्गमा - विभाजित भएको छ, जसले गर्दा सामाजिक अन्तर्विरोध र वर्गसङ्घर्षको उदय भएको छ । जुनसुकै व्यक्ति पनि अनिवार्य रूपमा कुनै न कुनै वर्गमा पर्दछ र कोही पनि वर्गभन्दा बाहिर रहन सक्दैन । साथै, प्रत्येक व्यक्तिले आफ्नै वर्गको विचारको प्रतिनिधित्व गर्दछ ।

पुरानो समाजमा सामन्ती जमिनदार, पुँजीपति र साम्राज्यवादीहरूले अन्य सामाजिक तप्काहरू, विशेषगरी मजदुर र किसानहरूलाई निर्दयीपूर्वक दमन र शोषण गरे । उनीहरूले समाजद्वारा उत्पादित साझा सम्पत्ति लुटे, त्यसलाई आफ्नो निजी सम्पत्तिमा परिणत गरे र मोजमस्तीमा बाँचे । तर, उनीहरूले 'सद्गुण', 'स्वतन्त्रता', 'लोकतन्त्र'... का बारेमा भाषण छाँटिरहे ।

यस दमन र शोषणलाई सधैँभरि सहन अस्वीकार गर्दै मजदुर, किसान र अन्य श्रमजीवी जनताले आफ्नो मुक्तिका लागि र दुष्ट पुरानो समाजलाई एक राम्रो नयाँ समाजमा रूपान्तरण गर्नका लागि क्रान्ति सुरु गरेका छन्, जसमा सबै श्रमजीवी मानिसहरू खुसीसाथ बस्नेछन् र जहाँ मानिसद्वारा मानिसको शोषण निषेध गरिनेछ ।

सफल हुनका लागि, क्रान्तिको नेतृत्व मजदुरवर्ग (सबैभन्दा उन्नत, सचेत, दृढ, अनुशासित र सबैभन्दा व्यवस्थित वर्ग) ले यसको हेडक्वार्टरको रूपमा सर्वहारा पार्टीसँगै गर्नुपर्छ । यो कुरा सोभियत सङ्घ र अन्य समाजवादी देशहरूमा भएको क्रान्तिले अकाट्य रूपमा प्रमाणित गरिसकेको छ ।

क्रान्ति गर्नु, पुरानो समाजलाई नयाँ समाजमा रूपान्तरण गर्नु निकै गौरवशाली तर अत्यन्तै भारी कार्य, एक जटिल, दीर्घकालीन र कठिन सङ्घर्ष हो । पिठ्युँमा भारी बोकेर लामो दुरी तय गर्न बलियो मानिसले मात्र सक्छ । एक क्रान्तिकारीले आफ्नो गौरवशाली क्रान्तिकारी कार्य पूरा गर्नका लागि क्रान्तिकारी नैतिकताको बलियो जग बसाल्नुपर्छ ।

पुरानो समाजमा जन्मिएको र हुर्किएको हुनाले, हामी सबैले आफ्नो सोच र बानीबेहोरामा फरक-फरक मात्रामा त्यस समाजका अवशेषहरू बोकेका हुन्छौँ । पुरानो समाजको सबैभन्दा खराब र खतरनाक अवशेष व्यक्तिवाद हो । व्यक्तिवाद क्रान्तिकारी नैतिकताको विपरीत जान्छ । यसको थोरै मात्र बाँकी रहेको अंशले पनि पहिलो अवसर पाउनासाथ आफ्नो विकास गर्छ, क्रान्तिकारी सद्गुणहरूलाई दबाउँछ र हामीलाई क्रान्तिकारी उद्देश्यका लागि पूर्ण हृदयले सङ्घर्ष गर्नबाट रोक्छ ।

व्यक्तिवाद निकै छली र धोकेबाज कुरा हो, यसले मानिसलाई चलाखीपूर्वक पतनतर्फ लाग्न प्रेरित गर्छ । अनि सबैलाई थाहा छ कि प्रगति गर्नुभन्दा पतन हुन सजिलो हुन्छ । त्यसैले, यो निकै खतरनाक छ ।

पुरानो समाजका खराब अवशेषहरूलाई त्याग्न र क्रान्तिकारी सद्गुणहरूको विकास गर्नका लागि, हामीले निरन्तर प्रगति गर्न कडा अध्ययन गर्नुपर्छ तथा आफूलाई शिक्षित र परिमार्जित गर्नुपर्छ । अन्यथा, हामी पछाडि हट्नेछौँ र पछि पर्नेछौँ । अन्ततः अगाडि बढिरहेको समाजद्वारा तिरस्कृत हुनेछौँ ।

हामीले विद्यालय गएर वा प्रशिक्षण कक्षाहरूमा भाग लिएर मात्र अध्ययन, शिक्षा र आफूलाई परिमार्जित गर्न सक्छौँ भन्ने होइन । प्रत्येक क्रान्तिकारी गतिविधिमा हामीले यो गर्न सक्छौँ र गर्नैपर्छ । भूमिगत क्रान्तिकारी गतिविधिहरू, जनविद्रोह, प्रतिरोधको युद्ध, उत्तरमा समाजवादको वर्तमान निर्माण र राष्ट्रिय पुनःएकीकरणको सङ्घर्ष निकै राम्रा विद्यालयहरू हुन् जहाँ हामी क्रान्तिकारी सद्गुणहरू प्राप्त गर्न सक्छौँ ।

क्रान्तिकारी सद्गुण भएका मानिसहरू न त कठिनाइ, कष्ट वा असफलतासँग डराउँछन्; न त उनीहरू हिचकिचाउँछन् वा पछि हट्छन् । पार्टी, क्रान्ति, वर्ग, राष्ट्र र मानव जातिको हितका लागि उनीहरू आफ्नो व्यक्तिगत स्वार्थ र आवश्यक परेमा आफ्नो ज्यानसमेत बलिदान दिन कहिल्यै हिच्किचाउँदैनन् । यो क्रान्तिकारी नैतिकताको निकै स्पष्ट र उच्च अभिव्यक्ति हो ।

हाम्रो पार्टीमा, कमरेडहरू ट्रान फु, न्गो जिया तु, ले होङ फोङ, नुयेन भान कु, होआङ भान थु, नुयेन थि मिन्ह खाई र अन्य धेरैले जनता र पार्टीको हितका लागि आफ्नो ज्यान उत्सर्ग गर्नुभएको छ, जसले सार्वजनिक हितप्रति पूर्ण समर्पण र पूर्ण निःस्वार्थताको शानदार उदाहरण प्रस्तुत गरेको छ ।

क्रान्तिकारी सद्गुण भएका मानिसहरू सरल र विनम्र रहन्छन् । अझ बढी कष्टहरूको सामना गर्न तयार हुन्छन्; कार्य क्षेत्रमा रहँदा कसरी सबैभन्दा ठुलो पुरस्कार प्राप्त गर्ने भन्ने कुरा सोच्नुको सट्टा आफ्नो कार्यलाई कसरी उत्कृष्ट रूपमा पूरा गर्ने भन्नेबारे सोच्दछन् । हामीले विगतका उपलब्धिहरूको घमण्ड गर्ने र विशेष सुविधाहरू दाबी गर्ने वा नोकरशाही, अहङ्कार र भ्रष्टतामा लिप्त हुने कुराबाट बच्नैपर्छ । यो पनि क्रान्तिकारी नैतिकताकै अभिव्यक्ति हो ।

सङ्क्षेपमा, क्रान्तिकारी नैतिकतामा निम्न कुराहरू समावेश हुन्छन् :

आफ्नो जीवन पार्टी र क्रान्तिका लागि सङ्घर्ष गर्नमा समर्पित गर्नु । यो सबैभन्दा आवश्यक बुँदा हो ।

पार्टीका लागि कडा परिश्रम गर्नु, पार्टी अनुशासनको पालना गर्नु र पार्टीका नीति तथा कार्यरेखाहरू लागू गर्नु ।

पार्टी र श्रमजीवी जनताको हितलाई आफ्नो व्यक्तिगत स्वार्थभन्दा अगाडि र माथि राख्नु । पूर्ण हृदयले जनताको सेवा गर्नु । पार्टी र जनताका लागि निःस्वार्थ रूपमा सङ्घर्ष गर्नु र हरेक दृष्टिकोणबाट अनुकरणीय बन्नु ।

मार्क्सवाद-लेनिनवादको अध्ययन गर्न प्रयास गर्नु र आफ्नो वैचारिक स्तर बढाउन, आफ्नो काममा सुधार गर्न र आफ्ना कमरेडहरूसँगै मिलेर प्रगति गर्न निरन्तर आत्म-आलोचना र आलोचनाको प्रयोग गर्नु ।

प्रत्येक क्रान्तिकारीले यो गहिरो गरी महसुस गर्नुपर्छ कि हाम्रो पार्टी मजदुरवर्गको सबैभन्दा उन्नत र सुदृढ सङ्गठन हो । यसले मजदुरवर्ग तथा आम श्रमजीवी जनताको नेतृत्व गर्दछ । वर्तमान समयमा, हाम्रो मजदुरवर्ग सङ्ख्यात्मक रूपमा अझै धेरै नभए तापनि दिनप्रतिदिन विकसित भइरहेको छ । भविष्यमा, जताततै कृषि सहकारीहरू सङ्गठन गरिनेछन्, ग्रामीण भेगमा मेसिनहरूको व्यापक प्रयोग हुनेछ र किसानहरू मजदुर बन्नेछन् । बुद्धिजीवीहरू शारीरिक श्रमसँग राम्ररी परिचित हुनेछन् र मानसिक तथा शारीरिक श्रम गर्नेहरूबिचको भिन्नता बिस्तारै मेटिँदै जानेछ । हाम्रो देशको उद्योग दिनप्रतिदिन विकसित हुनेछ । त्यसैले, मजदुरहरूको सङ्ख्या अझ बढ्दै जानेछ, उनीहरूको शक्ति वृद्धि हुनेछ र मजदुरवर्गको भविष्य महान् तथा गौरवशाली छ ।

यसले संसारलाई र आफूलाई पनि परिमार्जित गर्नेछ ।

क्रान्तिकारीले यो कुरा स्पष्टसँग महसुस गर्नुपर्छ र मजदुरवर्गको दृष्टिकोणमा दृढतापूर्वक अडिग रहनुपर्छ, ताकि समाजवाद र साम्यवादका लागि, मजदुरवर्ग र सम्पूर्ण श्रमजीवी जनताका लागि पूर्ण हृदयले सङ्घर्ष गर्न सकियोस् । क्रान्तिकारी नैतिकता भनेको पार्टी र जनताप्रतिको पूर्ण बफादारी हो ।

हाम्रो पार्टीले मजदुरवर्ग र श्रमजीवी जनताको हितबाहेक अन्य कुनै स्वार्थ बोक्दैन । त्यसैले, यसको तत्कालीन उद्देश्य उत्तरमा समाजवादको क्रमिक निर्माण र देशको पुनःएकीकरणका लागि सङ्घर्ष गर्नु हो ।

पार्टीको नेतृत्वमा हाम्रा जनताले वीरतापूर्वक लडे, औपनिवेशिक र सामन्ती शासनलाई ढाले र हाम्रो देशको उत्तर भागलाई पूर्ण रूपमा मुक्त गरे । यो एउटा ठुलो सफलता थियो । तर, क्रान्ति अझै पूर्ण रूपमा विजयी भइसकेको छैन । पार्टीको वर्तमान लक्ष्य राष्ट्रिय पुनःएकीकरणका लागि सङ्घर्ष गर्नु हो, ताकि एक शान्त, पुनःएकीकृत, स्वतन्त्र, लोकतान्त्रिक र समृद्ध भियतनामको निर्माण गर्न सकियोस्, देशभरि मानिसद्वारा मानिसको शोषणको अन्त्य गर्न सकियोस् र सबैका लागि खुसी तथा प्रचुरतायुक्त नयाँ समाजको निर्माण गर्न सकियोस् ।

यद्यपि, हाम्रो उद्योग अझै पनि पिछडिएको छ । भ्रातृ देशहरू, विशेषगरी सोभियत सङ्घ र चीनको भ्रातृपूर्ण सहयोगका कारण यो विकसित भइरहेको छ । हाम्रो प्रयास सफल हुनका लागि, हाम्रा मजदुरहरूले एकापसमा प्रतिस्पर्धा गर्नुपर्छ र अझ बढी, छिटो, राम्रो र कम खर्चिलो रूपमा उत्पादन गर्न प्रयास गर्नुपर्छ, श्रम अनुशासनको पालना गर्नुपर्छ र आफ्ना उद्योगहरूको व्यवस्थापनमा सक्रिय रूपमा सहभागी हुनुपर्छ : हामीले फजुल खर्च र हिनामिनाको विरोध गर्नुपर्छ । हाम्रा कार्यकर्ताहरू साँच्चिकै मेहनती, मितव्ययी, इमानदार तथा सदाचारी हुनुपर्छ र मजदुरहरूसँगै श्रममा जोडिनुपर्छ ।

हाम्रा किसानहरूलाई जमिन बाँडिएको छ, जसले गर्दा उनीहरूको जीवनमा आंशिक सुधार आएको छ । तर, उत्पादनको पद्धति अझै छरिएको र पिछडिएको छ; त्यसैले उत्पादन अझै धेरै बढ्न सकेको छैन र जीवनस्तरमा सामान्य मात्र सुधार भएको छ । उत्पादनमा ठोस वृद्धि ल्याउनका लागि हाम्रा ग्रामीण भेगहरूमा श्रम-आदानप्रदान टोलीहरू ( काम सघाउने समूहहरू) र सहकारीहरू स्थापना गर्ने अभियानलाई व्यापक र दृढतापूर्वक अगाडि बढाउनुपर्छ; तब मात्र हाम्रा किसानहरू गरिबीबाट मुक्त हुन सक्छन् र उनीहरूको अवस्थामा सुधार आउन सक्छ ।



त्यसकारण, क्रान्तिकारी नैतिकता भनेको पार्टीको उद्देश्य प्राप्त गर्न प्रयास गर्नु, मजदुरवर्ग र श्रमजीवी जनताको इमानदारीपूर्वक सेवा गर्नु र कहिल्यै विचलित नहुनु हो ।

पार्टी र श्रमजीवी युवा सङ्घका अधिकांश सदस्य तथा अधिकांश कार्यकर्ताहरूले यसै गरेका छन् तर केहीले भने गरेका छैनन् । उनीहरू गलत ढङ्गले सोच्छन् कि अब उत्तरबाट औपनिवेशिक र सामन्तीहरूलाई धपाइसकिएको हुनाले क्रान्ति सफलतापूर्वक सम्पन्न भइसकेको छ । यही कारणले गर्दा उनीहरूले आफूभित्र व्यक्तिवादलाई बढ्न दिन्छन्, सुखसुविधा र आरामको माग गर्छन् । सङ्गठनद्वारा सुम्पिएको जिम्मेवारी पूरा गर्नुको सट्टा आफ्नो रुचिअनुसारको काम रोज्न चाहन्छन् । उनीहरू उच्च पद त चाहन्छन् तर जिम्मेवारीबाट पन्छिन्छन् । उनीहरूको सङ्घर्षशीलता र ऊर्जा बिस्तारै कमजोर हुँदै जान्छ र उनीहरूको क्रान्तिकारी साहस तथा उदात्त सद्गुणहरू पनि घट्दै जान्छन् । उनीहरू बिर्सन्छन् कि एक क्रान्तिकारीको प्रमुख कसि भनेको पार्टी र क्रान्तिका लागि आफ्नो सम्पूर्ण जीवन सङ्घर्ष गर्ने दृढ सङ्कल्प हो ।

हामीले यो बुझ्नुपर्छ कि अहिलेसम्म हामीले प्राप्त गरेका सफलताहरू हजार माइलको यात्राका प्रारम्भिक पाइलाहरू मात्र हुन् । हामी अझ अगाडि बढ्नुपर्छ, क्रान्तिले अझ बढी प्रगति गर्नुपर्छ । अन्यथा, हामी पछाडि हट्नेछौँ र हामीले हासिल गरेका सफलताहरूलाई संस्थागत र विकसित गर्न सकिने छैन ।

समाजवादतर्फ अघि बढ्नका लागि हामीले लामो र कडा सङ्घर्ष गर्नुपर्छ । हामीसँग क्रान्तिकारीहरू हुनैपर्छ किनभने क्रान्तिको विरोध गर्ने शत्रुहरू अझै अस्तित्वमा छन् ।

शत्रुहरू तीन प्रकारका हुन्छन् :

पुँजीवाद र साम्राज्यवाद निकै खतरनाक शत्रु हुन् । पिछडिएका बानीबेहोरा र परम्पराहरू पनि ठुला शत्रु हुन् : तिनीहरूले चलाखीपूर्वक क्रान्तिको प्रगतिमा बाधा पुर्‍याउँछन् । यद्यपि, हामी तिनीहरूलाई दमन गर्न सक्दैनौँ, बल्कि सावधानी, दृढता र लामो समय लगाएर तिनीहरूलाई सुधार्ने प्रयास गर्नुपर्छ ।

तेस्रो शत्रु व्यक्तिवाद हो, अर्थात् निम्न-पुँजीवादी मानसिकता जुन अझै हामी प्रत्येकभित्र लुकिरहेको छ । यसले आफ्नो टाउको उठाउनका लागि अवसर - चाहे असफलता होस् वा सफलता - पर्खेर बसिरहेको हुन्छ । यी माथि उल्लिखित दुई श्रेणीका शत्रुहरूको सहयोगी हो ।

त्यसकारण, क्रान्तिकारी नैतिकता भनेको जुनसुकै परिस्थितिमा पनि सबै शत्रुहरूका विरुद्ध दृढतापूर्वक सङ्घर्ष गर्नु, आफ्नो सतर्कता कायम राख्नु, लड्नका लागि तयार रहनु र आत्मसमर्पण गर्न वा टाउको झुकाउन अस्वीकार गर्नु हो । यसो गरेर मात्र हामी शत्रुलाई परास्त गर्न र आफ्नो क्रान्तिकारी कार्य पूरा गर्न सक्छौँ ।

आफ्नो सही नीति र एकीकृत नेतृत्वका कारण नै हाम्रो पार्टीले मजदुरवर्ग र सम्पूर्ण जनतालाई समाजवादतर्फ डोर्‍याउन सक्षम भएको हो । यो एकीकृत नेतृत्व यसका सबै सदस्यहरूको विचार र कार्यको एकताबाट उत्पन्न हुन्छ ।

यस एकताबिना हामी "त्यस्तो अर्केस्ट्रा (वाद्यवादन समूह) जस्तै हुनेछौँ जसमा ड्रम एकातिर बज्छ र बिगुल अर्कोतिर ।" हाम्रा लागि जनसमुदायको नेतृत्व गर्न र क्रान्ति सम्पन्न गर्न सम्भव हुनेछैन ।

पार्टी सदस्यहरूको भनाइ र गराइले क्रान्तिमा ठुलो महत्त्व राख्छ किनभने यसले जनसमुदायमा ठुलो प्रभाव पार्छ । उदाहरणका लागि : हाम्रो पार्टी र सरकारको वर्तमान नीति कृषि सहकारी सञ्चालन गर्नका लागि व्यापक र घनिष्ठ रूपमा श्रम-आदानप्रदान टोलीहरू र सहकारीहरू सङ्गठित गर्नु हो । तर, केही पार्टी र श्रमजीवी युवा सङ्घका सदस्यहरू त्यसमा सामेल हुँदैनन् वा सामेल भए पनि तिनीहरूको निर्माण र सुदृढीकरणमा सक्रिय रूपमा योगदान दिँदैनन् । यो व्यक्तिवाद नै हो जसले ती कमरेडहरूलाई आफ्नो मनमर्जी गर्न र पार्टीको सङ्गठन तथा अनुशासनको विपरीत जान प्रेरित गरेको छ । जानीजानी होस् वा नजानी, तिनीहरूका कार्यहरूले पार्टीको प्रतिष्ठामा आँच पुर्‍याउँछन्, यसको काममा बाधा हाल्छन् र क्रान्तिको यात्रालाई अवरुद्ध गर्छन् ।

पार्टीका सबै नीति र क्रान्तिहरूको उद्देश्य जनताको हितको सेवा गर्नु हो । त्यसकारण, एक पार्टी सदस्यका लागि क्रान्तिकारी नैतिकता भनेको जस्तोसुकै कठिनाइ भए तापनि तिनीहरूलाई दृढतापूर्वक लागू गर्नु र जनसमुदायका लागि एउटा उदाहरण प्रस्तुत गर्नु हो । प्रत्येक पार्टी सदस्यले जनता र पार्टीप्रतिको आफ्नो जिम्मेवारीको भावनालाई उच्च बनाउनुपर्छ । उसले व्यक्तिवादबाट जोगिनुपर्छ र त्यसको दृढतापूर्वक विरोध गर्नुपर्छ ।

हाम्रो पार्टीले मजदुरवर्ग र सम्पूर्ण श्रमजीवी जनताको साझा हितको प्रतिनिधित्व गर्दछ, कुनै समूह वा व्यक्तिको निजी स्वार्थको होइन । यो कुरा सबैलाई थाहा छ ।

मजदुरवर्गले आफूलाई मुक्त गर्न मात्र होइन, बरु सम्पूर्ण मानव जातिलाई दमन र शोषणबाट मुक्त गर्न सङ्घर्ष गर्दछ । त्यसकारण, उनीहरूको हित र जनताको हित एकै हो ।

पार्टी सदस्यले पार्टीको नाममा मजदुरवर्ग र श्रमजीवी जनताको हितको प्रतिनिधित्व गर्दछ । त्यसैले, उसको आफ्नो हित पार्टी र वर्गको हितभित्रै हुन्छ, त्यसभन्दा बाहिर हुँदैन । पार्टी र वर्गको सफलता र विजय नै त्यस योद्धाको सफलता र विजय हो । पार्टी र वर्गबाट अलग भएर कुनै पनि व्यक्तिले ऊ जतिसुकै प्रतिभाशाली भए तापनि केही पनि हासिल गर्न सक्दैन ।

एक पार्टी सदस्यका लागि क्रान्तिकारी नैतिकता भनेको जुनसुकै परिस्थितिमा पनि पार्टीको हितलाई अन्य सबै कुराभन्दा माथि राख्नु हो । यदि पार्टीको हित र व्यक्तिको हितबिच अन्तर्विरोध पैदा भयो भने व्यक्तिले पूर्ण रूपमा पार्टीको हितका लागि बाटो छोडिदिनुपर्छ (आफ्नो हित त्याग्नुपर्छ) ।

आफूलाई व्यक्तिवादबाट मुक्त गर्न नसकेका कारण केही पार्टी सदस्यहरू अझै 'पार्टीका लागि आफ्ना सेवाहरू' को घमण्ड गर्छन्, जसका लागि उनीहरू पार्टीले 'कृतज्ञता' प्रकट गरोस् भन्ने दाबी गर्छन् । उनीहरू सुखसुविधा, सम्मान, पद र विशेषाधिकार उपभोग गर्न चाहन्छन् । यदि उनीहरूका इच्छाहरू पूरा भएनन् भने, उनीहरू आफ्नो 'कुनै भविष्य नभएको' र आफू 'बलिदान भएको' गुनासो गर्दै पार्टीप्रति असन्तोष व्यक्त गर्छन् । उनीहरू बिस्तारै पार्टीबाट टाढिँदै जान्छन् र अझ खराब कुरा त, उनीहरू यसका नीति तथा अनुशासनलाई नै भत्काउन लाग्छन् ।

भूमिगत सङ्घर्ष र प्रतिरोधको युद्धको अवधिमा धेरै कार्यकर्ता र योद्धाहरूले वीरतापूर्वक आफ्नो ज्यान उत्सर्ग गरे; धेरै श्रम नायक र विशिष्ट मजदुरहरूले उत्पादन बढाउन आफ्नो अधिकतम प्रयास गरेका छन् । ती कमरेडहरूले कहिल्यै पद र सम्मान मागेका छैनन्, पार्टीबाट कहिल्यै धन्यवादको माग गरेका छैनन् ।

हाम्रो पार्टी जन-आधारित प्रकृतिको छ र यसका लाखौँ सदस्यहरू छन् । हाम्रो देशको परिस्थितिका कारण पार्टी सदस्यहरूको ठुलो हिस्सा निम्न-पुँजीपति वर्गबाट आउँछ । यसमा अचम्म मान्नुपर्ने केही छैन । सुरु-सुरुमा, पुँजीवादी विचारधाराको प्रभावका कारण केही पार्टी सदस्यहरूको दृष्टिकोणमा दृढताको कमी हुन सक्छ, उनीहरूको बुझाइ अस्पष्ट हुन सक्छ र उनीहरूको सोच पूर्ण रूपमा सही नहुन सक्छ । तर, क्रान्ति र प्रतिरोधको युद्धमा खारिएका हुनाले हाम्रा पार्टी सदस्यहरू समग्रमा पार्टी र क्रान्तिप्रति बफादार राम्रा योद्धाहरू हुन् ।

ती कमरेडहरूलाई थाहा छ कि गल्ती गर्ने पार्टी सदस्यहरूले जनसमुदायलाई पनि गल्तीको बाटोतर्फ लैजानेछन्; त्यसकारण, उनीहरू आफूबाट हुन सक्ने कुनै पनि गल्तीलाई समयमै सुधार्न सधैँ तयार रहन्छन् र साना गल्तीहरू जम्मा भएर ठुलो रूप लिन दिँदैनन् । उनीहरू साँचो मनले आलोचना र आत्म-आलोचनाको अभ्यास गर्छन्, जसले उनीहरूलाई सँगसँगै प्रगति गर्न सम्भव तुल्याउँछ ।

यो क्रान्तिकारी नैतिकता अनुकूल छ । आफ्नो धेरै वर्षको भूमिगत गतिविधिका क्रममा, औपनिवेशिकहरूद्वारा कडा रूपमा दमन गरिए पनि र धेरै कठिनाइ तथा खतराहरूको सामना गर्नुपरे पनि, हाम्रो पार्टी दिनप्रतिदिन विकसित र बलियो हुँदै गयो । त्यसपछि क्रान्ति तथा प्रतिरोधको युद्धलाई विजयतर्फ डोर्‍यायो । यो यस तीखो हतियार : आलोचना र आत्म-आलोचनाको प्रभावकारी प्रयोगका कारण सम्भव भएको हो ।

यद्यपि, अझै केही यस्ता पार्टी सदस्यहरू बाँकी छन् जो व्यक्तिवादबाट मुक्त हुन नसक्दा अभिमानी र घमन्डी बन्छन् र आफ्ना गुणहरूको बखान गरिरहन्छन् । अरूको आलोचना गरिरहँदा, उनीहरू आफू आलोचित हुन मन पराउँदैनन्; उनीहरू आत्म-आलोचनाबाट पन्छिन्छन् वा निष्ठा र गम्भीरताबिना यसको औपचारिक अभ्यास मात्र गर्छन् । उनीहरू आफ्नो साख र प्रतिष्ठा गुम्ने डर मान्छन् । उनीहरू जनसमुदायको विचारमा ध्यान दिँदैनन् र गैर-पार्टी कार्यकर्ताहरूलाई हल्का रूपमा लिन्छन् । उनीहरूले यो बुझ्दैनन् कि आफ्नो काममा कुनै पनि गल्ती नगर्नु कठिन कुरा हो । हामी सम्भावित गल्तीहरूसँग डराउँदैनौँ, बल्कि तिनीहरूलाई दृढतापूर्वक सुधार्न असफल हुने कुरासँग डराउँछौँ । गल्तीहरू सच्याउनका लागि, हामीले जनसमुदायको आलोचना सुन्नुपर्छ र साँचो मनले आत्म-आलोचना गर्नुपर्छ । अन्यथा हामी पछि पर्नेछौँ र पतन हुनेछौँ, जसले गर्दा हामीलाई जनसमुदायद्वारा किनारा लगाइनेछ । यो व्यक्तिवादको अनिवार्य परिणाम हो ।

मजदुरवर्ग र श्रमजीवी जनताको शक्ति विशाल र असीमित छ । तर, यदि उनीहरूले विजय प्राप्त गर्ने हो भने उनीहरूलाई पार्टीले नेतृत्व गर्नैपर्छ । साथै, क्रान्तिलाई विजयी बनाउनका लागि पार्टी जनसमुदायको नजिक रहनुपर्छ र उनीहरूलाई कुशलतापूर्वक सङ्गठित तथा नेतृत्व गर्नुपर्छ ।

क्रान्तिकारी नैतिकता भनेको जनसमुदायसँग एकाकार भएर एकजुट हुनु, उनीहरूलाई विश्वास गर्नु र उनीहरूको विचारमा ध्यान दिनु हो । आफ्ना भनाइ र गराइद्वारा, पार्टी तथा श्रमजीवी युवा सङ्घका सदस्यहरू र कार्यकर्ताहरूले जनताको विश्वास, सम्मान र माया जित्छन्, उनीहरूलाई पार्टीको वरिपरि दृढतापूर्वक एकजुट गराउँछन् र उनीहरूलाई सङ्गठित, शिक्षित तथा परिचालन गर्छन् ताकि उनीहरूले उत्साहपूर्वक पार्टीका नीति र प्रस्तावहरू लागू गरून् ।

हामीले क्रान्ति र प्रतिरोधको युद्धका क्रममा यही गरेका थियौँ । तर, वर्तमान समयमा, व्यक्तिवादले हाम्रा कतिपय कमरेडहरूलाई सताइरहेको छ ।

***बाँकी पृष्ठ १२ मा***

**उपद्रोहबाट...**

भारतको मोदी सरकार फासीवादी सरकार हो भन्दै अध्यक्ष बिजुक्छेँले भारतीय जनता पनि दुःखमा छन्, भारतीय जनता र नेपाली जनताको मत एकै हुनुपर्छ भन्नुभयो । एक प्रश्नको जवाफमा अध्यक्ष बिजुक्छेँले संरा अमेरिकाले विश्वमा युद्धको व्यापार गरिरहेको भन्दै गरिब देशलाई थिचोमिचो गर्ने, सानो देशलाई उठ्न नदिने ट्रम्प पनि नेपोलियन सकिएजस्तै सकिने विचार राख्नुभयो । भेनेजुयला समाजवादी देश होइन, चुनावबाट आएको सरकार हो, लडाईंबाट आएको होइन भन्दै अध्यक्ष बिजुक्छेँले अमेरिकाले भेनेजुयलाको सेना हातमा लिएर राष्ट्रपति मादुरोलाई अपदस्थ गरेको भनाइ राख्नुभयो । उहाँले भन्नुभयो, त्यो सार्वभौम देशमाथि अमेरिकाले गरेको अपराध थियो ।

सजिलैसित केही हुन्छ, सरकारको भरमा केही हुन्छ भन्ने आशा गर्न नसकिने भन्दै अध्यक्ष बिजुक्छेँले नेमकिपा जनताकै भरमा रहने र जनता नै इमानदार हुनुपर्छ भन्नुभयो । उहाँले कार्यकर्ताले जनताको बिचमा काम गर्दै जानुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'राजनीतिक कार्यकर्ता बन्ने भाइबहिनीलाई चिठ्ठी' बरोबर अध्ययन गरेर पार्टीको सिद्धान्तप्रति प्रतिबद्ध हुनु आवश्यक छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "वर्तमान सरकारको पार्टीको विधानमा शोषणरहित समाज बनाउने उल्लेख गरियो भने निर्वाचन वाचापत्रमा आर्थिक उदारीकरण उल्लेख गरियो । आगामी आवको बजेटमा सरकारले गोरखाली रबर उद्योगसमेत सात ओटा सरकारी उद्योग व्यक्तिलाई बेच्ने प्रस्ताव ल्यायो । विधानमा एउटा, निर्वाचन वाचापत्र र बजेटमा अर्को उल्लेख गरिनु पार्टी र सरकारको इमानदारी होइन ।

नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले कार्यकर्तालें जनताको बिचमा रहेर काम गर्नुपर्ने धारणा राख्नुभयो । अन्तरक्रियामा प्रदेश समितिका सदस्यहरूले अध्यक्ष बिजुक्छेँसमक्ष जिज्ञासाहरू राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन आयोजक समितिका संयोजक सरोजराज गोसाईले गर्नुभएको थियो ।

कविता

## अब के अर्थतन्त्र जलाउने हो ?

● स्नेह

सरकारी उद्योग बेचेर
शोषणरहित समाज बनाउने
तिम्रो पार्टीको विधान कस्तो ?
आर्थिक उदारीकरणको नाममा
विदेशी ऋण ल्याएर
नेपालीलाई ऋण बोकाउने
तिम्रो बाचापत्र कस्तो ?
देशमा रोजगारी नदिने
युवा खोज्दै विदेश पठाउने
तिम्रो नीति-कार्यक्रम कसरी नयाँ ?
विदेशी लगानी ल्याएर
देशलाई नवउपनिवेश बनाउने
तिम्रो बजेट कसरी नयाँ ?
देश जलायौ तिमीले
अब के अर्थतन्त्र जलाउने हो ?
देश बनाउँछौ भन्नेहरू
मरुभूमि किन बनाउँछौ ?

(२०८३ जेठ ३१)

एकक्षण — प्रधान

# बजेट के हो र के होइन ?

मानिसहरूले भन्दै आएका छन् - बजेट हरेक सालको देशको आम्दानी र खर्चको सूची हो ।

कसैले भने - बजेट देशको वर्षको आय-व्यय, ऋण, ब्याज र पुराना आयोजनाहरू बारेको फेहरिस्त हो ।

कसैले भने - बजेट हरेक सरकारको अर्थतन्त्रको मुहार हो । अरूले थपे - सरकारको अर्थतन्त्रको जानकारी नाप्ने ब्यारोमिटर हो आदि ।

अर्थशास्त्रकै एक विद्यार्थीले मुट्ठी कसेर भने - देशको बजेट पुँजीपतिवर्गलाई धनी बनाउन कर छल्ने र गरिबहरूलाई थप कर भार बनाउने योजना मात्रै हो, जसले धनीहरू झन्‌झन् धनी हुनेछन् र गरिबहरू झन्‌झन् गरिब ! 'समाजवाद' र 'कम्युनिस्ट' नामका संसदीय दलहरूलाई पुँजीवादको सुनपानी छरीछरी पत्र बनाउने जालसाजी हो ।

XXX

यसपालिको 'चोखो' 'जेनजी' र 'भ्रष्टाचारमुक्त' बनाउने धाक र धक्कु लगाउने सरकारको अर्थतन्त्रको बजेटको उद्देश्य हो - 'आफ्नै स्कूललाई वाग्लेको १५ करोड कृपा, छात्रवृत्तिमा छुट्टै ६ करोड औचित्यमाथि प्रश्न !' (नेपाल समाचारपत्र, ३१ जेठ २०८३)

हुटिट्याउँको खुट्टैदेखि चाल पाइन्छ भनेको यही हो । देशका अरू सबै पुँजीवादी राजनीतिक नेताहरू र अर्थशास्त्रीहरूलाई चानचुन सम्झने अर्थमन्त्रीको दृष्टिबिन्दु भने 'आफ्नै स्कूललाई.... १५ करोड अनुदान' र '६ करोड छात्रवृत्ति अनुदान' पहिलेदेखि दिई आएको अनुदानबाहेक !

के यस्तो एक उदाहरणले राज्यको अर्थतन्त्रको ज्ञान र आर्थिक स्तरको उचाइ नाप्न सकिन्न ? हो, एउटा गाविसका अध्यक्षले आफ्नै गाउँ विद्यालयको भौतिक उन्नति र शैक्षिक स्तर उठाउने कार्य निश्चय पनि प्रशंसाको विषय हो । तर, देशको अर्थमन्त्रीको वैचारिक घेराको उचाइ आफ्नै विद्यालयको मात्र हुनु अत्यन्त लाज र मूर्खताको नापो हो ।

राष्ट्रिय घेरा र उचाइ छोडेर हेरौँ - 'प्रदेशहरूमा सांसदले रोजेका योजना बाँड्दै बजेट' (कान्तिपुर, ३१ जेठ २०८३) ।

हो, पुँजीवादी देशहरूको बजेट निर्वाचनको बेला सांसदहरूले आ-आफ्नो क्षेत्रमा मत प्राप्त गर्न गाउँ र सहरका मतदाताहरूलाई दिएको वचन हो । साथै अमेरिकी राष्ट्रपतिको निर्वाचनमा बाचा-बन्धन र त्यसबेला 'काङ्ग्रेस र संसद्' मा 'गम्भीर छलफल !' हुन्थे । त्यहाँ सरकारी दलका सांसदहरूले प्रतिपक्षका सांसदहरूलाई पछाडिबाट खामको पैसा बाँडेर निर्णय गर्छन् - सरकारको पक्षमा !

XXX

रुसको सोभियत कालमा उद्योग, कृषि, प्रविधि, रक्षा र जनजीवनलाई प्राथमिकता दिइन्थ्यो र चीनमा अहिले पनि उद्योग अन्तर्राष्ट्रिय व्यापार नयाँ-नयाँ स्वचालित प्रविधि, कृषि, सौर्य ऊर्जा, विद्युत् र वातावरणसँग सम्बन्धित विषय एवं रक्षा क्षेत्रमा ध्यान दिइएको देखिन्छ ।

प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको बजेट नै नयाँ वर्षको सन्देश नै हो - अर्थात् देशको इस्पात उत्पादन, यातायात, कृषि, शिक्षा, विज्ञान र प्रविधि, जनताको नयाँ आवास निर्माण, जनताको जीवनस्तरबारेमा प्राथमिकता दिएको देखिन्छ ।

त्यस्तै भियतनाम, क्युबा आदि नेपालजस्तै जनसङ्ख्या र क्षेत्रफलको हिसाबले नेपालसँग तुलना गर्न सक्ने देशहरूको अध्ययन अत्यन्त लाभदायक हुन्छ । तर, नेपालका वर्तमान अर्थमन्त्री ती देशको नाम लिनासाथ मुर्छा पर्ने खालको बताउँछन् - जानकारहरू !

नेपालको वर्तमान सरकार आएपछि भएको अर्थतन्त्रले ल्याउने सकारात्मक अङ्क त सरकारी र राष्ट्रिय सम्पत्तिमाथि गरेका आगजनी र विध्वंसले थप १ खर्ब डलर ऋण थपिने पक्का छ । नेपाली जनता खुसी नभए पनि 'विश्व बैङ्क', 'अन्तर्राष्ट्रिय मुद्राकोष' र 'एसियाली विकास बैङ्क' लाई खुसीको खबर होला ! नयाँ सरकारको शिक्षाको उपलब्धि भनेको 'एसईईको नतिजामा ७० ल्याउनेलाई ७ अङ्क' बाटै थाहा भयो (कान्तिपुर, ३० जेठ २०८३) । अर्थतन्त्रको राम्रो खबर - 'एक खर्ब बढीको वित्तीय अपराध' 'भट्ट र ठूला व्यापारिक घराना जोडिएको वित्तीय क्षेत्रलाई तरङ्गित' बनायो (नागरिक, शनिबार, ३०-३१ जेठ २०८३) ।

शान्ति सुरक्षाको स्थिति यस्तो छ - नयाँ सरकारको 'आफन्तबाट असुरक्षित' पछिल्ला आर्थिक वर्षमा ३,५०२ व्यक्तिको हत्या हुँदा १,३४४ परिवारभित्रकै सदस्यबाट' (नयाँ पत्रिका, २०८३) यसबारे सरकारको जनतालाई आश्वस्त पार्ने नीति छ ? सरकार मौन छ !

**अध्ययनमा...**

नगरपालिकाले विभिन्न कलेज सञ्चालन गर्दै आएको बताउँदै ती शिक्षालयहरूको मुख्य उद्देश्य अनुशासित, नैतिकवान् र देशभक्त नागरिक तयार गर्नु रहेको स्पष्ट पार्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले हरेक वर्ष करिब साढे ४ करोड रुपैयाँ बराबरको छात्रवृत्ति प्रदान गर्दै आएको उल्लेख गर्दै आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूको उच्च शिक्षा सुनिश्चित गर्न हालसम्म ८५० जना विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराइएको जानकारी दिनुभयो ।

उहाँले नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनताको रक्षा सबै नेपालीको साझा दायित्व भएको बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले विद्यार्थीहरूले स्पष्ट लक्ष्य र अर्जुनदृष्टि लिएर अध्ययनमा अघि बढे सफलता हासिल गर्न सक्ने बताउनुभयो ।

उहाँले "रोम एकै दिनमा बनेको होइन" भन्ने भनाइ स्मरण गराउँदै भक्तपुर र ख्वप शिक्षालयहरूको इतिहास पनि लामो सङ्घर्ष, समर्पण र निरन्तर प्रयासबाट निर्माण भएको उल्लेख गर्नुभयो । ख्वप शिक्षालयहरू देशभरका विद्यार्थीहरूको विश्वासिलो शैक्षिक केन्द्रका रूपमा स्थापित भएको उहाँको भनाइ थियो ।

नयाँ पुस्ताले गलत प्रवृत्ति, भ्रम फैलाउने विचार र अस्वस्थ प्रभावबाट आफूलाई जोगाउनुपर्नेमा जोड दिँदै सही विचार, अध्ययन र अनुभवबाट व्यक्तित्व विकास गर्न सके मात्र समाज र राष्ट्रप्रति जिम्मेवार नागरिक बन्न सकिने उहाँले बताउनुभयो ।

उहाँले बाहिरी तथा भित्री व्यक्तित्व निर्माणमा विद्यार्थीहरू सचेत हुनुपर्ने धारणा राख्दै डिजिटल प्लेटफर्ममा अत्यधिक समय खर्चिनुभन्दा सामाजिक गतिविधि, अध्ययन, छलफल र सिर्जनात्मक कार्यमा सहभागी हुन सके प्रगतिउन्मुख जीवन निर्माण गर्न सहज हुने बताउनुभयो ।

ख्वप शिक्षालयहरू अहिले देशका विभिन्न जिल्लाबाट आएका हजारौँ विद्यार्थीहरूको साझा घर बनेको उल्लेख गर्दै उहाँले विशाल हृदय, उच्च सोच र कडा मेहनतका साथ अध्ययनमा लाग्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्थाले विद्यार्थीहरूले अपेक्षाअनुसार नतिजा प्राप्त गर्न नसकेको र हालको शैक्षिक प्रणालीमा सुधार आवश्यक रहेको धारणा उहाँले राख्नुभयो । उहाँले एसईईको उत्तीर्ण प्रतिशत सन्तोषजनक नभएको उल्लेख गर्दै त्यसलाई शिक्षा नीतिको कमजोरीसँग जोडेर समीक्षा गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरूले अध्ययनसँगै अनुशासनलाई विशेष महत्त्व दिनुपर्ने बताउनुभयो ।

ख्वप कलेजमा शिक्षक र विद्यार्थीको सक्रिय सहभागिता तथा गतिशीलताले सिकाइ प्रक्रियालाई जीवन्त बनाएको बताउँदै प्राचार्य श्रेष्ठले ख्वपमा सबै विद्यार्थीलाई समान अवसर र समान व्यवहार प्रदान गरिने बताउँदै समानताको भावनालाई व्यवहारमा उतार्न सबै विद्यार्थीका लागि एउटै पोसाक (ड्रेस) व्यवस्था गरिएको जानकारी पनि दिनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले ख्वप सर्कलको आधारशिला संस्था ख्वप माध्यमिक विद्यालय रहेको उल्लेख गर्दै यस शैक्षिक परिवारमा आबद्ध हुनु नै गर्वको विषय भएको बताउनुभयो ।

उहाँले ख्वप शिक्षालयहरू भक्तपुरवासीको मेहनत, त्याग र पसिनाबाट निर्माण भएको सम्पत्ति भएकाले यसको संरक्षण र विकासमा सबैले जिम्मेवारीबोध गर्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेश प्रताप मल्लले विद्यार्थीहरूले निरन्तर मेहनत गर्न छोड्न नहुने बताउँदै भविष्यमा जुनसुकै पेसा र क्षेत्रमा पुगे पनि समाजप्रति योगदान दिनुपर्ने धारणा राख्नुभयो । उहाँले नयाँ पुस्तामा धैर्यता, अनुशासन, अग्रजप्रति सम्मान र आफ्नो लक्ष्यप्रति स्पष्ट रहने गुण आवश्यक रहेको बताउनुभयो ।

ख्वप मावि र शारदा क्याम्पस माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले नगरपालिकाले माध्यमिक तहदेखि इन्जिनियरिङ, व्यवस्थापन, विज्ञान तथा अन्य उच्च शिक्षाका कार्यक्रम सञ्चालन गरी हजारौं विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउँदै आएको बताउनुभयो ।

कार्यक्रममा कक्षा १२ अध्ययनरत विद्यार्थीहरू छाया प्रधान, निर्भाना बज्राचार्य, कृति लामिछानेले पनि बोल्नुभएको थियो भने विद्यार्थी रविन बस्यालले गीत सुनाउनुभयो । कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति पनि देखाएका थिए ।

**सर्वहारा...**

आफू सबै कुरामा जान्ने-सुन्ने भएको दाबी गर्दै उनीहरू जनसमुदायबाट टाढिन्छन्, उनीहरूबाट सिक्न अस्वीकार गर्छन् र केवल उनीहरूको शिक्षक बन्न चाहन्छन् । उनीहरू जनसमुदायबिच सङ्गठन, प्रचार र शिक्षाको काममा संलग्न हुन हिचकिचाउँछन् । उनीहरू नोकरशाही र आदेशवादी प्रवृत्तिबाट ग्रस्त हुन्छन् । फलस्वरूप, जनसमुदायले उनीहरूलाई न त विश्वास गर्छन्, न त सम्मान गर्छन् र माया गर्ने त टाढाको कुरा हो । अन्ततः, उनीहरूले कुनै पनि राम्रो काम गर्न सक्दैनन् ।

हाम्रो देशको उत्तर भाग समाजवादतर्फ अघि बढिरहेको छ । यो लाखौं श्रमजीवी जनताको तीव्र आकाङ्क्षा हो । हाम्रो पार्टीको नेतृत्वमा श्रमजीवी जनसमुदायको यो एक सामूहिक प्रयास हो । समाजवादको निर्माणमा व्यक्तिवाद एउटा ठूलो बाधा हो । त्यसकारण, समाजवादको सफलतालाई व्यक्तिवाद उन्मूलनको सङ्घर्षको सफलताबाट अलग गर्न सकिँदैन ।

व्यक्तिवादका विरुद्ध सङ्घर्ष गर्नु भनेको 'व्यक्तिगत हितलाई कुल्चिनु' होइन । प्रत्येक व्यक्तिको आफ्नै चरित्र, उसका सबल पक्ष, उसको निजी जीवन र उसको परिवारको जीवन हुन्छ । जब व्यक्तिको हितले समष्टिको हितलाई बाधा पुऱ्याउँदैन, तब त्यसमा कुनै हानि हुँदैन । तर, मानिसले यो महसुस गर्नुपर्छ कि केवल समाजवादी व्यवस्थाअन्तर्गत मात्र प्रत्येक व्यक्तिले आफ्नो निजी जीवनमा सुधार गर्न सक्छ र आफ्नो व्यक्तित्व तथा आफ्ना सबल पक्षहरूलाई विकसित गर्न सक्छ ।

मानिसको सम्मान गर्ने, उसको वैध व्यक्तिगत हितमा उचित ध्यान दिने र ती हितहरू पूरा हुने कुरा सुनिश्चित गर्ने मामलामा समाजवाद र साम्यवादजस्तो अर्को कुनै व्यवस्था छैन । शोषकवर्गद्वारा शासित समाजमा यस वर्गका केही मानिसहरूको मात्र व्यक्तिगत हित पूरा हुन्छ, जबकि श्रमजीवी जनसमुदायको हितलाई खुट्टाले कुल्चिन्छ । तर, श्रमजीवी जनता मालिक हुने समाजवादी र साम्यवादी व्यवस्थाहरूमा प्रत्येक मानिस समष्टिको एउटा हिस्सा हुन्छ, त्यसमा एक निश्चित भूमिका खेल्दछ र समाजमा आफ्नो योगदान दिन्छ । त्यसैले त व्यक्तिगत हित समष्टिको हितभित्रै रहन्छ र त्यसैको एउटा अंश हुन्छ । जब समष्टिको हित सुरक्षित हुन्छ, तब मात्र व्यक्तिगत हित पूरा हुन सक्छ ।

व्यक्तिगत हित समष्टिको हितसँग घनिष्ठ रूपमा जोडिएको हुन्छ । यदि तिनीहरूबिच कुनै अन्तर्विरोध उत्पन्न भयो भने क्रान्तिकारी नैतिकताले व्यक्तिगत हितलाई समष्टिको हितका लागि त्याग्न माग गर्दछ ।

क्रान्ति निरन्तर अगाडि बढ्छ । पार्टी पनि त्यसरी नै बढ्छ । क्रान्तिकारी पनि त्यसरी नै अगाडि बढ्नैपर्छ ।

क्रान्तिकारी आन्दोलनमा करोडौं मानिसहरू संलग्न हुन्छन् । क्रान्तिकारी कार्यमा हजारौं अत्यन्त जटिल र कठिन कार्यहरू समावेश हुन्छन् । सबै जटिल परिस्थितिहरूको मूल्याङ्कन गर्न, अन्तर्विरोधहरूलाई स्पष्ट रूपमा देख्न र विभिन्न समस्याहरूलाई सही रूपमा समाधान गर्न सक्षम हुनका लागि हामीमा मार्क्सवाद-लेनिनवादको अध्ययन गर्ने हुटहुटी हुनैपर्छ ।

यसो गरेर मात्र हामीले आफ्नो क्रान्तिकारी नैतिकतालाई सुदृढ गर्न, आफ्नो दृष्टिकोणलाई दृढतापूर्वक कायम राख्न, आफ्नो सैद्धान्तिक तथा राजनीतिक स्तरलाई उच्च बनाउन र पार्टीद्वारा हामीलाई सुम्पिएका जिम्मेवारीहरू पूरा गर्न सक्छौं ।

मार्क्सवाद-लेनिनवादको अध्ययन गर्नु भनेको त्यस्तो दृष्टिकोण र भावना सिक्नु हो जसद्वारा मानिसले परिस्थितिलाई, अन्य मानिसहरूलाई र स्वयं आफूलाई बुझ्न र व्यवहार गर्न सकोस् । यसको अर्थ सार्वभौम मार्क्सवादी-लेनिनवादी सत्यहरूलाई हाम्रो देशको व्यावहारिक परिस्थितिअनुरूप रचनात्मक रूपमा लागू गर्नका लागि तिनको अध्ययन गर्नु हो । हामीले काम गर्ने उद्देश्यका साथ अध्ययन गर्नुपर्छ । सिद्धान्त र व्यवहार सँगसँगै जानुपर्छ ।

तर, केही कमरेडहरू मार्क्सवाद-लेनिनवादका केही पुस्तकहरू कण्ठ मात्र गर्छन् । उनीहरू आफूले मार्क्सवाद-लेनिनवादलाई अरू कसैले भन्दा राम्ररी बुझेको ठान्छन् । तापनि, जब व्यावहारिक समस्याहरूको सामना गर्नुपर्छ, उनीहरू कि त यान्त्रिक तरिकाले काम गर्छन् कि त अलमलमा पर्छन् । उनीहरूको भनाइ र गराइ मिल्दैन । उनीहरू मार्क्सवाद-लेनिनवादका पुस्तकहरू त पढ्छन् तर मार्क्सवादी-लेनिनवादी भावना आत्मसात् गर्ने प्रयास गर्दैनन् । उनीहरू केवल आफ्नो ज्ञानको घमण्ड देखाउन चाहन्छन्, त्यसलाई क्रान्तिकारी कार्यमा लागू गर्न होइन । यो पनि व्यक्तिवाद नै हो ।

व्यक्तिवादले सयौँ खतरनाक रोगहरूलाई जन्म दिन्छ : नोकरशाही, आदेशवाद, गुटबन्दी, आत्मपरकता (पूर्वाग्रह), भ्रष्टाचार, फजुलखर्च... यसले आफ्ना सिकारहरूलाई बाँधेर राख्छ र उनीहरूको आँखामा पट्टी बाँधिदिन्छ, जसले गर्दा उनीहरूको हरेक कार्य वर्ग र जनताको हितको चिन्ताद्वारा नभई सम्मान र पदको चाहनाद्वारा निर्देशित हुन्छ । व्यक्तिवाद समाजवादको एक क्रूर शत्रु हो । क्रान्तिकारीले यसको अन्त्य गर्नैपर्छ ।

वर्तमान समयमा, हाम्रो पार्टी र जनताको कार्य उत्तर भागको निर्माण गर्न, यसलाई बिस्तारै समाजवादतर्फ लैजान र देशको पुनःएकीकरणका लागि यसलाई एउटा बलियो आधारस्तम्भ बनाउनका लागि उत्पादन बढाउन र मितव्ययिता अपनाउन प्रयास गर्नु हो । यो अत्यन्तै गौरवशाली कार्य हो । पार्टी र श्रमजीवी युवा सङ्घका सम्पूर्ण सदस्यहरू, पार्टीभित्र र बाहिरका सम्पूर्ण कार्यकर्ताहरू पार्टी र जनताको सेवामा आफ्नो सम्पूर्ण जीवन समर्पित गर्न दृढ सङ्कल्पित बनून् । यो क्रान्तिकारीको उदात्त सद्गुण हो; यो क्रान्तिकारी नैतिकता हो; पार्टी र वर्गीय भावना हो; जसले पार्टी, वर्ग र जनताको विजय सुनिश्चित गर्दछ ।

क्रान्तिकारी नैतिकता आकाशबाट खस्दैन । यो दैनिक रूपमा गरिने दृढ सङ्घर्ष र प्रयासबाट विकसित तथा सुदृढ हुन्छ । जेड (एक प्रकारको बहुमूल्य पत्थर) जस्तै, यसलाई जति बढी पालिस गऱ्यो, यो त्यति नै बढी चम्किन्छ । सुन जस्तै, यसलाई जति बढी पगाल्यो, यो त्यति नै बढी शुद्ध हुँदै जान्छ ।

समाजवादको निर्माण र मानव जातिको मुक्तिमा एउटा महत्त्वपूर्ण योगदान पुऱ्याउनका लागि आफ्नो क्रान्तिकारी नैतिकताको विकास गर्नुभन्दा ठूलो खुसी र गौरवको स्रोत अरू के हुन सक्छ र !

म पार्टी र श्रमजीवी युवा सङ्घका सम्पूर्ण सदस्यहरू तथा पार्टीभित्र र बाहिरका सम्पूर्ण कार्यकर्ताहरूले कडा परिश्रम गर्नेछन् र प्रगति गर्नेछन् भन्ने हार्दिक आशा गर्दछु ।

स्रोत : https://en.prolewiki.org

**समाजवादी...**

साँच्चै परिवर्तन चाहँदैनन्; परिवर्तनको निम्ति लाग्दैनन् । कुन दल ठीक र बेठीकको आधार पुरानो र नयाँ दल पनि होइन । सही सिद्धान्त र विचारको आधार नयाँ र पुरानो दल होइन । कुनै पुरानो सत्तारूढ दलको सिद्धान्त गलत हुँदैमा सबै पुरानो दललाई उही दृष्टिले हेर्नु मनासिब हुँदैन । रास्वपा नयाँ दल होइन, रास्वपाका नेताहरू नयाँ होइनन् । नयाँ दल र नयाँ दलका नेता, मन्त्री, सांसद र कार्यकर्ताहरूमा जोश, जाँगर हुनु स्वाभाविक हो । उनीहरू काम गर्न हतारिन्छन्; आफूलाई सही व्यक्ति देखाउन अनेक प्रयास गर्छन् । अहिले पनि समाजमा सामन्ती अवशेष बाँकी छ । त्यसलाई पूर्णतः अन्त्य गर्नुपर्छ । त्यस्तै पुँजीपतिवर्गको व्यवस्था पनि बदल्नुपर्छ । अतः जनतामा समाज बदल्नुपर्छ भन्ने भावना जगाउनुपर्छ; जगाउन अभिप्रेरित गरिरहनुपर्छ । यस्तो काम सामन्तवर्ग र पुँजीपति वर्गको पार्टी र सरकारले गर्दैनन् ।

निर्वाचनमा हार जितका अनेक कारण हुन्छन् । निर्वाचनमा झूटको खेती हुन्छ । पैसाको राजनीति हुन्छ । लहैलहैमा मतदान गरिएको हुन्छ । बहुमत जनता राजनीतिक र वैचारिकरूपले स्पष्ट नभएसम्म, सचेत र सङ्गठित नभएसम्म, श्रमजीवीवर्गको हित हुने समाजवादी व्यवस्था चाहिन्छ भन्ने भावनाले सिञ्चित नभएसम्म यो पुँजीवादी व्यवस्थामा अनेक चलखेल, तिकडम, षड्यन्त्र, साम, दाम, दण्ड र भेदको राजनीति भइरहेको हुन्छ । समाजवादी व्यवस्थामा श्रमजीवीवर्गको हितमा ऐन कानुन बनाइएको हुन्छ; काम-मामको व्यवस्था गरिएको हुन्छ; स्वास्थ्योपचार, शिक्षा निःशुल्क गरिएको हुन्छ । अपराधीहरू सजायभागी हुन्छन् । सबैले न्याय, समानता पाउन, व्यक्तित्व विकास गर्ने अवसर पाउन आमूल परिवर्तन अपरिहार्य छ । त्यसकारण जनतामा समाज बदल्नुपर्छ भन्ने भावना जगाउनुपर्छ सो भावना जगाउन कार्यकर्ताहरू निरन्तर खटिरहनुपर्छ ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३